# परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

लोकको साहित्यलाई लोकसाहित्य भनिन्छ । लोक र साहित्य दुई शब्दको समास वा मेलबाट लोकसाहित्य शब्दको निर्माण भएको हो । जसमा लोकको अर्थ जन, जनता, मानिसहरू भन्ने हुन्छ भने साहित्यको अर्थ रचना हो । लोकबासीको जनबोलीमा वा मौखिक परम्परामा रहँदै आएको साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्यका विविध विधामध्ये उत्कृष्ट र लोकप्रिय विधाका रूपमा लोकगीतलाई लिइन्छ । लोकवासीले आफ्ना सुःख, दुःख, पीडा, रोदन, हर्ष, उत्सव, आँशु हाँसो आदि व्यक्त गर्न लय तथा भाका हालेर गाउने गीतलाई लोकगीत भनिन्छ । लोकगीतले मौलिकता एवम् आफ्नोपनको प्रस्तुति दिएको हुन्छ । खासगरी लोकगीत पहाडी क्षेत्रमा कुना, कन्दरा, लेकबेँसी, भञ्ज्याङ-चौतारी, पानी-पँधेरो, खेतबारी आदि ठाउँमा गाउने गरेको पाइन्छ । लोकगीत शिक्षित, अशिक्षित, बालक, वयस्क, वृद्ध सबै वर्गका मानिसले गाउन सक्ने, बुझिने भाषाशैली, मार्मिक र मन छुने हुने भएकाले लोकगीतको क्षेत्र व्यापक बनेको छ ।

नेपालको सबै भू-धरातल पूर्व मेचीदेखि पश्चिम महाकाली सबै क्षेत्रमा पूर्ण वा आंशिक रूपमा भए पनि लोकगीतको परम्परा रहेको पाइन्छ । नेपालको पश्चिमाञ्चल गण्डकी प्रदेश अन्तर्गतको पहाडी जिल्लामध्ये तनहुँ जिल्ला पनि एक हो । शुक्लागण्डकी नगरपालिका यही तनहुँ जिल्ला अन्तर्गत पर्ने नगरपालिका हो । शुक्लागण्डकी नगरपालिका-८, ढोरफिर्दी अलि उच्च स्थान तर सम्मो भौगोलिक क्षेत्र रहेको, कतै-कतै उच्च भौगोलिक क्षेत्र पनि ओगटेको वडा हो । यो वडालाई चारैतिर जङ्गलले घेरेको छ । न गाउँ, न शहर मानिने यो वडा डाँडैडाँडा तथा जङ्गलैजङ्गलको बीचमा रहेको छ । यो वडालाई उत्तरमा सुरौदी खोला र दक्षिणमा मान्द्रे खोलाले सिमाना छुट्टाएको छ ।

यस वडामा गुरुङ, मगर, बाह्मण, क्षत्री आदि विभिन्न जातजातिका मानिसहरू बसोवास गर्दछन् । त्यस्तै विभिन्न जात-जाति अनुसार भाषिक विविधता पनि पाइन्छ । जातीय र धार्मिक विविधता अनुसार तिनीहरूका चालचलन र परम्परामा विविधता पाइन्छ । यहाँका जनताहरूले छैंटी, न्वारन, पास्नी, व्रतबन्ध, विवाह, चौरासी पूजा जस्ता संस्कार कर्म र तीज, दसैं, तिहार आदि चाडपर्वहरू मनाउँछन् । यी चाडपर्व र संस्कार कर्म मनाउँदा

सम्बन्धित गीतहरू गाएर मनोरञ्जन गर्ने गरिन्छ । त्यसैले यहाँका चाडपर्व, संस्कार कर्म र लोकगीतको सम्बन्ध नङ र मासुको जस्तै रहेको छ । यहाँका लोकजीवनमा व्रतबन्ध र चौरासी पूजा जस्ता संस्कार कर्ममा भजन गीतहरू गाइन्छन् । विवाह व्रतवन्धमा कसार बर्टादा मागल गीत गाइन्छ । विवाह संस्कारमा वरको घरमा रत्यौली गीत गाइन्छ । त्यसैगरी तीजमा तीजगीत, दसैँमा मालसिरी, तिहारमा भैली र देउसिरे गीतहरू गाइन्छन् । धार्मिक अनुष्ठानका बेला भजन, कीर्तन जस्ता गीतहरू गाइन्छन् भने विभिन्न मेला जात्राहरूमा भ्याउरे, दोहोरी, रोइला जस्ता गीतहरू गाइन्छन् । त्यसैगरी खेतबारीमा काम गर्दा जेठेगीत, असारेगीत र दाइँ गीत गाउने गरेको पाइन्छ ।

यसरी गाइने विभिन्न प्रकारका गीतको मुख्य उद्देश्य मनोरञ्जन भएको पाइन्छ । यसका अतिरिक्त गीतहरूका विशेष अध्ययन गर्दै लोकगीतका उद्देश्यमा चरित्र निर्माण, समाज सुधारका लागि नैतिक उपदेश आदि रहेको पाइन्छ । त्यस्ता गीतहरूमा मानसिक यथार्थ र व्यावहारिक जीवनसँग सम्बन्धित विविध पक्षको यथार्थ चित्रण पाइन्छ । अनपढ, अशिक्षित र ग्रामीण महिला पुरुषबाट गाइने ती गीतहरूमा छन्द, अलङ्कार र रस जस्ता शास्त्रीय नियमका कुराहरू स्वतःस्फूर्त रूपमै आएका हुन्छन् । जसले गर्दा यहाँका लोकगीतबाट साहित्यिक आस्वादन पनि पाइन्छ । यस्तो परिस्थितिमा यहाँका लोकगीतको अध्ययन, अनुसन्धान र सम्बर्द्धन गरिनु आवश्यक छ । त्यसैले प्रस्तुत शोधपत्र ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतको सर्वेक्षण, वर्गीकरण र विश्लेषण शीर्षकमा केन्द्रित भएर यहाँका लोकगीतको विविध पक्षको अध्ययन गरिएको छ ।

## १.२. शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'ढोरफिर्दीमा प्रचलित लोकगीतको सर्वेक्षण, वर्गीकरण र विश्लेषण' रहेको छ ।

## १.३. शोध कार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तरगत पृथ्वीनारायण क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्ष ५४०-१ को दसौं पत्र प्रयोजनका लागि तयार गर्न लागिएको हो ।

## १.४. शोधको समस्या

प्रस्तत शोधपत्रको मुख्य समस्या नै शुक्लागण्डकी ढोरफिर्दीमा प्रचलित लोकगीतको सर्वेक्षण, वर्गीकरण र विश्लेषण हो । यही मूल समस्याभित्र केन्द्रित रही निम्नलिखित समस्यालाई समेटेर प्रस्तुत शोधपत्र सम्पन्न गरिएको छ ।

१. ढोरफिर्दीमा के-कस्ता लोकगीत प्रचलित छन् ?

२. ढोरफिर्दीका लोकगीतलाई के कसरी वर्गीकरण गर्न सकिन्छ ?

३. ढोरफिर्दीका लोकगीतहरूलाई के कसरी विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ ।

## १.५. शोधको उद्देश्य

यस शोधकार्यको मुख्य उद्देश्य अध्ययनको क्रममा देखा परेका समस्याहरूको समस्या समाधान गर्नु रहेको छ । तसर्थ प्रस्तुत शोधका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

१. ढोरफिर्दीमा प्रचलित लोकगीतको सर्वेक्षण र सङ्कलन गर्नु,

२. ढोरफिर्दीमा प्रचलित लोकगीतहरूको वर्गीकरण गर्नु,

३. ढोरफिर्दीमा प्रचलित गीतहरूको विश्लेषण र मूल्याङ्कन गर्नु ।

## १.६.पूर्वकार्यको समीक्षा

२००७ सालमा रेडियो नेपालको स्थापना पश्चात लोक साहित्यको विकास हुन थालेको हो । लोकसाहित्यको सङ्कलन र अध्ययन अनुसन्धान गर्ने कार्य हाल विभिन्न माध्यमबाट भइरहेका छन् । लोकगीतका विषयमा धेरै कृतिहरूमा चर्चा गरिएको पाइन्छ । त्रि.वि.अन्तर्गतका क्याम्पसहरूमा स्नातकोत्तर तह नेपाली विभागका विधार्थीबाट पनि लोकसाहित्यको अनुसन्धान कार्य भइनैरहेका छन् । अनुसन्धानका क्रममा सिमाना जोडिएको दुलेगौँडा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन तथा विश्लेषण भएको पाइएको छ तर ढोरफिर्दीमा प्रचलित लोकगीतका बारेमा तोकेर अध्ययन कार्य नभएको पाइएकोले यस क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन गर्न लागिएको हो । शीर्षकसँग मिल्ने लोकगीतको अध्ययन र अनुसन्धान धेरै कृतिहरूमा गरिएको पाइन्छ । त्यसमध्ये उल्लेख गर्नुपर्ने रचनालाई यहाँ क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

- धर्मराज थापाको 'गण्डकीका सुसेली' (२०३०) नामक पुस्तकमा नेपालको गण्डकी, धौलागीरी र लुम्बिनी अञ्चलमा प्रचलित लोक गीतको विभिन्न भेदको चर्चा गरेका

छन् । त्यस क्रममा ढोरफिदी क्षेत्रका लोक गीत बारे भने उल्लेख गरिएको छैन । यस पुस्तकले नेपाली लोक साहित्य भित्रको लोकगीतलाई राम्ररी परिभाषित गर्न मद्दत पुऱ्याएको छ ।

- विश्वप्रेम अधिकारीको 'पश्चिमाञ्चलका लोकगीत र परम्परा' (२०५८) पुस्तकमा पश्चिमाञ्चलमा प्रचलित केही गीतहरूको सामान्य चर्चा गरिएको छ । यसमा ढोरफिर्दी क्षेत्रमा प्रचलित केही गीतहरू समाविष्ट भए पनि ती गीतले ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतको प्रतिनिधित्व गरेका छैनन् ।
- हरिप्रसाद खनालको 'थप्रेक दुलेगौडा क्षेत्रमा प्रचलित लोकभजनको सङ्कलन, वर्गीकरण र विश्लेषण'(२०६०) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने क्रममा तयार गरिएको अध्ययनपत्रमा थप्रेक क्षेत्रमा प्रचलित लोकभजनको मात्र अध्ययन गरिएको छ । यसमा ढोरफिर्दी क्षेत्रमा प्रचलित केही भजन गीतहरू समाविष्ट भए पनि ती गीतले ढोरफिर्दी क्षेत्रमा प्रचलित समग्र लोकगीतको प्रतिनिधित्व गरेका छैनन् ।
- वेदबहादुर तामाङ लोरचनको 'तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातीमा प्रचलित सोरठ्ठी एक अध्ययन' (२०७२) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने क्रममा तयार गरिएको अध्ययन पत्रमा रानीपोखरी क्षेत्रमा प्रचलित सोरठ्ठी गीतको मात्र अध्ययन गरिएको छ ।
- दानबहादुर रानाभाटको 'तनहुँ जिल्ला भिरकोट गाविसमा प्रचलित मारुनी लोकगीतको अध्ययन' (२०७१) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने क्रममा तयार गरिएको अध्ययन पत्रमा तत्कालिन भीरकोट गाविसमा प्रचलित मारुनी लोकगीतको मात्र अध्ययन गरिएको छ ।
- प्रमिला अधिकारीको 'तनहुँ जिल्लाको बन्दीपुर क्षेत्रका लोकगीतका अध्ययन' (२०६८) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने क्रममा तयार गरिएको शोधपत्रमा बन्दीपुर क्षेत्रका लोकगीतको मात्र अध्ययन गरिएको छ तर ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतको सामान्य उल्लेख पनि नगरेको हुँदा यस क्षेत्रमा प्रचलित लोकगीतको अध्ययनको आवश्यकता ठानिएको हो ।

- कृष्णप्रसाद लम्सालको 'तनहुँ जिल्लामा प्रचलित घाटु लोकनाटक' (२०५२) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने क्रममा तयार गरिएको अध्ययनपत्रमा घाँटु लोकनाटकको मात्र चर्चा गरिएको छ ।
- लक्ष्मी पौडेलको 'तनहुँका महिला लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०६१) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने क्रममा तयार गरिएको शोधपत्रमा महिलाहरूले गाउने लोकगीतहरूको मात्र चर्चा गरिएको छ । यस शोधपत्रमा ढोरफिर्दी क्षेत्रमा प्रचलित केही गीतहरू समाविष्ट भए पनि ती गीतले ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतको प्रतिनिधित्व गरेका छैनन् ।
- रुद्रबहादुर थापा 'उत्तरी तनहुँका लोकगीतहरूको संकलन, वर्गीकरण, र विश्लेषण' ( २०६३) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने क्रममा तयार गरिएको शोधपत्रमा उत्तरी तनहुँमा प्रचलित लोकगीतको चर्चा गरिएको छ । यस शोधपत्रमा ढोरफिर्दी क्षेत्रमा प्रचलित केही गीतहरू समाविष्ट भए पनि ती गीतले ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतको प्रतिनिधित्व गरेका छैनन् ।
- राधिका धमलाको 'दुलेगौडा क्षेत्रमा प्रचलित गीतको अध्ययन' (२०७१) नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने क्रममा तयार गरिएको शोधपत्रमा साविकको दुलेगौडा गा.वि.स. र हालको शुक्लागण्डकी-४ वडामा प्रचलित लोकगीतहरूको चर्चा गरिएको छ । तर शुक्लागण्डकी-८, ढोरफिर्दी क्षेत्रको सामान्य उल्लेख पनि नगरेको हुँदा यस क्षेत्रको अध्ययन आवश्यकता ठानिएको हो ।
- अम्बिकाप्रसाद भट्टराई 'तनहुँ ढोरका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०५२) शोधपत्रमा ढोर क्षेत्र ढोरफिर्दी, राईपुर, फिरफिरे गरी ठुलो भौगोलिक क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन गरिएको छ । यस शोधपत्रमा ढोरफिर्दी क्षेत्रमा प्रचलित केही गीतहरू समाविष्ट भए पनि ढोरफिर्दी ८ नं. वडा क्षेत्रमा प्रचलित समग्र लोकगीतको प्रतिनिधित्व गरेका छैनन् । ढोरफिर्दी क्षेत्र त्यसमा पनि ८ नं. वडाभित्र मात्र केन्द्रित भएर लोकगीतलाई मिहिन तरिकाले अध्ययन र विश्लेषण गर्ने कार्य भने भएको छैन् ।

ढोरफिर्दी क्षेत्र लोकगीतको दृष्टिले महत्त्वपूर्ण क्षेत्र मानिन्छ । अध्ययनका अभावमा कतिपय लोकगीतहरू लोप हुँदै जाने क्रममा छन । यसरी लोप हुन लागेका र लोप भइसकेका लोकगीतहरूलाई खोजी गरी जनमानसमा ल्याउने वा व्यवस्थित अध्ययन

अनुसन्धान तथा विश्लेषण गर्ने र उल्लेखित गीतहरूको संरक्षण गर्ने हेतुले यो शोधपत्र तयार पार्न लागिएको हो । आशिंक रूपमा भए पनि यस क्षेत्रको लोकगीतका बारेका जान्न तथा अध्ययन गर्न इच्छुक अध्येताका लागि पनि सहयोग पुग्न सक्छ कि भन्ने उद्देश्यले ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतको सर्वेक्षण, वर्गीकरण र विश्लेषण शीर्षक राखी प्रस्तुत शोधपत्र तयार पार्न लागिएको हो ।

## १.७. शोधको औचित्य तथा महत्त्व

लोकसाहित्य मौखिक साहित्य हो । कतिपय लोकगीतहरू अध्ययन अनुसन्धानको कमीले गर्दा विस्तारै लोप हुँदै गएका छन् । त्यसैले यस क्षेत्रका लोकगीतहरूको पनि अध्ययन होस् प्रचलित लोकगीतहरू लोप हुन नपाओस् भनि ढोरफिर्दीलाई आधार बनाएर यस क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण, वर्गीकरण तथा विश्लेषण गर्न लागिएको हो । यस क्षेत्रमा प्रचलित लोकगीतलाई व्यवस्थित रूपमा गायन अवसरका आधारमा वर्गीकरण र गीतको अर्थगत विश्लेषणका साथै साहित्यिक सौन्दयका साधन अलङकार, रस र बिम्बका आधारमा पनि विश्लेषण गरिएको हुँदा प्रस्तुत शोधकार्य महत्त्वपूर्ण छ ।

यस शोधपत्रबाट त्यस क्षेत्रमा प्रचलित लोकसाहित्यका विधामा अनुसन्धान गर्न चाहनेहरूलाई र त्यहाँको रीतिरीवाज, चालचलन, भेषभूषा, संस्कार जान्न चाहनेहरूलाई उल्लेख्य लाभ मिल्ने छ । त्यस क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन गर्ने र जानकारी लिन इच्छुक जुनसुकै पाठकका लागि लाभदायक हुनेछ । त्यस्तै लोकगीतमा अध्ययन, अध्यापन गर्न जो कोहीलाई सहायता मिल्ने हुनाले प्रस्तुत शोधकार्यको महत्त्व र औचित्य स्वतः स्पष्ट रहेको छ ।

## १.८. शोधको सीमाङ्कन

शुक्लागण्डकी नगरपालिका तनहुँ जिल्ला अन्तर्गत पर्ने नगरपालिका हो । यही नगरपालिका अन्तर्गतको ८ नं. वडा ढोरफिर्दी क्षेत्रभित्र प्रचलित लोकगीतहरूको सङ्कलन वर्गीकरण विश्लेषणात्मक अध्ययनमा प्रस्तुत शोध कार्य केन्द्रित रहेको छ । यस वडाभित्र लालीम, पाटन, गणपते, लहरेपिपल, फिर्दी, डहरे टोलहरू पर्दछन् । प्रस्तुत शोधपत्र तनहुँ जिल्ला वा समग्र शुक्लागण्डकी नगरपालिकामा प्रचलित लोकगीतहरूलाई नहेरी ८ नं. वडा ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतलाई मात्रै आधार मानी यसै वडा भित्र सीमित रहेको छ ।

## १.९. शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्नका लागि निम्न लिखित दुईवटा अध्ययन विधिको प्रयोग गरिएको छ ।

क) सामग्री सङ्कलन विधि

ख) विश्लेषण विधि

### क) सामग्री सङ्कलन विधि

शोधकार्यका लागि आवश्यक सामग्री सङ्कलन गर्ने क्रममा क्षेत्रीय पद्धतिको प्रयोग गरिएको छ । यस वडा क्षेत्रमै स्थलगत भ्रमण गरी यहाँका स्थानीय वृद्धवृद्धा, युवायुवती, बालबालिकालाई भेटेर, पर्व, मेला, विवाह, व्रतवन्धमा संलग्न व्यक्तिसँग प्रत्यक्ष सहभागी भएर, गीत गाउन लगाएर मोवाइलको सहायताले रेकर्ड गरेर तथा भिडियो खिचेर गीतहरू सङ्कलन गरिएको हो । लोकगीतको सौद्धान्तिक परिचय दिन एवम् सङ्कलित लोकगीतहरूको विश्लेषण गर्न पुस्तकालय विधि पनि अपनाइएको छ ।

### ख) विश्लेषण विधि

प्रस्तुत शोधपत्र तयार पार्नका लागि सङ्कलित सामग्रीको विवेचना एवम् विश्लेषण गर्ने क्रममा र विश्लेषणात्मक पद्धतिलाई आधार मानेर विश्लेषण गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित रूपमा सम्पन्न गर्नका लागि निम्नानुसारका परिच्छेदहरूमा विभाजन गरी सम्बन्धित विषयको विश्लेषण गरिएको छ ।

परिच्छेद एक :- शोध परिचय

परिच्छेद दुई :- लोकगीतको सौद्धान्तिक परिचय

परिच्छेद तीन :-ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतको सर्वेक्षण तथा वर्गीकरण

परिच्छेद चार :- ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतको विश्लेषण

परिच्छेद पाँच :- सारांश तथा निष्कर्ष

परिशिष्ट खण्ड :- ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीत

# परिच्छेद : दुई

# लोकगीतको सैद्धान्तिक स्वरूप

## २.१. पृष्ठभूमि

मौखिक परम्परामा हुर्किएको एवम् एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अलिखित साहित्यलाई लोकसाहित्य भनिन्छ । 'लोक' शब्द अङ्ग्रेजीको 'फोक' (Folk) शब्दको समानार्थी रूपमा प्रयोग भएको पाइन्छ । लोकसाहित्य लोकजीवनका मौखिक परम्परामा हुर्केको हुन्छ । प्राचीन समयदेखि नै यस शब्दको प्रयोग भएको देखिन्छ । लोकसाहित्य लोकजीवनका विविध पक्षको चित्रण गर्ने साहित्य हो । वास्तवमा लोकसाहित्यको प्रचलन गाउँमा बढी हुन्छ । लोकसाहित्यले शिक्षित भन्दा अशिक्षित व्यक्तिको माझमा बढी प्रचलित भएको पाइन्छ । यो व्यक्ति विशेषको रचना भएर पनि सामुहिक हुन्छ अनि अलिखित भएर पनि जनमानसमा रहिरहन्छ (पराजुली, २०५७ : २६) । 'लोक' शब्दले सामान्यतया संसार वा जगत् भन्ने अर्थबोध गर्ने भए तापनि लोकसाहित्यसँगको यसको अर्थ स्पष्ट गर्दा यसले मानव समाजको ग्रामीण परिवेशमा मौखिक परम्परामा जीवित रहने अभिव्यक्ति भन्ने बुझाउँछ ।

लोकसाहित्य लोकजीवनको सहज तथा सरल अभिव्यक्ति हो । मौखिक रूपमा तत्काले रचना गरी व्यक्त हुने भएकाले लोकसाहित्यमा पटक-पटक संशोधन र परिमार्जन गर्ने अवसर पनि हुँदैन । यसकारण लिखित साहित्य जस्तो कलात्मक र गहन विचारहरूले ढाकिएको नहोला तर पनि लोकसाहित्य भित्रैबाट स्वाभाविक रूपले व्यक्त भएका भावनाहरूको अभिव्यञ्जना हो (बन्धु, २०५८ : २३) । मौखिक रूपमा व्यक्त हुने र तत्काले सुनेर ज्ञान र अनुभव गरिने हुँदा यसमा सरलताको मात्रा बढी हुन्छ । लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मौखिक साहित्य नै लोकसाहित्य हो । त्यसैले भन्न सकिन्छ लोकसाहित्य लोकजीवनमा कहिल्यै नहराउने अजर अमर साझा सम्पत्ति हो । लोकसाहित्यको अध्ययन गर्दा यसभित्र जाति, संस्कृति, रहन-सहन, भेषभूषा, समाज, परम्परा एवम् समग्र देशको छवि झल्केको पाउन सकिन्छ । लोकसाहित्यका विविध विधाहरू रहेका छन् । लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, लोककविता सिलोक, उखान टुक्का, गाउँखाने कथा आदि लोकसाहित्यका विधाहरू हुन् । यी मध्ये लोकगीत व्यापक क्षेत्र ओगटेको लोकप्रिय विधा हो । प्रस्तुत

शोधपत्रमा लोकगीतलाई नै अध्ययनको विषयक्षेत्र बनाइएको हुँदा अन्य विधाहरूको चर्चा नगरी यसलाई नै विशेष रूपमा विवेचना गरिएको छ ।

## २.२ लोकगीतको परिचय र परिभाषा

'लोकगीत' 'लोक' र 'गीत' दुई शब्दको संयोजनबाट बनेको छ । लोकगीत लोकको गीत षष्ठी तत्पुरुष समास भएर बनेको हो । लोकले स्वतः स्फूर्त रूपमा लयात्मक पाराले गाउने गीत नै लोकगीत हुन् । अङ्ग्रेजीको फोकसङ (Folk Song) को पर्यावाची शब्दको रूपमा देखिने लोकगीत जाति, समाज र ठाउँ अनुसार फरक-फरक रूपमा देखा पर्दै त्यस समाजको सुखदुःखको साथी बनेको हुन्छ । लोकगीतले सहरिया परिवेशभन्दा टाढा रहेका सर्वसाधारणहरूले मेलापात, उकालीओराली, ढिकी जाँतो गर्दा तथा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरूलाई बहन गरेको हुन्छ । नेपाली शब्दसागरले लोकगीतलाई जनतामा परम्परादेखि गाउँदै चल्दै आएको मधुर गीत भनेर अर्थ्याएको छ (शर्मा, २०७० : १५२४) । यसरी लोकगीत समाजमा बसोवास गर्ने जनताले निर्माण गरेको र परम्परादेखि चल्दै आएको लोकजीवनको लयात्मक अभिव्यक्ति हो भन्न सकिन्छ । नेपाली साहित्यकोशमा उल्लेख भए अनुसार लोकगीत लोकसाहित्यको एक प्रमुख अङ्ग मानिन्छ । यो सरल सुबोध र लोकप्रिय हुन्छ ।

लोकगीतमा लोकजीवनका आस्था, मान्यता, संस्कार, चालचलन, व्यवहार, परम्परा आदि पाउन सकिन्छ । लोकगीतमा लोकजीवनका सम्पूर्ण चित्र संस्कृति व्यवहार चालचलन आदि अभिव्यक्त भएको हुन्छ (बन्धु २०५८ : ११५) । लोकगीत लोकजीवनको सुखदुःखको साथी बनेको हुन्छ । लोकवासीले स्वर्तःस्फुर्त रूपमा आफ्नो अभिव्यक्ति लयात्मक रूपमा प्रकट गर्दा लोकगीतको रूप धारण हुने गर्दछ । यसभित्र धर्म, संस्कार संस्कृति परम्परा मान्यता सुखदुःख आँशु, हासो, रोदनको अभिव्यक्ति पाइन्छ । जसकारण लोकगीत लोकजनसाधारणको समष्टि रूप हो । महाकवि देवकोटाले मुनामदनमा सज्जनवर्गप्रति भन्ने उपशीर्षकमा 'झ्याउरे भनी नगरे हेला हे ! प्यारा सज्जन' भन्दै लोकगीतको झ्याउरे लयलाई महत्त्व दिएका छन् (देवकोटा, २०५४) । लोकगीतकै झ्याउरे लयमा रचिएको मुनामदन बढी भन्दा बढी मानिसले मन पराउने लोकप्रिय कृति बनेको छ । लोकगीत चोखो लय र शव्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ । त्यसैले मानव जीवनको

पहिलो प्रस्फुटन लोकगीत हो (थापा, २०३०) । सरल लय सहज शव्दको प्रयोगबाट जनजीवनलाई प्रभाव पार्ने लयात्मक अभिव्यक्ति लोकगीत हो । लोकगीतका सरल र स्पष्ट शव्दावलीले जनजीवनलाई गहिरो प्रभाव पार्दछ । लोकगीत लोकजीवनका रागात्मक अभिव्यक्ति, मानव सभ्यता र संस्कृति प्रकाश पार्ने जनताका हृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलबलाउने सहज गीति प्रवाह नै लोकगीत हो (पराजुली, २०५८ : १०२) । मानव सभ्यता र संस्कृतिको पहिचान बोकेको जनताका हृदयबाट बहने गीति प्रवाह नै लोकगीत हो । लोकले मौखिक रूपमा जीवित राखेको लोकहृदयको स्वतस्फूर्त, लयात्मक अनि गेय अवैक्तिक लोकगीत हो (न्यौपाने २०७१: ३) । चोक-चौपारी डाँडाकाँडा र वन अनि देउराली सँगै जमघट गरेर बस्दै र उठ्दै साँझ बिहान हरेक पलमा हृदयदेखि उन्मुक्त भावमा जुन गीत गुन्जन्छ त्यही गुन्जाइको गीत नै नेपाली जनताको लोकगीत हो (भट्टराई, २०५२ : ३८) । नेपाली समाजमा मौखिक परम्परामा हुर्कदै आएका गीतहरू नै लोकगीत हुन । यसरी विद्वान्हरूको परिभाषाले लोकगीतको केही न केही परिचय दिएकै छन् । विद्वान्हरूको परिभाषा र लोकगीतको अध्ययनबाट लोकगीतको परिभाषा यस्तो पनि बन्न सक्छ । “नेपाली समाजमा मौखिक परम्परामा हुर्कदै आएका लोकको रीतिरिवाज र संस्कार सुख दुःखको भाव बोल्ने लोकले गाउने गीतहरू नै लोकगीत हुन् ।” समाजको ऐतिहासिक संस्कार संस्कृति, परम्परा मानव आचारण सत्य तथ्य, घटना विवरण लोकसाहित्यबाट बुझ्न सकिन्छ । लोकगीतमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ । लोकगीत जाति, समाज र ठाउँ अनुसार फरक-फरक स्वरूपमा देखापर्दै त्यस समाजको सुख दुःखको साथी बनेको हुन्छ ।

### २.३ लोकगीतका तत्त्व

लोकगीतको निर्माणमा विभिन्न तत्त्वहरूको भूमिका रहेको हुन्छ । लोकसाहित्यका हरेक विधाहरूमा विधागत प्रवृत्ति अनुसार आ-आफ्नै तत्त्व रहेका हुन्छन् । एउटा पूर्ण लोकगीत बन्नका लागि त्यसमा लोकगीतमा आवश्यक तत्त्वहरूका बीच मेल हुनुपर्दछ । जसरी एउटा घर निर्माण गर्न सिमेन्ट, बालुवा, रड, फलाम, छड, ईटा, काठ आदि तत्त्वको आवश्यकता पर्छ त्यसैगरी लोकगीत निर्माणका लागि पनि विभिन्न तत्त्वको आवश्यकता पर्दछ । माथि उल्लेखित तत्त्वको समुचित मेलबाट सुन्दर घरको निर्माण भएजस्तै लोकगीतमा पनि आवश्यक तत्त्वको मेलबाट पूर्ण लोकगीतको बनेको हुन्छ । लोकगीतको

संरचनामा मुख्य ६ वटा तत्त्वहरूको संयोजन भएको पाइन्छ- कथ्य, भाषा, चरण वा पद स्थायी वा अन्तरा, रहनी-वथन र थेगो, लय र भाका (बन्धु, २०५८ : ११७) । बन्धुले माथिका ६ तत्त्वलाई अनिवार्य तत्त्व मानेका छन् भने नृत्य र वाद्य पनि लोकगीतमा पाउन सकिने तर अनिवार्य नहुने उल्लेख गरेका छन् ।

लोकगीतका तत्त्व प्रमुख र सहायक गरी वर्गीकरण गरिएको पाइन्छ । प्रमुख तत्त्वको रूपमा संरचना, लय, गेयता, कथनपद्धति, भाषा र भाव रहेका हन्छन् । यसका सहायक तत्त्वका रूपमा नृत्य, वाद्य आदि पर्दछन् (पराजुली २०५७ : ७६) । पराजुलीले लोकगीतमा संरचना तत्त्वलाई मुख्य तत्त्व मानेका छन् । संरचनासँगै लय, गेयता, कथनपद्धति भाषा र भावलाई अनिवार्य तत्त्व मानेका छन् । लोकगीतमा अनिवार्य र ऐच्छिक दुई तत्त्वहरू हुन्छन् । अनिवार्य तत्त्व अन्तर्गत भाषा, कथ्य, भाव, सङगीतात्मकता गायकगायिका र ऐच्छिक तत्त्व अन्तर्गत काव्यात्मकता, रहनी वा थेगो निरर्थक अंश, फाँकी स्थायी अन्तरा वाद्य नृत्य अभिनय पहिरन वा दर्शक आदि संरचना लोकगीतका तत्त्व हुन (आचार्य २०६० : २) । यहाँ अनिवार्य तत्त्व अन्तर्गत भाषा, कथ्य, भाव, सङगीत, गायकगायिका मानिएको छ । यहाँ अनिवार्य तत्त्व अन्तर्गत सङगीत, गायकगायिकालाईसमेत समेटिएको छ भने रहनी थेगो नृत्य र वाद्यलाई पनि ऐच्छिक तत्त्व मानिएसँगै काव्यत्मकता, पहिरन, दर्शक, र अभिनयलाई  ऐच्छिक तत्त्वको रूपमा थप गरिएको छ । लोकगीतको संरचना निर्माणमा प्रमुख तत्त्वहरूमा भाव, वा विचार, यद्देश्य, भाषा, शैली पर्दछन् (शर्मा र लुइटेल २०६३ : ७५-७६) । यसमा लोकगीत निर्माणका लागि विचार, भाव, उद्देश्य, शैली लय स्थायी अन्तरा थेगो जस्ता तत्त्वको संयोजनबाट लोकगीतको निर्माण हुने उल्लेख गरिएको छ । न्यौपानेले लोकगीतका तत्त्वअन्तर्गत सन्दर्भ, विषयवस्तु वा कथ्य, भाव, स्थायी अन्तरा र थेगो, लय, र शैलीलाई समेटेका छन् (न्यौपाने २०७० : ४-५) । न्यौपानेले विषयवस्तु, भाव, उद्देश्य, शैली, लय स्थायी अन्तरा थेगो जस्ता तत्त्वको मेलबाट लोकगीतको निर्माण हुने उल्लेख गदौ सन्दर्भलाई पनि समावेश गरेका छन् । कुन र कस्तो सन्दर्भमा गाइने गीत हो सोही अनुसार लोकगीतको निर्माण र लय निर्धारण गर्न सकिने भाव उल्लेख गरेका  छन् ।

उपर्युक्त समीक्षकहरूका धारणाबाट लोकगीतका तत्त्वमा केही समानता पाइए पनि एकरूपता भने पाइँदैन् । बन्धुले संरचना शीर्षक दिएर कथ्य, भाषा, चरण वा पद स्थायी वा अन्तरा, रहनी-वथन र थेगो, लय र भाकालाई महत्त्व दिएका छन् भने पराजुलीले संरचना कथ्य, भाषा लयसँगै गेयता र भाव तत्त्वलाई थप गरेका छन् भने स्थायी अन्तरा तथा

रहनीको उल्लेख गरेका छैनन् । तर ऐच्छिक तत्त्वको रूपमा भने दुवैले नृत्य र वाद्यलाई स्वीकार गरेका छन् । त्यसैंगरी आचार्यले अनिवार्य तत्त्व अन्तर्गत सङगीत, गायक गायिकालाई समेत समेटेका छन् भने रहनी थेगो नृत्य र वाद्यलाई पनि ऐच्छिक तत्त्व मानिएसँगै काव्यत्मकता, पहिरन, दर्शक, र अभिनयलाई ऐच्छिक तत्त्वको रूपमा थप गरेका छन् । त्यस्तै शर्मा र लुइटेलले भाव, वा विचार, उद्देश्य, भाषा, शैली जस्ता तत्त्वको मात्र उल्लेख गरेका छन् । प्रमुख र सहायक भनेर छुट्टाएका छैनन् । न्यौपानेले पनि तत्त्व शीर्षकमा केही अघिल्ला तत्त्वको चर्चासँगै लोकसन्दर्भ समेत उल्लेख गरेका छन् ।

नेपाली लोकगीतको अध्ययन र विभिन्न विद्वान्हरूका धारणाबाट आएको निष्कर्षबाट लोकगीतमा निम्नलिखित तत्त्वहरू रहेको पाइन्छ :

१ ) विषयवस्तु वा मूलभाव

२) लय,

३) स्थायी, अन्तरा, थेगो,

४) भाषा र

५) लोक सन्दर्भ

उल्लेखित तत्त्वहरूको वर्णन क्रमशः तल गरिएको छ ।

### २.३.१ कथ्य विषयवस्तु/मूलभाव वा सन्देश

लोकगीतको मुख्य साहित्यमा रसहरु नौ प्रकारका छन्: ती शृङगार, हास्य, करुण, वीर, रौद्र, भयानक, विभत्स, अदभूत, र शान्त, हुन् । नै विषयवस्तु कथ्य र मूलभाव नै हो । विषय सामाजिक, धार्मिक पौराणिक, ऐतिहासिक, भौगोलिक आर्थिक आदि जुन पनि हुन सक्छ । लोकगीतमार्फत् दिइने अभिव्यक्तहरू निश्चित विषय र भावसँग सम्वन्धित हुन्छन् लोकगीतमा कुनै न कुनै सन्देश वा भाव रहेको हुन्छ । सानो बालगीतदेखि पाकाले गाउने लामो संरचनायुक्त सबै प्रकृतिका गीतमा कुनै न कुनै विषयवस्तु र कुनै न कुनै भाव गासिएर आएको हुन्छ । लोकगीतमा मनोरञ्जन दिने, संस्कारको बचाउ गर्ने, सन्देश दिने जस्ता उद्देश्य पनि रहेका हुन्छन् । लोकगीतको विषयवस्तु सोही उद्देश्यसँग सम्बन्धित हुन्छ । सरल र सुबोध शव्दावलीद्वारा कुनै-कुनै गीतले मार्मिक र मन पगाल्ने भाव वा सन्देश बोकेको हुन्छ भने केही गीतले सामान्य सन्देश दिएको हुन्छ । जेहोस् लोकगीत जुनसुकै

विषयवस्तुको भए पनि गीतले केही न केही सन्देश दिएकै हुन्छ । त्यसैले लोकगीतको मुख्य तत्त्वको रूपमा विषयवस्तु मूलभाव वा सन्देश रहेको हुन्छ ।

### २.३.२ स्थायी, अन्तरा र थेगो

लोकगीतमा पटक-पटक दोहोरिने मूल अंशलाई स्थायी भनिन्छ । यसलाई छोपुवा, दुआ, टेको, रिटक, आदि पनि भन्ने गरिन्छ । यसले गीतको भाका र लय निर्धारण गर्ने काम गर्दछ । लोकगीतमा स्थायीलाई पटक-पटक दोहोत्याएर गाइन्छ यसबाट गीतको मुख्य भनाइ प्रस्तुत हुन्छ । अन्तरालाई बीच-बीचमा राख्दै गीतको विस्तार गरिन्छ (पराजुली र गिरी २०६८ : ३१) । स्थायी पदपछि गाइने मूल कथ्य अन्तरा हो । गायकले भन्न खोजेको मुख्य कुरा यस खण्डमा रहन्छ । यसलाई गेडा वा चरण पनि भन्ने गरिन्छ । प्रकृति, सामाजिक जनजीवन, धर्म नीति, रीतिरिवाज आदि गायकद्वारा प्रस्तुत गर्न खोजिएका अनुभूतीजन्य विषयहरू अन्तरामा प्रस्तुत गरिन्छ । पहिलो पङ्क्तिमा विभिन्न उदाहरण वा सम्बद्ध विषयको वर्णन गरी दोस्रो वा अन्तिम चरणमा मूल सन्देश प्रस्तुत गरिएको हुन्छ । कुनै गीतका दुवै पङ्क्तिमा सम्बद्ध विषय हुन्छन् भने कुनैमा पहिलो असम्बद्ध र पछिल्लोमा सम्बद्ध विषयवस्तु हुन्छन् ।

यस्तै, लोकगीतको अगाडि पछाडि जतापनि आउन सक्ने पद वा पदावली नै थेगो हो । यसलाई रहनी पनि भनिन्छ । जस्तै : 'हा हा' 'हो नि साच्चै' 'साइला दाइ' 'सालैजो', 'हे कान्छा' आदिलाई रहनी वा थेगो भनिन्छ । यो अन्तरा र स्थायी जुनमा पनि अगाडि-पछाडि जता पनि आउन सक्छ । यसले गीतमा मुख्य हाउहाउ भर्ने काम गर्छ ।

स्थायीले गीतको मुख्य भाव वा विषयवस्तु प्रस्तुत गर्दछ । भने थेगोले लय निर्धारणमा सहयोग र मधुरता थप्ने काम गर्दछ । तसर्थ स्थायी अन्तरा र थेगो लाकगीतको महत्वपूर्ण तत्त्व हुन् ।

### २.३.३ लय वा भाका

भाका लोकगीतको अर्को महत्त्वपूर्ण तत्त्व हो । भाकागत भिन्नताकै कारणले विभिन्न लोकगीतहरू छुट्टिन्छन् । जस्तै पूर्वेली भाका, डेउडा भाका, पश्चिमी भाका, ठाँडो भाका आदि लयगत विविधताकै कारण छुट्टिएका हुन् । लयगत भिन्नताकै आधारमा ठाँडो भाका, तेर्सो भाका भनी विश्लेषण गर्ने गरिन्छ । भाकाले ध्वनिहरूको मात्रा र क्रम निर्धारण गर्ने,

आन्तरिक सङ्गीत निर्माण गर्ने तथा गीतको शैली निर्धारण गर्ने कार्य गर्दछ । लोकगीतमा भाव वा विचारलाई अभिव्यक्त गर्ने र सम्प्रेष्य बनाउने, भावात्मक गहिराइमा पुत्याएर रागात्मक सहाचार्य प्रदान गर्ने काम लयमा आबद्ध पदावलीद्वारा हुन्छ (पराजुली २०५६ : ७७) । लोकगीत गाएर प्रस्तुत गरिने लोक  साहित्यको विधा हो गाउनलाई लय र भाका निर्धारण हुनुपर्दछ । कथ्य र भावलाई गहिराइमा पुगेर छलङग प्रस्तुत गर्नको निम्ति भाका तथा लयको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### २.३.४ भाषा

मानव अर्न्तमनका भावनालाई आपसमा आदान-प्रदान गर्नको निम्ति प्रयोग गरिने मानव उच्चारण अवयवद्वारा उच्चारित सार्थक ध्वनिहरूको समूह नै भाषा हो । भाषाको माध्यमबाट मनका भावना लयमार्फत् प्रकट हुँदा लोकगीतको निर्माण हुने हो तसर्थ भाषा लोकगीतको अनिवार्य तत्त्वको रूपमा रहेको छ । लोकगीतमा लोकभाषाको प्रयोग गरिएको हुन्छ । त्यसैले यसमा झरा र स्थानीय शब्दको बढी प्रयोग पाइन्छ । लोकगीतमा सरल र सहज सुबोध भाषाको प्रयोग पाइन्छ । भाषाकै माध्यमबाट लोकगीत प्रकट हुने भएको हुँदा भाषा लोकगीतको अनिर्वाय तत्त्व हो ।

### २.३.५ लोक सन्दर्भ

लोकगीतमा सन्दर्भ मिल्नुपर्दछ सन्दर्भ भन्नाले परिवेश तथा वातावरण भन्ने बुझिन्छ । लोकवासीले आफ्नै भञ्याङ चैतारीमा लेक र पाखा तथा गीतले बालेको परिवेश र वातावरणमा गाइएका गीत नै वास्तविक लोक गीत हुन् । खेत रोपाइको सन्दर्भयुक्त वातावरणमा गाएको गीत नै असारे गीत हुन्छ । माघको जाडोमा सिरक ओडेर असारे गीत गाउँदा त्यो गीत पनि ओजपूर्ण असारे गीत बन्न सक्दैन् । त्यसैले हरेक लोकगीतले आफू पुस्टिनका निम्ति आफ्ना सन्दर्भ खोजेका हुन्छन् (न्यौपाने २०७०:५) । अतः लोकको सन्दर्भमा गाइने गीत नै लोकगीत हुन । तसर्थ  लोकगीतमा सन्दर्भको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## २.४ लोकगीतका विशेषता

लोकगीत लोकसाहित्यका विभिन्न विधामध्ये सर्वाधिक लोकप्रिय विधा हो । लोकगीतमा समाजमा घट्ने विभिन्न घटनाहरू जीवन भोगाइका अनुभवहरू चालचलन रीतिरिवाज परम्परा, संस्कार आदिको जीवन्त सरल र जटिल अवस्थाको यथार्थ पक्ष तथा काल्पनिक पक्षलाई लोकगीतले समेटेको हुन्छ । विषेशगरी लोकगीत पर्व, उत्सव, मेलपात जाँदा, घाँस दाउरा गर्दा, गोठालो जाँदा, रमाइलो गर्न, सुखदुख व्यक्त गर्न, चिन्तित भएको बेला मन बहलाउन लगाउने गरिन्छ । लोकगीत केटाकेटीदेखि लिएर बुढाबुढीसम्मले निकै रुचिका साथ गाउने सुन्ने गरेको पाइन्छ । मानव समाजको विकाससँगै लोकगीतको विकास र विस्तार हुँदै आएको पाइन्छ ।

आदिकालदेखि प्रचलनमा आई विकसित हुँदै आएको व्यापक क्षेत्र ओगटेको लोकगीतका विशेषता यति नै छन् भनी किटान गर्न सकिँदैन । लोकगीतमा विषयगत, विविधता, भावगत, तीक्ष्णता, गेयत, अज्ञात, रचयिता, स्वतःस्फुर्त अभिव्यक्ति, परिर्वनशीलता, मौखिक, परम्परा, सरलता, सङक्षिप्तता, स्थानीयता,संगीतको सहचार्य, साहित्यिक, विशेषता, मङ्गल पुकार आदि विशेषताहरू रहेका हुन्छन् (पराजुली र गिरी, २०६५ : २७-२८) । लोकगीतका रचनाकार अज्ञात हुन्छ । यो गाउन योग्य सरल मीठो मन छुने खालको हुन्छ । भरपुर मनोरञ्जन दिनु र सन्देश प्रवाह गर्नु लोकगीतका महत्त्वपुर्ण विषशेता भित्र पर्दछन । लोकगीतमा तीव्रता/लयालुपन हुनु सरल सरस र प्रभाविलो अभिव्यक्ति तथा शव्दविन्यास हुनु, सार्वजनिक मौलिक संवेग पाइनु, सूक्ष्म विष्लेषणको अपेक्षा प्रभावोत्पादक स्थुल चित्रण हुनु, कृत्रिमता नहुनु स्थान र सामयिकताको प्रभाव पाइनु गरी लोकगीतका विशेषतालाई छ किसिमका बुँदाहरूमा समेट्न सकिन्छ (थापा र सवेदी २०४१ : ८२०) । लोकगीतमा सरल अभिव्यक्ति भएको पाइन्छ । पराजुलीका अनुसार लोकगीतमा अज्ञात रचयिता सामुहिक भावमुखी सहजता र स्वाभाविकता, मौखिक परम्परा, मौलिकता र सरलता कथन विविधता स्वच्छन्दता जस्ता विशेषताहरू रहेका छन् (पराजुली, २०५७ : १३८-१४०) । लोकको रचना भएको हुँदा लोकगीतमा सरल सहज भाषाशैलीको प्रयोग गरिएको हुन्छ । मौलिकपन र सामुहिक भावभूमि पाउनु लोकगीतको विशेषता हुन । उपयुक्त विद्धान्हरूका लोकगीतका विशेषतासम्बन्धी मतलाई अध्ययन गर्दा लोकगीतमा विभिन्न विशेषताहरू रहेको पाइन्छ । ती मध्ये केही मुख्य-मुख्य विशेषताहरूलाई क्रमशः चर्चा गरिएको छ :

### २.४.१ मौखिक परम्परा र परिवर्तनशीलता

लोकगीत लेख्य रूपमा नभएर मौखिक परम्परामा चल्ने लोकप्रिय विधा हो । लोकगीत एकपुस्ताबाट अर्को पुस्तामा, एक जिब्रोबाट अर्को जिब्रोमा सर्दै जाने विधा हो । लोकगीत मौखिक परम्पराबाट पुस्तान्तरण हुँदै आएका हुन्छन् । तिनीहरूलाई सुन्दै र ग्रहण गर्दै जोगाइएको हुन्छ (पराजुली र गिरी, २०६५ : २८) । लोकगीत एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै मौखिक परम्परामा हुर्कनु र विस्तार हुनु लोकगीतको प्रमुख विशेषता हो । लोकगीत एक व्यक्तिदेखि अर्को व्यक्ति, एक पुस्तादेखि अर्को पुस्तामा सर्दै जाने हुँदा यो परिवर्तनशील हुन्छ ।

### २.४.२ अज्ञात रचयिता

लोकगीतको रचना यसैले गरेको हो भन्ने कुनै निश्चितता हुँदैन । त्यसैले लोकगीत कुनै व्यक्तिको रचना नभई लोकको रचना हो । समयको गतिसगैं एक पुस्ताबाट अर्को पुस्ता र एक ठाउँबाट अर्को ठाउँमा सर्दै जाँदा यसले आफूमा पनि लगातार परिवर्तन ल्याएको हुन्छ । परिवर्तन हुँदै आए तापनि मूल भावनामा खासै परिवर्तन हुँदैन । गाउने प्रतिभाले गाएको लोकगीत ठाउँ, जाति, समय आदिका आधारमा फेरि अर्को लोकगायकको कण्ठबाट घट्छ, बढ्छ, सुध्रन्छ, सप्रन्छ र परिवर्तन हुँदै समाजमा फैलिदै जान्छ । यसैले खास लोकगीत कसले, कहिले र कहाँ सिर्जना गरेको हो भन्ने थाहा हुँदैन (न्यौपाने २०७० : ११) । लोकगीतको लिखित रूप रहँदैन त्यसले गर्दा कसले र कुन समयमा गीतको रचना गऱ्यो वा पहिलो रचनाकार गायककार को हुन् भन्ने ज्ञान हुँदैन एक व्यक्ति समाजबाट अर्को व्यक्ति तथा समाजलाई सुनाउने र सुन्ने गरिन्छ । यसमा रचनाकारको खोजी भने गरिदैन तसर्थ लोकगीतका रचयिता अज्ञात हुन्छ ।

### २.४.३ मौलिकता र सरलता

लोकगीत स्वभावैले स्वच्छ, सरल र सरस हुन्छ । लोकगीतमा प्रयुक्त भाषा आफ्नोपनको विशेषता रहेको हुन्छ । लोकगीतको स्रोत हाम्रो सामाजिक परिवेश, सेरोफेरो हो । हाम्रो चालचालन रीतिरिवाज हो । लोकगीतमा हाम्रो भोगाइ, सुख-दुःख, आनीबानी र त्यसबाट बनेका हुर्केका लहरहरू पाइन्छन् । त्यसैले लोकगीत हाम्रो जीवनको मौलिकताको प्रतिबिम्ब हो (अधिकारी, २०५८ : १) । लोकगीतमा व्यक्त हुने लयले सहजै हृदयलाई छुन

सकेको हुन्छ । त्यसैले लोकगीत मौलिकताले छताछुल्ल भएर रहेको हुन्छ । लोकगीतका विषय लोकसँग सम्बन्धित हुन्छन् र तिनका भाषा पनि कश्य रूपमा रहेको लोक बोलीमा आधारित हुन्छ (पराजुली र गिरी, २०६५ : २८) । लोकले सिर्जना गरेको र लोक भाषा तथा शब्दावलीको प्रयोग गरिने हुँदा मौलिकता र सरलता लोकगीतमा पाइने अर्को विशेषता हो ।

### २.४.४ सामूहिक अभिव्यक्ति

लोकगीत व्यक्ति विशेष रहेको हुँदैन कुनै व्यक्ति रचनाकारले लोकगीतको निर्माण गरे पनि यसमा वैयक्तिकताबाट माथि उठेर सामूहिकतालाई ग्रहण गर्दछ । एक ठाउँमा गाइएको लोकगति त्यस ठाउँको एक व्यक्तिको मात्र सीमित नभएर त्यो त त्यस समाजको सामूहिक सम्पति ठहर्छ । लोकगीतको निर्माण तथा विकास व्यक्ति-विशेषबाट नभई लोकसमूहबाट गरिन्छ र यसमा सामूहिक भाव वा विचार तथा सामाजिक मूल्य एवम् मान्यताको अभिव्यक्ति हुन्छ (लुइटेल, २०६३ : ७७) । लोकगीत सामूहिक मानवीय भावनालाई अभिव्यक्त गर्ने सशक्त माध्यम हो । लोकगीत कुनै व्यक्ति विशेषको नभई समूहले आत्मसाथ गरेको वा समाजबाटै चलको सिर्जना पनि हुन्छ । अतः सामूहिक भावभूमि पाइनु लोकगीतको अर्को विशेषता हो ।

### २.४.५ स्वतः स्फूर्त अभिव्यक्ति

लोकगीत  स्वतः स्फूर्त रूपमा आउने अभिव्यक्ति हो । लोकजीवनका सुखदःख तथा उकालीओराली गर्दा पर्व उत्सवमा रमाउदा आउने अभिव्यक्ति नै लोकगीत हो । यो स्वत स्फूर्त आँशु प्रवाहको रूपमा आएको हुन्छ । लोकगीतहरू चिन्तन मनन्का परिणाम होइनन् यस्ता गीतहरू धेरै समय लगाएर विचार गरेर रचिएका होइनन् । लोक मासका स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति नै लोकगीत हुन् (बन्धु २०५८ : ११५ ) । लोकगीतमा कृत्रिमता हुँदैन यो बेला परिस्थिति अनुसार आफै सिर्जना हुन्छ । त्यसैले स्वतः स्फूर्त अभिव्यक्ति लोकगीतमा पाइने अर्को विशेषता हो ।

### २.४.६ स्वच्छन्दता

लोकगीतको सिर्जना गण र छन्दको शास्त्रीय नियमअनुसार गरिएको हुँदैन समय र परिस्थिति अनुसार लोकको अनुभूति जे-जस्तो भाकामा पनि प्रस्फुटन हुन पाउँछन् । मुक्त

मनको स्वतन्त्र र स्वछन्द अभिव्यक्ति हुने हुँदा यसमा शास्त्रीय बन्धन हुँदैन । लोकगीत यहाँबाट यसरी गाउने भन्ने हुँदैन, जहाँ जसरी पनि गुनगुनाउन सकिन्छ, (न्यौपाने २०६० : १३-१४) । विविध वातावरण अनुसार सरल सहज रूपमा कुनै नियम र बन्धनमा नरही आफ्ना अभिव्यक्ति लयमार्फत् व्यक्त गर्न सकिन्छ । अतः स्वच्छदता लोकगीतको अर्को विशेषता हो ।

### २.४.७ प्रकृति चित्रण

लोकगीतले प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । प्रायः लोकगीतको पहिलो पङ्क्तिमा प्रकृतिको चित्रण र दोस्रो पङ्क्तिमा अर्थतात्त्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । वर्षभरिका विभिन्न ऋतुमा देखिने प्रकृतिका विभिन्न दृश्यलाई लोकगीतमा वर्णन गरिएको हुन्छ । वसन्तको हरियाली, वर्षाको झरी, वाद्यल, कुहिरो, बिजुली, खोला, भीरपाखा आदिको वर्णन लोकगीतमा गरिएको हुन्छ । प्रकृतिसँग तादाम्य भई हार्दिक अभिव्यक्ति पोख्ने क्रममा आफ्ना आँखाले देखेका र जीवनमा भोगेका कुरालाई लोकजीवनले टपक्क टिपेर गेयात्मक रूपमा प्रकट गर्दछ । यसरी लोकगीतमा प्रकृतिको चित्रण व्यापक भेटिनु यसको अर्को विशेषता हो ।

### २.४.८ प्रश्नोत्तर प्रवृत्ति

लोकगीतमा प्रश्नोत्तर प्रवृत्ति पनि रहेको हुन्छ । यस्तो प्रवृत्ति प्रायः युगल रूपमा गाइने दोहोरी एवम् झ्याउरे गीतमा बढी पाइन्छ । सहभागी दुई पक्षका बीचमा चर्को प्रश्नोत्तरात्मक सवालजवाफ पाइने यस्ता दोहोरी गीतले श्रोता एवम् गायक दुवैलाई अब के उत्तर आउँछ ? को जिज्ञासाले बारम्बार कुत्कुत्याइ रहन्छ । दोहोरी गीतमा प्रयोग हुने टुक्काहरू सरल एवम् रागात्मक रूपमा अभिव्यक्त भए पनि कतिपय टुक्काहरूमा वक्रोक्ति युक्त साहित्यिक कुराहरू पनि आएका हुन्छन् । यस्ता गीत गाउँदा जति सक्यो छिटो जवाफ निर्माण गर्नु पर्ने भएकाले गायकमा विशेष क्षमता हुनु आवश्यक हुन्छ ।

### २.४.९ स्थान र भाषिकाको प्रयोग

विभिन्न क्षेत्रअनुसार त्यहाँको भौगोलिक र प्राकृतिक बनोटको स्थान अनुसार नाम र त्यहाँ प्रचलित भाषा तथा भाषिका फरक-फरक हुने गर्दछन् । त्यसै अनुसार लोकगीतमा अर्थ सर्वग्राही भए पनि शब्दहरू फरक पर्न सक्छन् । लोकले शिष्ट मानक नेपाली भाषा

भन्दा त्यहाँको भाषिका प्रयोग गर्नु स्वभाविक नै हो । त्यसैले लोकले गाउने गीतमा त्यहाँको सेरोफेरो र भाषिकाको प्रयोग भएको पाइन्छ । भाषिकाको आधारमा कुन लोकगीत कुन भाषिकाको गायकले गाएको हो र कहाँबाट आएको हो सो कुरा छुट्याउन पनि सकिन्छ । यसरी स्थानको नाम र त्यस क्षेत्रका भाषिकाहरू पाइनु लोकगीतको आफ्नै निजी विशेषता हो ।

## २.५ लोकगीतको महत्त्व

लोकगीतको महत्त्व निकै रहेको हुन्छ । साहित्यको पहिलो खुट्किलो लोकसाहित्य हो भने लोकसाहित्यको जेठो विधा लोकगीत हो । समाजमा घट्ने घटनाहरू समाजको रोदन पीडा आँसु, हासो, मायाप्रेम, आस्था, धारणा संस्कार परम्परा आदि भाव लोकगीतमा प्रस्फुटन हुने हुँदा यसको महत्त्व अवर्णनीय छ । कुनै मनि ठाउँको इतिहास निर्माणमा लोकगीतको महत्त्वपूर्ण भूमिका रहन्छ । लोकगीतले समाजको विभिन्न पक्षलाई छोएको र उतारेको हुन्छ । पुर्खादेखि चलेको चालचलन, रीतिरिवाज, परम्परा, संस्कार, भोगेका सुखदुःख प्रमुख घटनाहरू लोकगीतबाट पाउन सकिन्छ । त्यसैले यसको महत्त्व अवर्णनीय रहेको छ । समाजको विकासक्रमलाई बुझ्न लोकजीवनका विविध पक्षलाई अध्ययन विवेचना गर्नका निम्ति लोकगीतले निकै सहयोग पुऱ्याउँछ । लोकगीतले लोकजीवनको सिङ्गो संसारलाई छोएको हुन्छ, फन्को मारेको हुन्छ र त्यसलाई इन्द्रेनी रङमा सिंगारिरहेको हुन्छ । यी नानाभाती दृष्टिमा लोकगीतको महत्व महिमान्वित र गरिमामयसमेत रहेको छ (पराजुली २०५८ : ८६) । लोकगीतले लोकजीवनका विविध पक्षलाई छोएको हुन्छ । लोकजीवनका रीतिरिवाज परम्परा संस्कार जोगाइराख्न र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आउने हुँदा तसर्थ लोकगीतको ठूलो महत्व रहेको छ ।

## २.६ लोकगीतको वर्गीकरण

लोकगीत लोक साहित्यको निकै सम्पन्न विधा भएकाले यसको क्षेत्र व्यापक छ । यो पहाडी श्रृङ्खलादेखि तराईका फाँट तथा हिमालको शिरसम्म व्यापक छ । यसले लोकजीवनलाई उनीहरूका भावनाहरू अभिव्यक्त गर्ने चाडपर्व, मेला, संस्कार, परिश्रम, धार्मिक कार्य तथा रीतिस्थितिहरूमासमेत साथ दिइएको छ । युगौंदेखि मौखिक परम्परामा हुर्कदै र समाजमा नजिकको नाता गाँस्दै अगाडि बढेको देखिने लोकगीतले व्यापक क्षेत्र

ओगटेको छ । लोकसाहित्यका विभिन्न विधामध्ये सबैभन्दा बढी सम्पन्न विधा मानिने लोकगीत विधालाई निश्चित मापदण्डको आधारमा वर्गीकरण गरेर विभाजन गर्ने अठोट गर्नु निश्चय नै कठिन छ । अन्य कतिपय देशमा लोकगीतको वैज्ञानिक अध्ययन भएको पाइए तापनि नेपालमा भने खासै हुन सकेको छैन । नेपाली लोकगीतको वैज्ञानिक अध्ययन त्यति हुन नसके पनि वर्गीकरणका प्रयास भने पर्याप्त मात्रामा भएका छन् ।

धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकगीतलाई. सामान्य गीत, ऋतु वा व्रतसम्वन्धि गीत, संस्कार गीत, कर्मगीत, पर्व गीत, लोकनृत्य वा नृत्यगीत र विविध गीत गरी सात भागमा विभाजन गरेका छन् (थापा र सुवेदी २०४१ : ९४) । प्रायः सबैजसो प्रचलित लोकगीतहरू यस वर्गीकरणमा समावेश भएका छन् ।

कृष्णप्रसाद पराजुलीले लोकगीतको विषयात्मक वर्गीकरण गर्दै वर्षचक्रका र जीवनचक्रसम्बन्धी लोकगीत गरी दुई किसिमले वर्गीकरण गरेका छन् । वर्षचक्र लोकगीतलाई (बाह्रमासे लोकगीत र ऋतुकालीन लोकगीत) गरी दुई भेद देखाएका छन् । ऋतुकालीन लोकगीत (पर्वगीत र कर्मगीत) गरी दुई किसिमका छन् । भने अर्कोतिर जीवनचक्र सम्बन्धी लोकगीतमा (संस्कारगीत, उमेर अवस्था सम्बन्धी गीत र नृत्यगीत) गरी तीन भेद छन् (पराजुली २०५७ : १४९) । लोकगीतमा महिनापिच्छे गाइने गीत बाहमहिनै गाइने गीत, जीवन गतिविधिसम्बन्धी गीत नै हुने हुँदा सो वर्गीकरण सान्दिर्भिक नै देखिन्छ ।

चूण्डामणि बन्धुले लोकगीतलाई मुख्य तीन प्रकारमा वर्गीकरण गरेका छन् । १. सहभागिताका आधारमाः (एकल गीत, दोहोरी गीत,समूह गीत) २. लय वा भाकाका आधारमा : (स्थानका आधारमा, जातका आधारमा ३. प्रकार्यका आधारमा : (धार्मिक गीतहरू ,अनुष्ठानमूलक तथा संस्कार गीत, ऋतुगीत तथा पर्वगीत, श्रमगीत (बन्धु २०५८ : १२१-१२२) । यस वर्गीकरणमा पनि प्रायः सबै प्रकारका लोकगीतहरू समावेश भएका छन् ।

पराजुली र गिरीले लोकगीतलाई मुख्यतः दुई प्रकारले वर्गीकरण गरिएको छ । जसअन्तर्गत १. सामान्यगीत (बाह्रमासे गीत, बह्रमासा गीत) २. विशेषगीत क) वर्षचक्रीय गीत(पर्वगीत,श्रमगीत), ख) जीवन चक्रीय गीत(संस्कार गीत) (ग) धार्मिक गीत घ) विविध गीत (पराजुली र गिरी २०६८: ३५) ।

यहाँ लोकगीतलाई प्रमुख दुई भागमा विभाजन गरिएको छ । सामान्य गीत जुनसुकै बेला र अवसरमा गाइने गीत सामान्यगीत हुन जसअर्न्तगत बाह्रमासे र बाह्रमासा गीत

रहेका छन् । बाह्रमासे गीतले बाह्रै महिना गाउन मिल्ने गीतलाई बुझाउँछ भने बाह्रमासा गीत भनेको बाह्रै महिनाको वर्णन भएको गीत हो । विशेषगीत खास बेला र अवसरमा गाइन्छ जसअन्तर्गत पर्ने वर्ष चक्रीयगीतमा कुनै वर्षका विभिन्न ऋतु र महिनामा गाइने पर्व गीत र श्रम गीतलाई लिन सकिन्छ । त्यसैगरी जीवन चक्रीय गीतभित्र रहेका संस्कार गीत र धार्मिक गीत मान्छेको जीवनका अनेक क्रियाकलाप संस्कृति, अवस्था र व्यवहारसँग सम्बन्धित छन् ।

कुसुमाकर न्यौपानेले लोकगीतलाई बाह्रमासे गीत, श्रमगीत, पर्वगीत र संस्कार, गीत गरी चार प्रकारमा वर्गीकरण गरेका छन् (न्यौपाने२०७०: ३१) । धार्मिक गीतलाई पनि बाह्रमासे गीतभित्र नै समावेश गरिएको छ । यहाँ यिनै चार प्रकारका गीतभित्र सबै प्रकारका गीतहरूलाई अटाइएको छ ।

अम्बिकाप्रसाद भट्टराईले लोकगीतलाई संस्कार गीत, पर्वगीत, श्रमगीत र बाह्रमासे गीत गरी चार प्रकारमा वर्गीकरण गरेका छन् (भट्टराई २०५२:४९ ) । धार्मिक गीतलाई पनि बाह्रमासे गीतभित्र नै समावेश गरिएको छ । यहाँ यिनै चार प्रकारका गीतभित्र सबै प्रकारका गीतहरूलाई अटाइएको छ ।

यस प्रकार विभिन्न विद्वान्द्वारा गरिएको लोकगीत वर्गीकरणबाट लोकगीतको पहिचान गर्न सजिलो भएको छ । यिनै वर्गीकरणको ढाँचालाई हेरेर नेपाली लोकगीतको अध्ययन गर्दा कृष्णप्रसाद पराजुली, चूडामणि बन्धु, र मोतीलाल पराजुली, जीवेन्द्र देव गिरीको वर्गीकरण उपयुक्त देखिन्छ । यसै वर्गीकरणलाई मान्दा सम्पूर्ण नेपाली लोकगीतहरू समेटिने र यसैका आधारमा एक रूपता आउने देखिन्छ । जसअनुसार लोकगीतलाई गायन अवसरका आधारमा निम्नानुसार वर्गीकरण गर्नु सान्दर्भिक देखिन्छ :

१) संस्कारगीत

२) पर्वगीत

३) कर्मगीत,

४) धार्मिक गीत

५) बाह्रमासे गीत

### २.६.१ संस्कार गीत

मानव जातिको गर्भाधानदेखि मृत्युपर्यन्त गरिने संस्कारमा गाइने गीत नै संस्कार गीत हुन् । संस्कारको अर्थ स्वच्छन्दता तथा अवगुण, दोष वा कमजोरीलाई हटाएर परिष्कार वा शुद्ध गर्नु भन्ने हुन्छ बढ्दो शहरीकरण र आधुनिक सभ्यताले गर्दा विस्तारै-विस्तारै यस्ता संस्कार गीतहरू पनि ह्रासोन्मुख अवस्थामा छन् ।

संस्कृतिले मानवीय विचारमा रहेका कमजोरी, अवगुण र दोषलाई हटाएर परिष्कार वा शुद्ध पार्ने काम गर्दछ । त्यसैले मानिसले आफ्नो धर्म र संस्कृतिको आधारमा जन्मदेखि मृत्युसम्म विभिन्न प्रकारका संस्कारहरू गरिरहेको पाइन्छ । कतिपय व्यक्तिले आफूलाई अनुकूल हुने गरी नयाँ-नयाँ संस्कारको निर्माण पनि गरेको देखिन्छ । यिनै विभिन्न संस्कारका क्रममा गाइने गीत नै संस्कार गीत हुन् (पराजुली, २०५७ : १७४) । संस्कार गीतले अवगुण र कमजोरीलाई हटाउन र अनुशासित बन्न प्रेरित गरेको हुन्छ । संस्कृतिले मानवीय विचारमा रहेका कमजोरी, अवगुण र दोषलाई हटाएर परिष्कार वा शुद्ध पार्ने काम गर्दछ । त्यसैले मानिसले आफ्नो धर्म र संस्कृतिको आधारमा जन्मदेखि-मृत्युसम्म विभिन्न प्रकारका संस्कारहरू गरेको पाइन्छ । यिनै विभिन्न संस्कारका अवसरमा गाइने गीत नै संस्कार गीत हुन् । नेपाली समाजका हरेक जातिमा जन्म, छैँठी, न्वारन, विवाह, जस्ता संस्कारहरू प्रचलित रहेका छन् ।

### २.६.२ ऋतुकालिन पर्वगीत

प्राकृतिक अवस्थाअनुसार वर्षभरिको वातावरणमा देखिने परिवर्तन र तदनुसार हुने समय विभाजनलाई ऋतु भनिन्छ । धार्मिक साँस्कृतिक वा सामाजिक दृष्टिले महत्त्वपूर्ण मानिने समयलाई उत्सव वा चाडपर्व भनिन्छ । दसैं, तिहार, तीज, गौरा, होरी वसन्त आदि नेपाली समाजका चाडपर्व हुन् । यिनै चाडपर्वसँग सम्वन्धित मालसिरी, भैलो, देउसी, भुओ, तीजे, होरी आदि गीतहरू पर्व गीतहरू हुन् (पराजुली र गिरी २०६८ : ५४) । नेपाली लोकजीवनमा पर्वगीतले विशिष्ट स्थान राखेको देखिन्छ । यस्ता पर्वगीतले मानव हृदयका सुखदुःखलाई केही समयसम्म बिर्साएर हर्षको अनुभूति दिने गर्दछन् । ऋतु परिवर्तनसँगै नेपाली समाजमा विभिन्न चाडपर्वहरू मनाइन्छ । दसैं, तिहार, तीज, गौरा, होली, वसन्त आदि त्यस्ता चाडपर्वहरू हुन् । यिनैसँग सम्बन्धित मालसिरी, देउसी, भैली तीज, होली गौरा, आदि गीतहरू प्रचलित छन् ।

### २.६.३ कर्मगीत

खेतीपातीसँग सम्बन्धित काम गर्दा गाइने गीत कर्मगीत हो । नेपाल कृषिप्रधान देश भएकाले रोपाइँ, गोडाइ र दाइँका अवसरमा विभिन्न गीत गाइन्छन् । खासगरी सङ्गीतमय वातावरणमा काम गर्दा काममा पनि आनन्द आउने हुँदा यस्ता गीतहरू गाउने गरेको पाइन्छ । कर्मगीतलाई श्रमगीत पनि भनिन्छ । मकै गोडदा, धान रोप्दा गाइने गीतहरू कर्मगीत वा श्रमगीत हुन् (अधिकारी २०६५ : ३३) । नेपाली कृषिप्रधान देश भएका कारणले बाह्रै महिना कृषिसम्बन्धी काम गर्नु पर्ने हुन्छ । नेपालका विभिन्न भूभागमा खन्ने, जोत्ने, धान रोप्ने, गोडमेल गर्ने बाली थन्काउने आदि कार्यमा बेग्लाबेग्लै विशेषता भएका गीतहरू गाइन्छन् । श्रम गीतहरूमा प्रायः बाजा बजाइँदैन । अवस्था हेरी एकल वा सामूहिक रूपमा काम गर्दा यी गीत गाइन्छन् । यिनका विषय धर्मकर्म, सामाजिक संस्कार भन्दा बढी सामाजिक समस्यासँग सम्बन्धित हुन्छन् । जेठे, असारे, साउने भदौरे, दाँइ गीत आदि कर्मगीत अन्तर्गत पर्दछन् ।

### २.६.४ धार्मिक गीत

मानसिक शान्ति र सन्तोष दिने क्रममा विभिन्न देवीदेवताहरूको नित्यपूजा, ब्रर्त तथा उपसना गरी गाइने गीत नै धार्मिक गीत हुन् । धार्मिक गीतहरू विशेषगरी देवीदेवता तथा भगवान्को नाम जोडेर तिनैसँग सम्बन्धित भएर गाइने गरिन्छ । यस्ता गीतहरू कुनै कुनै दैनिक रूपमा गाइन्छन् भने कुनै विशेष संस्कार वा पूजाआजाका क्रममा गाइन्छन् । धार्मिक कार्यका अवसरमा कार्यसिद्धिको कामनाले गाइने गीत भएकाले यस्ता गीतहरूलाई धार्मिक गीत भनिएको हो । यस्ता गीतहरूले आत्मिक सन्तुष्टि र मानसिक शान्ति दिने गर्दछन् । शिव र पार्वतीसँग सम्बद्ध गीत, हनुमानको गीत, रामभक्तिका गीत, कृष्णलीलासँग सम्बद्ध गीत आदि नेपाली समाजमा प्रचलित छन् ।

### २.६.५ बाह्रमासे गीत

बाह्रैमास वा महिनामा गाइने गीतलाई बाह्रमासे गीत भनिन्छ । बाह्रमासामा बाह्र महिनाको वर्णन हुन्छ भने बाह्रमासे गीतमा त्यस्तो नहुन सक्छ । बाह्रमासा गीत पनि एक प्रकारका बाह्रमासे गीत नै हुन् । बाह्रैमास वा बाह्रै महिनामा गाउने गीतलाई बाह्रमासे गीत भनिन्छ । भ्याउरे, बाह्रमासा, रोइला, कौरा, सेलो, हाँकपारे, थेगो, टुङना, सँगिनी, सालैजो,

डेउडा, चुड्का र दोहोरी गीतहरू यसभित्र पर्दछन् (पराजुली र गिरी २०६८ : ८५) । मानव मनका दुःख, पीडा, आँसु, हाँसो र मायाप्रीति आदिका रूपमा रहेका यी गीतहरू बालकदेखि वृद्धसम्म सबैका लागि प्रिय छन् । गीत गाउनका लागि कुनै खास पर्व, ऋतु वा संस्कारको अवसर पर्खन नपर्ने बाह्रै महिना मनोरञ्जनका निम्ति गाइने गीत नै सामान्य गीत वा बाह्रमासे गीत हुन् । बाह्रमासे गीतलाई सदावहार गीत पनि भनिन्छ (बन्धु, २०५८) का अनुसार यस्ता गीतहरू सामान्य गीतभित्र पर्दछन् । यिनलाई गाउनका लागि कुनै पर्व, ऋतु, वा संस्कार सम्वद्ध अवसर तथा कुनै अनुष्ठानको खाँचो पर्दैन । यी गीतहरू गाउँघर, वनपाँखा, लेकबँसी जतातातै गाइन्छन् । जस्तै गोठाले, भ्याउरे, रोइला, दोहोरी, कौरा, सेलो, सालैजो, देउडा आदि भाकाका गीतहरू यसभित्र पर्दछन् ।

## २.७ निष्कर्ष

लोकगीत भनेको लोक हृदयको स्वतस्फूत लयात्मक अभिव्यक्ति हो । यो लोकमा अति प्रचलित लोकप्रिय विधा हो । लोकगीतको पूर्ण संरचनाका लागि विषयवस्तु वा भाव, उद्देश्य लय, स्थायी अन्तरा थेगो, तथा भाषा जस्ता तत्त्वको अनिवार्यता रहेको हुन्छ । मौखिक परम्परा, अज्ञात रचयिता, मौलिकता र सरलता, सामूहिक भाव, गेयता स्वतःस्फूर्त अभिव्यक्ति, स्वच्छन्दता प्रकृति चित्रण प्रश्नोत्तर प्रवृत्ति, कथन विविधता, भावगत तीक्ष्णता परिवर्तनशीलता, संङक्षिप्तता स्थान र भाषिकाको प्रयोग आदि लोकगीतका विशेषताहरू हुन् । लोकगीतहरू लोकजीवनसँग सहज र स्वभाविक भएका हुन्छन् । ती गीतलाई सम्झनाका लागि लिखित रूपमा खासै राखेको पाइँदैन ।

लोकगीतहरू मैखिक परम्परामा जिवित रहेका हुन्छन् । त्यस्ता गीतमा सरलता सङक्षिप्ता, मौलिकता, स्वच्छन्दता, हार्दिकता बढी पाइन्छन् । लोकगीतले लोकजीवनका रीतिरिवाज, परम्परा, संस्कार एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आएको हुन्छ । सामाजिक जीवको चित्रण गर्ने, समाजलाई एकजुट पार्ने वा सामाजिक परम्परालाई बलियो पार्ने कार्य गर्ने हुँदा लोकगीतको समाजमा निकै ठूलो महत्त्व रहेको छ । नेपाली लोकगीतहरूको वर्गीकरणका सन्दर्भमा एकरूपता ल्याउन र सबै गीतहरूलाई समेटी अध्ययन तथा अनुसन्धान कार्यलाई अगाडि बढाउन संस्कारगीत, ऋतुकालीन पर्वगीत, श्रमगीत-कर्मगीत, धार्मिक गीत, बाह्रमासे गीत गरी वर्गीकरण गर्नु उपयुक्त ठहरिन्छ ।

## परिच्छेद : तीन


# ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन तथा वर्गीकरण

### ३.१ ढोरफिर्दी क्षेत्रको परिचय

नेपालको पश्चिमाञ्चल गण्डकी प्रदेश अन्तर्गतको पहाडी जिल्लामध्ये तनहुँ पनि एक हो । यस जिल्लामा ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरेर १० वटा स्थानीय तहहरू रहेका छन् । शुक्लागण्डकी नगरपालिका यहीँ तनहुँ जिल्ला अन्तर्गत पर्ने नगरपालिका हो । यो नगरपालिका १६५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएर रहेको छ । यस नगरपालिकामा २०६८ सालको जनगणना अनुसार कुल ५८ हजार जनसङ्ख्या रहेको पाइन्छ । यही शुक्लागण्डकी नगरपालिका ८ नं. वडा क्षेत्रलाई ढोरफिर्दी क्षेत्र भनेर चिनिन्छ । किंवदन्ती अनुसार सेती गण्डकीबाट शुक्लागण्डकी र ढोर राज्यबाट ढोरफिर्दी नाम रहन गएको हो ।

### ३.१.१ भौगोलिक अवस्था

पश्चिमाञ्चल क्षेत्रमा पर्ने गण्डकी अञ्चल अन्तर्गत तनहुँ जिल्लाको शुक्लागण्डकी अन्तर्गतको ८ नं. वडा ढोरफिर्दी क्षेत्र एक नगरउन्मुख अन्तर्गत पर्ने वडा हो । यस ढोरफिर्दी क्षेत्र अन्तर्गत गणपते, लालीम, डहरे, फिर्दी, लहरेपिपल, र पाटन पर्दछन् । यस वडाको अधिकांश स्थान समथर भए पनि केही स्थानमा भने पहाडी जमिन रहेको छ । यस क्षेत्रमा हरिया डाँडाकाँडाको रमणिय स्थल खोलानाला र वनजङगल रहेका छन् । यहाँका वनजङगलमा पहाडी जडिबुटी पाउन सकिन्छ ।



### ३.१.२ प्राकृतिक सम्पदा

नेपालका हरेक ठाउँहरू प्राकृतिक सम्पदाले धनी छन् । त्यसैले यस ढोरफिर्दी क्षेत्रलाई पनि प्राकृतिक सम्पदाले घेरेको पाइन्छ । यस क्षेत्रलाई कल-कल बग्ने खोलानाला र बोटबिरुवा तथा वनजङगलले घेरेको छ । यहाँका वनजङगलमा विशेष गरी साल, सिमल, चाप, बाँस, कटुस चिलाउने जस्ता रुखहरू पाइन्छन् । त्यसैगरी जडिबुटीका रूपमा प्रयोग गर्न सकिने खालका बोटबिरुवा पनि यहाँ पाउन सकिन्छ । घरायसी फलफूलको रूपमा अम्बा, कागती, भोगटे, लिचि, मेवा, काफल, अमला, कटहर अमरा, जस्ता फलफूल पाइने गर्दछन् ।

यस क्षेत्रको वनजङगलमा खान पाइने फलफूल, तरकारी र जडिबुडी गरेर विभिन्न ७३ चिजहरू पाउन सकिने स्थानीय फिर्दी निवासी ८३ वर्षिय रुद्रबहादुर बानियाँको खोजले देखाउँछ । यस क्षेत्रका प्राकृतिक सम्पदामा महिना र मौसम अनुसारका वनजङ्गलमा पाइने र खान मिल्ने तरकारी, फलफुल फेला पर्दछन् । जसमा यस क्षेत्रमा बाह्रैमास कालोपुरानीको पानी, खोले साग, हाँडे ऐशेलु, पतना, पानी निहुरो, माने जस्ता खाद्य वस्तु फेला पर्दछन् । यसैगरी वैशाख महिनामा हाँडे काफल, ऐसेलु, सिमलको जरा, जेठमा जामुनो, चिउरी, किँहु काफल, रानी गिठा, मौरी, धोविनी फूलको रस, गिठ्ठा, डमरुकाँडा दाना, कालो निहुरो लगायतका खाद्यवस्तु यहाँका वनजङ्गलमा फेला पर्दछन् । यस्तै असारमा मइनगट्टा, असारे, फागुनमा बिमिरो, साउनमा क्यागुनो, छत्रेको कुकुना, भदौमा अर्चल, अम्बा, पनियल, खनियो, ठोटनेको दाना, नियारो दाना, डमरुको दाना, बासको तामा, टुसा, असोजमा मुसुरे कटुस, सिडगुस, कार्तिक मंसिरमा अमला, कटुस, दङ्गेउली, भक्केमलो, कालो पुरेनी दाना, पुसमाघ बारुलो, झिँगेबारुलो, कठेउरी, बच्छिम, गोलकाक्री असुराको फूलको रस, चरी अमिलिको कोसा, माघमा बनतरुल, भ्याकुर, जगटे भ्याकुर, तीजु, अमिली, फागुनमा पानीअमला, बेल, दमाहा, मियल, मधेशे काँडा, जलुको र चैतमा अमारो, मकरकाँची, सीमल तरुल, चुत्रो, त्यागलुङ, भुइँ काफल, सिप्लीगान, बन केरा, बन टारी, अँगेरी, धँयरी रस, बेडुलो, कोकरके आदि वन्य खाद्य सामग्रीका स्रोतका रूपमा यहाँको वनजङ्गल रहेका छन् ( स्रोत रुद्रबहादुर बानियाँ, वर्ष : ८३, फिर्दी) । यस्तै ढोरफिर्दीमा रहेका स-साना खोला र वनजङ्गलले यस क्षेत्रलाई प्राकृतिक दृष्टिले सुन्दर बनाएको छ ।

### ३.१.३ सांस्कृतिक अवस्था

आम नेपालीले अगाल्ने गरेको धार्मिक सांस्कृतिक परम्परा जस्तै ढोरफिर्दी क्षेत्रका मानिसहरूको पनि आफ्नै किसिमको धार्मिक सांस्कृतिक परम्परा रहेको छ । यस क्षेत्रमा पनि नेपालका अन्य भेगमा जस्तै साना ठूला शिवालय मन्दिर र गुम्बा रहेका छन् । यस क्षेत्रमा हिन्दू धर्मलम्बीहरूमा ब्राहमण, क्षेत्री, ठकुरी, नेवार, दमाई, कामी र बौद्ध धर्मालम्बीहरूमा गुरुङ, मगर, भोटे आदिको बसोबास छ । यस क्षेत्रका बौद्ध धर्मालम्बीहरूले गुम्बामा र हिन्दू धर्मालम्बीहरूले मन्दिरमा पूजा गर्ने गर्दछन् । यहाँका प्रायःजसो मानिसहरूले घर-घरमा मन्दिर बनाएर नित्य पूजा गर्ने गर्दछन् । यसका अलवा टोलटोलमा स-साना मन्दिर बनाइएका छन् र सोही मन्दिरमा पनि पूजाआजा गर्ने गर्दछन् । यस क्षेत्रको प्रख्यात मन्दिरको रूपमा ढोरबाराही मन्दिर नै हुन् । यो मन्दिर फिर्दीको फाँटभन्दा माथि टाँकुरामा रहेको छ । यस मन्दिरमा यस क्षेत्रका बाहेक छिमेकी जिल्ला र अझैँ देशैभरका लाखौं भक्तजनको भिड लाग्ने गर्दछ । त्यसैगरी बौद्ध धर्मालम्बीहरूको धार्मिक स्थल, बौद्ध गुम्बा ढोरफिर्दीको हिलेघाटमा अवस्थित छ । बौद्ध गुम्बाको वरपर तिव्वती मूलका शरर्णार्थी शिविर वा निवास पनि रहेको छ । यो बौद्ध गुम्बामा यिनै भोटे लामाहरूले नित्य पूजापाठ गर्ने गर्दछन् ।

### ३.१.४ सामाजिक अवस्था

ढोरफिर्दी क्षेत्रमा विशेष गरी बाहुन, क्षेत्री, गुरुङ, मगर भोटे, दमाई, कामी, घर्ती जातिहरूको बसोबास रहेको पाइन्छ । यस क्षेत्रका मानिसहरूमा क्षेत्री बाहुनका महिलाहरू विशेषगरी साडी, ब्लाउज, चोलो लगाउँछन् भने अन्य जातिका महिलाहरू विशेषगरी लुङ्गी टिसर्ट आदि लगाउने गर्दछन् । आजकालका युवतीले भने प्रायः जसो टिसर्ट, पाइन्ट, र कुर्तासुरुवाल लगाउने गर्दछन् । पुरुषहरूले भने फेसन अनुसारका सर्ट, पाइन्ट, कोट, इस्टकोट लगाउने गर्दछन् ।

यस क्षेत्रका धेरैजसो क्षेत्री, बाहुन, ठकुरी दमाई कामी घर्ती जातजातिले हिन्दू धर्म नै मान्ने गर्दछन् । क्षेत्री बाहुनको बसोबास बढी भएकाले हिन्दू र्धम मान्नेहरूको सङख्या बढी नै छ । यहाँका मानिसहरू हिन्दू परम्परा अनुसार न्वारन, भातखुवाइ, व्रतवन्ध, विवाह र मृत्यु संस्कार गर्ने गर्दछन् । विशेष गरी यस क्षेत्रमा क्षेत्री, बाहुन परिवारमा वा हिन्दू धर्मालम्बीहरूले दसैं, तिहार, तीज, र जनैपूर्णिमा मुख्य चाडको रूपमा मनाउने गर्दछन् ।

त्यस्तै बौद्ध धर्मालम्बी गुरुङ, मगरले ल्होसार र मुस्लिमहरूले इदलाई मुख्य चाडको रूपमा मनाउने गर्दछन् ।

यहाँका मानिसहरूले विवाह, व्रतवन्धमा मागल र रत्यौली गीत गाउने गर्दछन् । त्यसैगरी विभिन्न चाडपर्व, उत्सव तथा मेलापातमा काम गर्दा र पूजाआजाको अवसरमा भजन, चुड्का, गाउने प्रचलन भने सबै जातजातीमा रहेको पाइन्छ । गुरुङ, मगर समुदायमा भने रोदी बस्ने गरेको पाइन्छ तर आजभोलि भने विशेष पर्व तथा अवसरमा बाहेक रोदी बस्ने प्रचलन भने हराउँदै गएको छ ।

### ३.१.५ आर्थिक अवस्था

विकास निर्माणमा पछाडि परेको यो ढोरफिर्दी क्षेत्र प्राय गाउँनै गाउँ भएको हुँदा अधिकांश मानिस खेतीपाती र वैदेशिक रोजगारीमा नै निर्भर छन् । न सहर, न गाउँ मानिने शुक्लागण्डकी ढोरफिर्दी क्षेत्रलाई अर्धसहरी क्षेत्र मान्न सकिन्छ । यद्यपि यहाँको आर्थिक अवस्था भने राम्रो नै रहेको छ । यस क्षेत्रमा खेतीयोग्य र समथर राम्रो जग्गा रहेको छ । यहाँका मानिसहरूको आयआर्जनको मुख्य पेशा कृषि हो । ढोरफिर्दी क्षेत्रलाई आलु उत्पादनको क्षेत्र भनेर पनि चिन्ने गरिन्छ । यस क्षेत्रमा आयआर्जनका स्रोतहरूमा आलु लगायत अन्य तरकारी बाली बेमौसमी खेती र नगदे बालीहरू नै मुख्य रहेका छन् । त्यस्तै यहाँका केही मानिसहरूले कुखुरापालन, भैँसीपालन, माछापालनसमेत गरेर आर्थिक आयआर्जन गर्ने गरेको पाइन्छ । यस क्षेत्रको शैक्षिक अवस्था पनि राम्रै रहेको हुँदा कसैकसैले शिक्षक, पण्डित, कर्मचारी, सेना, पुलिस जस्ता कार्य अङ्गालेका छन् भने कोही-कोही अर्थोपार्जनका लागि विदेशिएका पनि छन् । यहाँ उत्पादन हुने मुख्य अन्नबालीमा धान, मकै, गहुँ आदि हुन् ।

## ३.२ ढोरफिर्दीमा प्रचलित लोकगीतको वर्गीकरण

ढोरफिर्दी क्षेत्र लोकगीतको दृष्टिकोणले उर्वर क्षेत्र मानिन्छ । लोक साहित्यिक सम्पदाले निकै धनी यो क्षेत्रका जनताको लोकगीत प्रमुख सम्पत्ति हो । यस क्षेत्रमा पनि देशभर गाइने धेरैजसो लोकगीतहरू गाइन्छन् । यहाँका ब्राह्मण, गुरुङ, मगरहरूले गर्ने सोह्रवटै संस्कारका साथै चाडपर्व, मेलाजात्रा, खेती, किसानी र धार्मिक कार्यहरू सबैमा लोकगीतले साथ दिइरहेका हुन्छन् । यहाँ विभिन्न संस्कार, चाडपर्व तथा कर्मका अवसरमा

भिन्न-भिन्न लय एवम् प्रस्तुति भएका लोकगीतहरू गाउने गर्दछन् । कतिपय संस्कार र अवसरहरूमा लोकगीतको सम्बन्ध अपरिहार्य हुन्छ । लोकगीतविना ती खास अवसर र संस्कारहरू व्यर्थ ठानिन्छन् । विशेष अवसर बाहेक अन्य बेलामा पनि गीतहरू गाएर सुख-दुःख आदान-प्रदान गर्ने तथा मनोरञ्जन गर्ने गरिन्छ । त्यसैले यस ढोरफिर्दी क्षेत्रमा सङ्कलित लोकगीतका प्रवृत्ति एवम् स्वरूपलाई केलाउँदा र विभिन्न विद्वान्हरूले गरेका लोकगीतका वर्गीकरणलाई आधार मान्दा यहाँका लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । वर्गीकरण गरी अध्ययन गर्न सकिने प्रमुख आधारहरूमध्ये गायन अवसरलाई मूल आधार मानेर सङ्कलित लोकगीतहरूको वर्गीकरण निम्न अनुसार गरिएको छ -

| | |
|---|---|
| (क) संस्कार गीत = | मागल गीत, रत्यौली गीत |
| (ख) पर्व गीत = | तीजका गीत, मालश्री गीत, देउसी भैली गीत, होली गीत |
| (ग) श्रम (कर्म) गीत = | जेठे गीत, असारे गीत, दाइँ गीत |
| (घ) धार्मिक गीत = | आरती गीत, भजन कीतन गीत, चुड्का, बालन |
| (ङ) बाह्रमासे गीत = | झ्याउरे, दोहोरी गीत, सालैजो गीत, ठाँडो भाका, सुनिमयाँ गीत, दोहोरी गीत, सिलोक बाल गीत, कौरा |

### ३.२.१ संस्कार गीत

मानव जातिको जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कारमा गाइने गीत नै संस्कार गीत हुन् । संस्कारको अर्थ स्वच्छता तथा अवगुण, दोष वा कमजोरीलाई हटाएर परिष्कार वा शुद्ध गर्नु भन्ने हुन्छ । मानिसले आफ्नो धर्म र संस्कृतिको आधारमा जन्मदेखि-मृत्युसम्म विभिन्न प्रकारका संस्कारहरू गरेको पाइन्छ । संस्कारका परिवेशमा आ-आफ्ना जातीय संस्कार अनुसार गीतहरू गाउने प्रचलन हुन्छ । जन्म, मरण, विवाह, न्वारन, छैठी आदिमा यस्ता संस्कार गीतहरू गाइन्छन् (अधिकारी २०६५ : ३१) । यिनै विभिन्न संस्कारका अवसरमा गाइने गीत नै संस्कार गीत हुन् । ढोरफिर्दीका गीतमा विवाहको समयमा गाइने मागल तथा रत्यौली गीत संस्कार गीतको रूपमा देखा पर्दछन् । यी संस्कारसम्बन्धी गीतहरूको चर्चा निम्नानुसार गरिएको छ ।

### ३.२.१.१ मागल गीत

व्रतबन्ध, विवाह आदि कार्य गर्दा गाइने गीतलाई मागल गीत भनिन्छ । मागललाई कतै माहल, सगुन आदि भन्ने गरिन्छ । वास्तवमा मङ्गल कामना गर्दा गाइने गीत नै मागल गीत हुन् । विवाह वत्रवन्ध आदि शुभकार्यमा मंगल कामना गर्दै गीतहरू गाउने गरिन्छ । जुन गीतलाई ठाउँ परम्परा अनुसार माल, माहल, र मोहल पनि भनिन्छ । माहल गीतमा मंगल कार्यमा जम्मा हुनुपर्ने आफन्तहरूका बारेमा पनि प्रशस्त भनिएको हुन्छ ( अधिकारी २०५७ : ३९) । मागल गीत गाउँदा कुनै किसिमको बाजाको प्रयोग गरिदैन । यस ढोरफिर्दी क्षेत्रमा खासगरी विवाह र व्रतबन्धको अघिल्लो दिन कसार बटार्ने समयमा मागल गीत गाउने गरिन्छ । मागल गीत गाउदा संगीतमय वातावरणको माहोल बन्छ र मनोरञ्जन प्रदान गर्दछ भने कसार बटार्न सामेल नारीहरूले गीत गाउँदै काम गर्ने भएकाले विना थकान काम गरेको महसुस गर्ने छन् ।

*आकाशैकी दिँदै पातालैकी बहिनी*
*काँमा होला हाम्रो भेट ।*
*जहिलेमा होला बाबाज्यूको आँगनीमा शुभकार्य*
*उहिलेमा होला हाम्रो भेट ॥*

*(मागल गीतको बाँकी अंश परिशिष्टमा समावेश गरिएको छ ।)*

### ३.२.१.२ रत्यौली गीत

विवाहमा दुलहालाई बेहुली लिन पठाइसकेपछि दुलहाको घरमा आफन्त तथा गाउँभरिका महिलाहरू भेला भएर गाउने लोकगीत नै रत्यौली गीत हो । विवाहमा पुरुषहरू बेहुली लिन हिँडेपछि महिलाहरू बेहुलाको घरमा भेला भएर निःसङ्कोच स्वतन्त्र रूपमा हास्यव्यङ्ग्यात्मक पाराले रत्यौली गीत गाउने गर्दछन् । पहिले पहिले विवाह गर्दा दुई दिन लाग्ने गर्दथ्यो अघिल्लो दिन बेहुलाको घरबाट हिँडेका जन्ती बेहुलीको घरमा पुगेर रातभरि विवाह गर्ने र बिहानपख बेहुली लिएर घर फकिन्थे यसरी बेहुली लिएर घर नर्फकिदासम्म रातीमा गीत गाएर बसिने हुँदा यस अवसरमा गाइने गीतलाई रत्यौली गीत भनिएको हो । त्यस्तो रातमा पुरुषहरू नहुने र महिलाहरूको बाहुल्य हुने भएको हुँदा नारीहरूको स्वतन्त्रतापूर्वक प्रायः रतिरागात्मक शृङ्गार रसयुक्त गीतहरू गाउने गर्दछन् । तर आजकाल भने विवाह एकैदिनको हुने गर्दछ । विशेषगरी बिहान बेहुली लिन हिँडेका जन्ती बेलुका

बेहुली लिएर फर्किसक्छन् । जेहोस् बेहुली लिन हिँडेपछि बेहुलाको घरमा आज पनि रत्यौली गीत गाउने परम्परा यथावत छ । रत्यौली गीतमा अश्लील शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । महिलाहरू पुरुषको भेष धारण गरेर नाँच्ने मनोरञ्जन गर्ने गर्दछन् । ढोरफिर्दीमा प्रचलित रत्यौली गीतको नमुना तल प्रस्तुत गरिएको छ -

**(क)** *आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥*
*गयौं बाबु फूलमाला भिरेर*
*दूधको भारा सारीले तिरेर*
*आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥*

**(ख)** *बाबुले ल्याएको झोला*
*मैले खोल्न होला कि नहोला*
*छोराले ल्याएको झोला*
*खोलेदेखि देवघाटको वास होला ॥*

**(ग)** *नरोई-नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई*
*भाग्यमानी रैछै नि नानी*
*असल केटा भेटायौ जुगजानी ।*
*नरोई-नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई*
*आँखाबाट नझार आँसु*
*आमाजस्तै शीतलु छन सासु ।*
*नरोई-नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई ॥*

**(घ)** *भइहाल्यो छँयाइ-छँयाइ*
*गाउरी धन ल्याउनी बेला भो ।*
*अझैं पनि पुगेन धोका,*
*रातो डोली बाबुले त्यही रोक ।*
*बाटो छोड दायाँ र बायाँ,*
*जीवन साथी लिएर म आएँ ।*

*(रत्यौली गीतका बाँकी अंश परिशिष्टमा समावेश गरिएको छ ।)*

### ३.२.२ पर्वगीत

मानव जीवनमा चाडपर्व तथा उत्सवको निकै महत्त्व रहन्छ । वर्षभरी नै हरेक जातीले आ-आफ्ना रीतिस्थितिअनुसार विभिन्न चाडपर्वहरू मनाउने गर्दछन् । चाडपर्वहरू मानव हितका अभिन्न अङ्ग हुन् । मानिसलाई गासवास र कपासको आवश्यकता परेजस्तै मनोरञ्जनको पनि उत्तिकै आवश्यकता पर्दछ । चाडपर्वमा परिवार तथा आफन्त एक ठाउँमा भेला हुने माया साटासाट गर्ने गाउने नाँच्ने गरी विभिन्न तरिकाबाट मनोरञ्जन लिने गरिन्छ । यसरी पर्व वा उत्सवको अवसरमा गाइने गीतहरू नै पर्वगीत हुन् । पर्वगीत विशेष चाडबाड र मौसममा गाइन्छन् । भदौमा तीज आउँदा गाउने तीजे गीत, असोजमा दसैँ आउँदा मालसिरी र कार्त्तिकमा तिहार आउँदा गाइने भैलो र द्यौसी त्यस्तै प्रकारका पर्वगीत हुन् (अधिकारी, २०६५ : ३१) । हाम्रो समाजमा दसैँ, तिहार, तीज, फाँगु आदि निश्चित प्रकारका चाडपर्वहरू सबै जात-जातिले आ-आफ्ना संस्कृति र परम्परा अनुसारका चाडपर्वहरू मनाउने गर्दछन् । यी चाडपर्वहरूमा आफ्नै प्रकारका भेषभूषा, लोक वाद्य र लोकनृत्यको प्रयोग गरी पर्व गीतहरू गाइने गरिन्छ ।

ढोरफिर्दीका लोकगीतमा पनि पर्वगीतको प्रभाव र स्थान आफ्नै प्रकारको रहेको छ । यस क्षेत्रमा विभिन्न पर्वहरूमा विशेष प्रकारका पर्वगीतहरू गाउने चलन रहेको छ । भाद्र महिनामा तीजको गीत, दसैँमा मालसिरी, तिहारमा देउसी भैली, होली आदि गाइन्छ । यी गीतहरू चाडपर्वका समयमा मात्र गाइन्छन् । पर्वगीतहरूको परिचय र नमूना तल दिइएको छ :

#### ३.२.२.१ तीजका गीत

तीजको पर्व हिन्दू नारीहरूको ठूलो र रमाइलो सांस्कृतिक पर्वका रूपमा प्रसिद्ध रहेको छ । तीज पर्वको अवसरमा गाइने गीतहरू नै तीजगीत हुन् । तीज पर्व भाद्र शुक्ल तृतीयादेखि पञ्चमीसम्म मनाइने हुँदा तीजका गीतहरू पनि यिनै दिनहरूमा नै गाइन्छन् । तीज पर्व खासगरी भाद्रशुक्ल तृतीयादेखि पञ्चमीसम्म मनाइने तीजको पौराणिक कथासँग जोडिएर आएको छ नारीहरूले सौभाग्य र समृद्धिका निम्ति धार्मिक परम्पराअनुसार शिव-पार्वतीको उपसना र पूजा गर्ने, भाद्र शुक्ल तृतीयाको दिनलाई तीज हरितालिका भनिन्छ ( पराजुली, २०५७ : १५७) । यही अवसर पारेर नारीहरूले मात्र गाउने एक प्रकारको लोकगीतलाई तीजगीत भनिन्छ । तीजको महत्त्व व्रत बस्नु र पूजा गर्नुमा मात्र सीमित

छैन । यसको महत्त्व महिलाहरूको नाँच्ने गाउने कार्यक्रम, 'दर' भनेर मीठो खाने नयाँ पोशाक लगाउने त्यसमा छ (अधिकारी, २०५८ : ३३) । देशका अन्य भेगमा जस्तै ढोरफिर्दीमा पनि तीज पर्वको ठूलो महत्त्व रहेको छ । यस पर्वलाई स्त्री जातिकै महान् पर्वका रूपमा लिइन्छ । विशेष गरी विवाहित हिन्दू नारीहरूले आफ्ना पतिको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै अटल सौभाग्यको चाहना पूरा होस् भनी व्रत बसी, पूजा आजा गरेर, तीजपर्व मनाउने गर्छन् । तीज पर्वमा व्रत बस्नाले विवाहित नारीका श्रीमान्को आयु वृद्धि हुन्छ भने अविवाहित नारीले इच्छाएको वर पाउँछन् भन्ने जनविश्वास रहेको पाइन्छ ।

तीज पर्वको मुख्य आर्कषण नै मीठा-मीठा खानेकुरा 'दर' खानु र नाँच्ने, गाउने कार्यक्रम हो । तीजको अघिल्लो दिन मीठा-मीठा परिकारहरू (दर) खाने र भोलिपल्ट निराहार व्रत बस्ने परम्परा रहिआएको छ । नेपाली नारीहरूले भोग्नुपरेका अभाव, दुःख, पीडा, व्यथा, अन्याय आदि आवाज यस पर्वमा बढी गुञ्जने गर्दछन् । आफ्नो घरको पीडा र व्यथाहरू माइतमा बसी साथीभाइ जम्मा भई थपडी, मादल बजाइ कम्मर मर्काइ-मर्काइ घुमी-घुमी नाचिने यस पर्वले नारी जातिलाई ठूलो स्वतन्त्रता प्रदान गरेको मानिन्छ । ढोरफिर्दीमा गाइने गीतहरू विभिन्न विषयसँग सम्बन्धित छन् । दुःख, पीडाका तथा विपत्तिका कथा व्यथाहरू यहाँका गीतमार्फत् पोखिन्छन् । छोराछोरी प्रतिको भेदभाव, देवीदेवताको भक्ति, गर गहनाको मोह, अपराधिक घटनाको वर्णन, सासूले बुहारीलाई गर्ने व्यवहार, छोरीले कर्मघरमा पाउने पीडा तथा दुःख आदि गीतहरू यस क्षेत्रमा प्रचलित छन् । यहाँ प्रचलित तीजगीतको नमुना तल प्रस्तुत गरिएको छ -

**(क) छोराछोरीप्रतिको भेदभाव**

*उही कोखाको छोरालाई कापी कलम किनदिनी*
*उही कोखाको छोरीलाई डोको बुन्दिनी ।*
*कल्ले लाउन दिन्छ र बल्ले खान दिन्छ र*
*अर्काघर जाने छोरी पढ्न पर्छ र ॥*

**(ख) कर्मघरको वेदना**

*आज मैले घाँस काटे बारीको शिर पुछार*
*म मरे त हुने थियो सबलाई उद्धार ॥*
*ससुरालाई हुने थियो बुढो भैंसी मरे झैँ*
*सासुलाई हुने थियो रोगले छोडे झैँ ॥*

**(ग) दाइजो प्रथा सम्वन्धि गीत**

*चौध जोर गर्दुवा कन्नो फर्के ससुरा*
*त्यो घरमा गएर क्यारी बसौंला ॥*
*चौध जोर गर्दुवाले आँगन पिढी रहेन*
*अझैं पनि जेठाजु खुसी भएन् ॥*

**(घ) गरगहनाको मोहसम्बन्धि गीत**

*सिरफूल कमाएँ पैलो नम्बर सुनले*
*किन दिन्थिन बैज्यैले लाइन उनैले ।*
*सिरबन्दी कमाएँ पैलो नम्बर सुनले*
*किन दिन्थिन बैज्यैले लाइन उनैले ।*

**(ङ) देवीदेवताको भक्ति**

*फूलबारीमा बसौला फूलको माला गासौला*
*हामी चेली गरौला देवतीको ध्यान ।*
*भगवान्को सेवा गरे स्वर्ग जान पाइन्छ,*
*नभुल जानुका माया जालैमा ॥*

**(च) अन्य प्रसङ्गका गीत**

*हामरा बाबा लिन भनी आउँछन्,*
*ढल्की-ढल्की जाउला है आधा दिनैमा ॥*
*बाहिर आइ बाबा बस्दा रुन्छ मन धर्केर*
*दलानमा बज्यै बस्छिन कन्नो फर्केर ॥*
*मलाई भोक लाछैन मैले भात खादिन्*
*खुकुरी नउदाइ मलाई भाछैन् ॥*
*वर्ष दिनको तीजमा छोरी घर पठाए*
*अँधेरी खोलाले लग्यो बरिलै ॥*
*भाइ गयो दिदी लिन आमा लाइन टोलाउन*
*बाबा त जानुभयो साहुजी बोलाउन ॥*

*(तीजगीतका बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.२.२ मालश्री गीत

हिन्दूहरूको सबैभन्दा ठूलो चाड बडा दसैंको नवदुर्गामा विभिन्न कोटहरूमा देवदेवीलाई पुकार गरेर गाइने भजन जस्तै गीतलाई मालश्री भन्ने गरिन्छ । दसैंमा गाउने भगवतीको स्तुतिलाई मालश्रीगीत भन्ने गरिएको पाइन्छ । यो गीत आश्विन शुक्ल प्रतिपदादेखि नौ दिनसम्म नवदुर्गाको पूजा गर्ने र दसैं दिनलाई वडा दसैं पर्वको रूपमा मनाउने प्रचलन रहेको छ । नवदुर्गाको नौ रातमा देवीका नौ रूपको उपसना गरी दशमीका दिन नवदुर्गाको प्रसाद स्वरूप मान्यजनबाट टीका-जमरा लगाउने चलन छ । खास गरेर यो चाड यस क्षेत्रका सबै जातजाति समुदायले मनाउने भए तापनि ब्राह्मण जातिका मानिसहरूले नवरात्रिभरि बिहान-बिहान ‘दुर्गा पाठ गरी विभिन्न कोट, मन्दिर र घरघरमा मालश्री गाउने गरिन्छ । पाठ ब्राह्मण जातिका मानिसहरूले मात्र गर्ने भए तापनि पूजा र गीत गाउने सबै जातका मानिसहरूले गर्ने गर्दछन् । अन्य गीतहरू जस्तो मालश्री गीत त्यति प्रख्यात र प्रचलनमा रहेको छैन पुराना बुढाबुढीमा मात्र सीमित यो मालश्री गीतका केही अंशहरू निम्न प्रकार छन् :

*जय देवी श्री गोरखनाथ*
*दर्शन दियौ माईले भवानी हो*
*प्रथमा देवी मै उत्पन्न भयौ*
*देवादेवी दर्शन दियौ रे हो*
*श्री कैलाश सुन माइको जन्मेभूमि*
*श्री कैलाश सुन माइको जन्मेभूमि*
*ईश्वर उनै माईको नाम रे*
*आयौ देवी माई नै दुगाभूमिमा यिनै त्रिलोकको भनिने माई ॥*

*(मालश्री गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको ।)*

### ३.२.२.३ भैली गीत

तिहारमा लक्ष्मीपूजाको दिनदेखि भाइटिकाको दिनसम्म विभिन्न समूह मिलेर मादल, बाँसुरी, खैंजडी मुजुरा आदिका साथमा एक जनाले भट्याउँदै अन्य भैलिनी सदस्यहरूले छोप्दै नाच्दै गाइने गीत नै भैली गीत हो । भैली गीत घर-घर गाउँदै नाच्दै खेल्ने गरिन्छ । भैली नृत्यमूलक गीत भएको हुँदा भैलो गाउन नभनेर भैलो खेल्ने भनिन्छ । यो गीत

विशेषगरी सबै जातजातीका महिलाहरूले गाउने गर्दछन् । तर आजभोलि लोग्नेमानिस पनि सहभागी भएर गाउने गरेको पाइन्छ । समूहमा रही मादल, खैजडी, मुजुरा बजाउँदै एक जनाले भट्टाउने र अरु सदस्यले भैलिनी भन्दै थेगोको रूपमा द्वोहोराउने गीत नै भैली गीत हो । यो समूह गीत भएकाले समूहमध्ये एक जनाले टुक्का भट्याउँछ र बाँकीले स्वरमा स्वर मिलाएर टुक्काको अन्त्यमा भैली भैली भन्ने थेगो दोहोऱ्याउँछन्, बीच बीचमा सन्देशमूलक साना-साना टुक्काहरू झिकी मादल घन्काएर छिटो-छिटो गाउने र पछि पुनः भैलो-भैलो नै थेगो दोहोऱ्याउँछन् । भैलो भट्टाइसकेपछि विभिन्न गीत गाएर नाँच्ने नचाउने गरिन्छ र अन्त्यमा घरबेटी आमाबाबाले सक्दो दान दक्षिणा दिइसकेपछि पुनः भट्टाएर आशिक दिई बिदा माग्ने प्रचलन छ । ढोरफिर्दीमा सङ्कलन गरिएको भैली गीतको नमुना यसप्रकार छ -

*हरियो गोबरले लिपेको, लक्ष्मी पूजा गरेको*
*हे औशी बार गाईतिहार भैलो*
*आज औशी के बार लक्ष्मी गाईको तिहार*
*हे औशी बार गाई तिहार भैलो ॥*

*(भैली गीतका बाँकी अँश परिशिष्टमा उल्लेख गरिएको छ । )*

### ३.२.२.४ देउसी गीत

देउसी गीत पनि भैलो जस्तै तिहारको अवसरमा गाइने गीत हो । यस क्षेत्रमा तिहार दसैँ पछिको ठूलो दोस्रो चाडको रूपमा मनाउने गरिन्छ । यो गीत भाइटीकाको दिन दिदीबहिनीहरूबाट टीकामाला लगाएर मीठा-मीठा खानेकुरा ग्रहण गरिसकेपछि दाजुभाइहरूको समूह बनाएर देउसी गीत गाउँदै देउसी खेल्छन् । भाइटीकाको दिन साइत अनुसार दिदीबहिनी तथा दाजुभाइले एक अर्कालाई टीका लगाई एक आपसमा माया प्रेम सदभाव बाँड्ने काम गरिन्छ ।

देउसी गीत पनि नृत्य गीत भएकाले देउसी गाउने नभनी देउसी खेल्ने भन्ने गरिन्छ । यो विशेषगरी पुरुषहरूले गाउने गीत हो । तर आजभोलि समूहमा महिलाहरू पनि मिसिएर खेल्ने गर्दछन् । केटाकेटी, युवा, वृद्धा, केही व्यक्तिको समूह बनेर घर-घरमा गई खेलिने सामूहिक लोकगीत हो । यसमा पनि  भैलीमा जस्तै  एकजनाले भट्टाउने र अरुले देउसिरे भन्ने गर्दछन् । ढोरफिर्दीमा पनि अन्य ठाउँमा जस्तै समूह बनाएर देउसी खेल्दै घर

घरमा हिँडने गरेको पाइन्छ । ढोरफिर्दीमा सङकलित देउसी गीतको नमूना तल उल्लेख गरिएको छ:

| | |
|---|---|
| ए भनभन भाइ हो | देउसीरे |
| ए देउसीरे भन | देउसीरे |
| ए राम्ररी भन | देउसीरे |
| ए अलिचर्को भन | देउसीरे |
| ए स्वर मिलाइ कन | देउसीरे |
| ए हामी त्यसै | देउसीरे |
| ए आएका हौनौ | देउसीरे |
| ए वली राजाले पठाएका | देउसीरे |
| ए हाम्रो संस्कार | देउसीरे |
| ए संस्कृतिलाई | देउसीरे |
| *ए* बचाउन | देउसीरे |
| ए आएका हौ | देउसीरे |
| ए भनभन भाइ हो | देउसीरे |
| ए देउसीरे भन | देउसीरे |

*ढोरबराहीमा सनुको गजुर*

*देउसी खेल्दै आइपुग्यौ हजुर*

*अहिले आउदा खरको छानो आगुम आउदा सुनको छानो होस् ।*

*थालमा अक्षेता पाती*

*बिदावाद्धी भएरजाँऊ साथी*

*नमरी बाचे दैवले साँचे - अर्को साल भेटौला*

*(देउसीरे गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.२.५ होली गीत

होली गीत होली पर्वसँग सम्बन्धित छ । फागुन महिनाको पूणिमाको दिन मनाइने होली पर्वमा होली गीत गाउने गरिन्छ । फागु महिनाको पूर्णिमाको हवसरमा मनाइने होली वा होली पर्वसँग सम्वन्धित गीतलाई होली गीत भनिन्छ । होली पर्वमा रङ खेल्ने रङ लगाइ

खेल्दै गीत गाउँदै मनाउने गरिन्छ । यस अवसरमै गाइने विशेष गीतलाई नै होली गीत भनिन्छ । यस क्षेत्रमा पनि अविर खेलेर गीत होलीपर्व मनाउने गरिन्छ । यस क्षेत्रमा प्रचलित होली गीतको नमुना तल प्रस्तुत गरिएको गरिएको छ -

*होली खेलन होली खेलन*

*चौध अञ्चल नेपालमा होली खेलन ।*

*(होली गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.३ कर्मगीत

नेपाली लोकगीतमध्ये कतिपय लोकगीतलाई श्रमगीतका रूपमा पनि हेर्न सकिन्छ । श्रम वा काम गर्दा गाइने गीत नै कर्मगीत हुन् । श्रमगीत खेतीपाती सम्वन्धित वा अन्य कुनै काम गर्दा गाइने गीत हो (पराजुली र गिरी २०६८ : ७७) । काम गर्दा कामको थकावट महसुस नहोस् र समय बितेको पनि थाहा नहोस् भन्ने हेतुले कामकै क्रममा गीतहरू गाइन्छन् । ढोरफिर्दीमा लोकगीतको अध्ययनबाट जेठेगीत, असारेगीत, साउनेगीत, र दाइँगीत प्रचलनमा रहेको छ ।

#### ३.२.३.१ जेठे गीत

जेठ महिनामा काम गर्दा गर्दै गाइने गीत नै जेठे गीत हो । खासगरी जेठे गीत महिलाहरूले गाउने गीत हो । काम गर्दा मनोरञ्जन पनि मिलोस् र समय सजिलैसँग बितोस् भन्ने हेतुले महिलाहरूले खेतबारीमा काम गर्दा गीत गाउने गर्दछन् । ढोरफिर्दी क्षेत्रमा पनि जेठ महिनाको गर्मीमा खेत बारीमा मकै गोडदा र हिउँदे धान गोडदा पहिले पहिले जेठेगीत गाउने गर्दथे तर आजभोलि भने जेठे गीत गाउने प्रचलन हराउँदै गएको पाइन्छ । केही आमा दिदीबहिनीहरूमा मात्र सीमित ढारेफिर्दीमा गाइने जेठे गीतको नमूना तल प्रस्तुत गरिएको छ -

*जेठ र मासको खरी लाग्दोघाम, जिरीया गोडछ्यौ है ।*

*तिमरा स्वामी काँहा गए नानी, एक्लै जिरीया गोडछ्यौ है ।*

*हामरा स्वामी सधैँका परदेशी, किन र आउँथे मेलामा है ॥*

*(जेठे गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.३.२ असारे गीत

असार महिनामा धान रोपाइँको अवसरमा गाइने गीतलाई असारेगीत भनिन्छ । रोपाइँ जेठ, असार, साउनमा पनि रोप्न सकिन्छ । जेहोस् खेतमा धान रोपाइँ गर्दा गाइने गीत नै असारे गीत हो यसलाई रोपाइँ गीत पनि भनिन्छ । रोपाइँको समयमा खेताल्नी र खेतमा आली लगाउने बाउसेहरूका बीचमा एक आपसमा हिलो छयापाछयाप र खेलेर र रोपाइँ सम्बन्धी सामूहिक गीत गाउने गरिन्छ । असार महिनालाई मानो खाएर मुरी उब्जाउने महत्त्वपूर्ण महिना मानिन्छ । यस महिनामा गाइने गीतलाई असारेगीत भनिन्छ ( पराजुली र गिरी २०६८ : ८०) । रोपाइँमा काम गर्दा रोपाइँगीत गाउदा सम्पूर्ण कामदारहरूलाई मेलो सार्न सहयोग पुग्ने र कामको बोझ कम भएका महसुस हुनेछ । यस ढोरफिर्दीमा पनि रोपाइँको समयमा रोपाइँ गीत असारे गीत गाउने गर्दछन् । पहिले-पहिले जस्तो गीत गाउने र रमाउने प्रचलनमा कमी आएको भएप नि असारेगीत भने गाउन गरेको पाइन्छ । असार महिनाको १५ गतेलाई विशेष दिन मानिन्छ । यस दिन उत्सवका रूपमा हिलो खेल्ने, धान रोप्ने, लटठो तान्ने जस्ता विभिन्न किसिमका खेल खेलाउने र असारे गीत गाउने प्रतियोगितात्मक बाजागाजासहितको कार्यक्रम गर्ने गरिन्छ । यस क्षेत्रमा प्रचलित असारे गीतको नमूना यस प्रकार छ -

**(क)** *असारै मासको चिजको कुरा गुलियो कसार, हा गुलियो कसार*
*पूर्वै र ढोका उघारी हेर्दा लागेछ असार, हा लागेछ असार ॥*
*असार मासको दबदबे हिलो छि मलाई घिन लाग्यो, छि मलँई घिन लाग्यो*
*पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो, हा छ बीस रिन लाग्यो ॥*

**(ख)** असार मासको चिजको कुरा (पाकेको आम्चुर)२
*त्यो जाने को हो फर्केर हेर (म पनि आम्चुर)२*
*बेलाउती काँचो ख्याल होईन साँचो म पनि आम्चुर ॥*

*(असारे गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ)*

### ३.२.३.३ दाइँगीत

मंसिर महिनामा धान काटिसकेपछि परालको दाइँ हाल्दा गाइने गीतलाई नै दाइँगीत भनिन्छ । यो गीत दाइँको अवसरमा मात्र गाइने भएकाले दाइँगीत भनिएको हो । खासगरि दाइँ गर्दा गोरु खेद्ने खेदुवा र अन्य काम गर्ने दयराहरूले काम गर्ने वातावरण रमाइलो

बनाउनका लागि सामुहिक रूपमा दाइँगीत गाउँदछन् । किसानहरू असारमा रोपेको आफ्नो मेहनतको फल झर्ने र भकारीमा हाल्न पाइने भएकाले निकै उत्साहित हुन्छन् । अन्नको सह आएको स्थितिमा राम्रो धान भित्र्याउ पाइने हुँदा गीतमार्फत् सह आओस् र भकारी भरियोस् भन्ने कामना गर्ने गरिन्छ । यस ढोरफिर्दी क्षेत्रमा प्रचलित दाइँगीतको नमुना तल उल्लेख गरिएको छ -

*हो हो माले हो हो, हो हो तारे हो हो*
*रिङ्दै घुम्दै हिँड - रिङ्दै घुम्दै हिँड*
*खुरले माडी हिँड - खुरले माडी हिँड*
*हो हो माले हो हो फिर्दी फाँटको सह-ल्यादेऊ*
*लच्छिमीको वास गराइदेऊ*
*हो.हो. तारे - हो.हो. - हो.हो. तारे हो.हो.*

*(दाइँगीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.४ धार्मिक गीत

नेपाली समाजमा मानसिक शान्ति र सन्तुष्टिका लागि विभिन्न देवीदेवताहरूको नित्य पूजा गर्ने, व्रत बस्ने चलन छ । यस्ता अवसरमा विभिन्न देवीदेवताहरूसँग सम्बन्धित गीतहरू गाइन्छ । धार्मिक गीतले देवीदेवता, भगवान्को स्मरण र कार्य सिद्धिको कामना गरेको हुन्छ । धार्मिक गीतहरू पनि विभिन्न प्रकारका हुन्छन् । धार्मिक गीत अन्तर्गत आरती, भजन, चुड्का र बालन यस क्षेत्रमा प्रचलित छन् । यस ढोरफिर्दी क्षेत्रमा प्रचलित धार्मिक गीतको नमुना निम्नअनुसार रहेको छ -

#### ३.२.४.१ आरती

पूजाआजाका अवसरमा मन्दिर अथवा घरहरूमा धुप दीप बालेर भगवान्को नाममा गाइने विशेष प्रकारको धार्मिक गीतलाई आरती गीत भनिन्छ । कुनै पनि भगवान्को उपसना गर्दा सर्वप्रथम तिनै भगवान्सँग सम्बन्धित मङ्गलाचरण स्वरूप गाइने एक प्रकारको भजन गीत नै आरती हो । आरती गीत विशेष गरी भजन गाउनु भन्दा अगाडि गाइन्छ भने भजन गाइसकेपछि अन्त्यमा बिहानी आरती गाएर भजनको विसर्जन गर्ने गरिन्छ । यी गीतहरू प्रायः शङ्ख, घण्टा, खैजडी, मुजुरा, मादल आदि लोकबाजासहित गाइन्छ । त्यसैले

यी गीत वाद्यवादनसहितका गीत हुन् । कतै-कतै महिलाहरूले गाए पनि प्रायः यी गीतहरू पुरुषले गाउने हुँदा यी गीत पुरुष प्रधान हुन्छन् । भजने वा व्रतालुका समूहले एकै स्वरमा लामो भाकामा गाइने हुँदा यी गीत सामूहिक रूपमा प्रकट गरिने गीत हुन् । आरती गीतहरू विभिन्न प्रकारका रहेका छन् । जस्तै राम आरती, शिव आरती, गणेश आरती, दुर्गा आरती, विष्णु आरती, इत्यादि ।ढोरफिर्दीमा गाइने आरतीको नमुना तल उल्लेख गरिएको छ -

**(क)** *होला कि माला पहिले आरती हो राम, होला कि माला काली नाग नदी लेऊ ॥*

*कृष्ण देउको बाला काली नाग नदी लेऊ,*

*कृष्ण र देउको बाला आरती श्री जयचन्द्रकी जय ॥*

**(ख)** जय जय तिम्रो आरती, जपौ दिन राती,जय जय तिम्रो आरती

*(आरतीको बाँकी अंश परिशिष्टमा समावेश गरिएको छ ।)*

### ३.२.४.२ भजन

धार्मिक पूजाआजाका अवसरमा वा आराधनाका क्रममा ईश्वरको गुणगान र भक्तिभाव देखाउँदै ईश्वर अथवा देवीदेवतालाई खुसी बनाउँदै आफ्नो मन प्रसन्न पार्नका लागि गाइने गीत नै भजन गीत हो । भजनको अभिप्राय पूजाआजा वा आराधनाका क्रममा ईश्वरको गुणगान गर्दै भक्तिभाव देखाउनु हो । मानसिक शान्ति तथा सान्त्वना दिने क्रममा देवदेवीको पूजा आराधाना गर्ने तथा व्रत उत्सवमा भजन गाउने गाउने गरिन्छ (पराजुली २०५७ : २३२ ) । पूजाआजाका अवसरमा बाहेक संस्कार, कर्म र धार्मिक पर्वहरूमा पनि भजन गाउने प्रचलन छ । धर्म प्राप्त गर्ने कामनाले गाइने भएकाले यी धार्मिक विषयका गीत हुन् । भजन एक्लै वा दुई चार जना पुरुषहरूको समूहमा वरिपरि बसेर पनि गाइन्छ । त्यसैले भजनलाई सामूहिक रूपमा गाइने पुरुष प्रधान गीत मानिन्छ । तापनि आजभोलि महिलाहरूको पनि उल्लेख्य सहभागिता हुने गरेको छ । यस्ता भजनहरूलाई पूजा सिद्धिइसकेपछि प्रायः साँझ, राती तथा दिनमा पनि गाउने गरिन्छ । भजन विशेषगरी मन्दिर वा घरमै गाइने गरिन्छ । खैँजडी, मुजुरा, मादल, मुरली जस्ता वाद्य सामग्रीहरूको प्रयोग गरिने हुँदा यी गीतलाई वाद्यसहितको गीत भनिन्छ । यस ढोरफिर्दीमा गाइने भजनको नमुना तल उल्लेख गरिएको छ -

**(क) गणेशको महिमा**

*(जय गणेश) भक्त सबका प्यारा,*

*शरण गर्छौं ध्यान थाछौं, सिद्धि देऊ सारा*

*पार्वतीका प्रिय पुत्र अग्र पूजा लिन*

*भक्त जनको इच्छाहरू पूर्ण गरिदिने*

(जय गणेश) भक्त सबका प्यारा, शरण पर्छौं ध्यान गर्छौं सिद्धि देऊ सारा ॥

**(ख) राम भक्ति**

*हरे राम हरे राम राम राम हरे*

*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे*

*राधेश्याम राधेश्याम श्याम श्याम राधे*

राधे कृष्ण राधे कृष्ण कृष्ण कृष्ण राधे ॥

**(ग) नारायण भक्ति**

*नारायण श्रीमन् नारायण नारायण श्रीमन नारायण नारायण*

*नारायण ऊ नारायण नारायण, नारायण सम्फ नारायण नारायण ॥*

**(घ) दुर्गा भवानी**

हे दुर्गा भवानी

हे दुर्गे भवानी पर्छु शरणमा

यो मन रमाओस है तिम्रो चरणमा

**(ङ) मनुष्यको महिमा**

*कलियुगमा सबै छन खोज्नी त, सम्झे शिव मनैमा छन नी त ।*

*यति राम्रो मनुष्य जूनी,अजम्बरी कसैको नहुनी ।*

*यति राम्रो मनुष्य चोला, राम्रो बोल नराम्रो नबोल ।*

*हातमा काम मुखमा राम,बोल राम नगर विराम ।*

*यी र अन्य भजन गीतको बाँकी अंश परिशिष्टमा समावेश गरिएको छ ।*

**३.२.४.३ चुड्का भजन**

चुड्का भन्ने बित्तिकै एकदमै छोटो र छिटो गाइने भन्ने बुझिन्छ । छोटोमा मीठो र छिटो-छिटो गाइने एक प्रकारको भजन गीत नै चुड्का हो । यो पनि सामूहिक गीत हो । यसैलाई पनि खैजडी मुजुरा मादलको तालमा गाइन्छ । चुड्का भजन, भजनको बीच

बीचमा गाउने गरिन्छ । एक जनाले भिक्ने र अरूले छोप्ने गर्छन् । यसरी सामूहिक रूपमा गाउने गरिन्छ । ढोरफिर्दी क्षेत्रमा प्रचलित चुड्का भजनको नमुना तल उल्लेख गरिएको छ ।

*सधैँ जमुनामा के काम पऱ्यो राधिका ।*
*नजाऊ पारी पारी वारी आउन राधिका ।*
*जाम्ला वैकुण्ठमा नाँच्दै गाउँदै बजाउँदै*
*शिव तिम्रो नाउँमा बत्ती बल्यो ठाउँ ठाउँमा ॥*

*(चुड्का भजनको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.४.४ बालन

बालन नृत्यगीत हो । बालन विशेषतः रामलीला र कृष्णचरित्रसगँ सम्बन्धित हुन्छ । बालनमा गीतका साथसाथै नृत्य र अभिनयसमेत हुने गर्दछ । बालन विस्तारै गाइन्छ र बालन बीच-बीचमा चुड्का भिकेर गाउँदै हास्यविनोदको प्रसङ्ग पनि ल्याउने गरिन्छ ( भट्टराई, अम्बिकाप्रसाद २०५२ : ९४) । बालन पुरुषहरूले गाउने सामूहिक गीत हो । बालन गाउने क्रममा मङ्लाचरणपछि आरती र हरि कीतन गर्दै कुन बालन खेल्ने हो त्यसै बालनसँग सम्बन्धित राम, कृष्ण आदिका जन्मलीलाका कथा गाएर अभिनय साथ नृत्य गरिन्छ । बालन खासगरी ब्राह्मण क्षेत्री समाजमा कार्तिकदेखि चैत्र महिनासम्म सत्यनारायण आदिको पूजाआजाका अवसरमा खेलिन्छ । बालन खैजडी, मुजुरा, मादलको तालमा गाउँदै नाच्ने गरिन्छ । नृत्यमा आवश्यकता अनुसारको पहिरन र अन्य सामग्रीको पनि प्रयोग गरिन्छ । आजभोलि भने बालन गीत गाउने प्रचलन हराउदै गएको छ । पहिला -पहिला बालन गाउने गरेका बुढाहरूमा मात्र यो गीत सीमित रहेको छ । ढोरफिर्दीमा प्रचलित बालन गीतको नमूना तल प्रस्तुत गरिएको छ :

**गणेश आराधनाको बालन**

*लम्बोदर गणेश सिद्धि बुद्धिदाता*
*मुण्डमाला गला लाउने कम्बरैमा छाला*
*गणेश भने कति राम्रा पार्वतीका बाला*
*ढकमक्क फूल फल्यो त्यसलाई रक्षा वार*
*नाँच्न आयौ आज हामी सबै विघ्न टार ।*

यसपछि बालनको आरम्भ हुन्छ आरम्भमा बालन र घरबेटीको संवादसहित यस प्रकार बालन गाइन्छ ।

*हो हो उठ न उठ घरकी माई,*
*तघारो उघारी देउ ।*
*हो हो उठ न उठ घरकी माई,*
*बाहिर के कृतिमा लाई ।*
*हो हो यो घरकी बुढीको*
*फरिकामा दैलो*
*हो हो यो घरभित्र कुकुर पसेर*
*खाइदियो पिठो ।*
*हो हो क्यौन दिसाबाट आयौं नि*
*क्यौन दिसामा जान्छौ ॥*
*हो हो पूर्व दिसाबाट आयौ नी हामी*
*पश्चिम दिसामा जान्छौ ।*

*(बालन गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.५ बाह्रमासे गीत

बाह्रै महिना वा जुनसुकै समय वा अवसरमा गाउन सकिने गीत नै बाह्रमासे गीत हुन् । बाह्रमासे लोकगीतलाई सामान्य लोक वा झ्याउरे लोकगीतका नामले पनि चिनिन्छ । कुनै संस्कार वा चाडपर्वमा गाइए पनि ती संस्कार वा चाडपर्वका अंग नभई बाह्रै महिना जुनसुकै बेला गाइने गीतलाई बाह्रमासे गीत भनिन्छ । यस प्रकारका गीत नेपाली समाजमा व्यापक रूपमा फैलिएका छन् । यस्ता गीतहरूको सङ्ख्या अधिक रहेको छ । ढोरफिर्दीमा गाइने गीतहरूमध्ये बाह्रमासे गीत सबैभन्दा बढी मात्रामा प्रचलित छन् । बाह्रमासे गीत अन्तर्गत केही प्रचलित गीतहरू निम्न अनुसार रहेका छन् ।

#### ३.२.५.१ झ्याउरे गीत

झ्याउरे गीत नेपाली समाजमा अत्यन्तै लोकप्रिय छ । झ्याउरे गीत देशका सबै भूभागमा गाउने गर्दछन् । लोकगीत भन्ने बित्तिकै झ्याउरे गीतसँगै आउँछ । लोकगीतलाई

झ्याउरेको रूपमा लिँदा एउटा रुख मान्ने हो भने अन्य गीतहरू यसका हाँगाबिँगा हुन् । झ्याउरे लोकगीत लामो, छोटो, ठाडो तेस्रो आदि विभिन्न लय वा भाका भेट्टिन्छन् । संगिनी असारे, तीजे, चुड्का सोह्रठी, भैली, माहल, आदि सबैजसो गीत झ्याउरे लोकगीत कै शाखा हुन् (पराजुली, २०५७ : १५४) । बालकदेखि वृद्धासम्मले सजिलै गाउने गीत हो झ्याउरे गीत । यस्ता गीतहरू विशेषगरी गाउँपाखामा प्रत्येकको जनजिब्रोमा जुन्डिएको हुन्छ । झ्याउरे गीत टुक्कासहित र टुक्कारहित गरी दुई किसिमका हुन्छन् । यी दुवै प्रकारका गीतहरू ढोरफिर्दीमा पनि गाउने गरिन्छ । ढोरफिर्दी गाइने झ्याउरे गीतको नमुना तल प्रस्तुत गरिएको छ -

**टुक्कारहितको झ्याउरे गीत**

*मायालुलाई जाम भन्दा भन्दै, दुनियाँले चाल पायो नभन्दै*
*जाम भने जाम तनि, दुईचार महिना घुमेर आम त नि ॥*

**टुक्कासहितको झ्याउरे गीत**

**(क)** *मलाई छोडी जानुभो सहर*
*एक्लै बस्ने हो निर माया थिएन रहर*
*ढोरमाथि लाकुरीको बोट पिरचिन्ताले हो निर माया*
*ज्यान सुकेर धागो झैँ देख्न पाइन निष्ठुरीको मुख ॥*

***(ख)*** *छ मकै भुटेको*
*मेरो कर्म सिसाझैँ फुटेको*
*फिर्दी फाटैमा*
*मलाई सम्झी नरोऊ आमा मेला पातैमा ॥*

***(ग)*** *गैरी घर रेलीमै पैराको डर,*
*डाँडा घर सिरीरी बतास ।*
*होनी साच्चै रेलीमै टुप्पैमा पितलु*
*काँ गएर रेलीमै होला मन शीतलु ।*
*गैरी घर रेलीमै पैराको डर,*
*डाँडा घर सिरीरी बतास ॥*

*(झ्याउरे गीत बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.५.२ खेली गीत

खेली गीत नेपाली लोकगीतको क्षेत्रमा निक्कै नै महत्त्वपूर्ण मानिन्छ । यो गीत युवायुवतीका बीचमा सवालजवाफका क्रममा गाउने गरिन्छ । खेली गीतलाई कतै कतै रोइला पनि भनिन्छ। खेलीमा स्थायी र अन्तराको भेद हुँदैन अर्थात गीतमा कुनै दोहोऱ्याउने अंश हुदैन। प्रेम र विरह भावका हुने रोइला गीत एक्लै पनि गाउन सकिन्छ (बन्धु २०५८ : १३६) । प्राय रोइला गीत प्रश्नोत्तर शैलीकै माध्यमबाट अगाडि बढेको हुन्छ । यस ढोरफिर्दीमा प्रचलित रोइला गीतको नमुना तल प्रस्तुत गरिएको छ :

*तिम्लाई लान भनी, आको म त रमाउँदै*

*खरको गाँज समाउँदै ॥*

*मलाई लाने भए, ल्याइदेऊ सारी हजारको*

*पोखराको बजारको ॥*

*(रोइला गीत बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.५.३ दोहोरी गीत

दुई व्यक्तिहरूबीच प्रतिस्पर्धात्मक रूपमा प्रश्न-उत्तर शैलीमा गाइने गीत दोहोरी गीत हो । यस्ता दोहोरी गीतहरू कुनै पनि विषयवस्तुलाई लिएर संवाद-शैलीमा गाइन्छन् । प्रायः दोहोरी लोकगीतहरू विविध भाकामा पुरुष र स्त्रीबीच सामूहिक तथा वैयक्तिक रूपमा माया-प्रीतिका कोमल भावनाहरूदेखि लिएर जीवनयात्राका अनेक आरोह अवरोहलाई विषयवस्तु बनाएर गाइएका हुन्छन् ।

दोहोरी गीत गाउनका लागि तार्किक शक्ति र सिर्जनशीलताको आवश्यकता पर्दछ । यस्ता दोहोरी गीतहरू बाह्रै महिना विशेष समारोह तथा अन्य बेलामा पनि गाउने प्रचलन छ । आजभोलि दोहोरी गीतहरू विशेष कार्यक्रमको आयोजन तथा पर्व पारेर प्रतियोगितात्मक रूपमा पनि गाउने गरिन्छ । दोहोरी गीतहरू प्रसङ्गअनुसार लम्बिन पनि सक्छन् र तिनलाई दिन रातभर पनि गाउन सकिन्छ । जस्तैः

केटाः तिउन खाने बारीको बोडी
खेल्ने भए आउ खेलौ दोहोरी
तिम्लाई टाढा ............ ।

केटीः होनी साञ्चै खोलैको फोहोरी

कसो गरी खेल्ने हो दोहोरी

तिम्लाई टाढा ......... ।

*(दोहोरी गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.५.४ सालैजो गीत

सालैजो गीत बाह्रै महिना गाइने गीत हो । यो गीत प्रायः गुरुङ मगर समाजमा बढी गाइन्छ । यो सामूहिक गोकगीत हो । सामूहिक रूपमा पुरुष र स्त्री भएर मादलको तालमा गाउने गर्दछन् । यसै माध्यमले आफ्नो प्रेम व्यथा वा मानसिक व्यथा पोख्ने गरिन्छ । सालैजो एक किसिमको भाका तापनि यसले गीतकै नाम लिइसकेको छ । यो गीत गाउन कुनै समय, अवसर र स्थान चाँहिदैन काम गर्दा वा वसिबियालो क्षण जुनसुकै बेला गुन्गुनाइन्छ (पराजुली २०५७ : १६७) । यो गीतमा खैजडी मुजुरा मादल जस्ता वाद्यसाधनको प्रयोग गरिन्छ । यसमा सबैभन्दा पहिले ढिलो-ढिलो र शान्त स्वरमा गीत झिकिन्छ र अरुले छोप्दछन् हा हा हा सालैजो शव्द थेगोको रूपमा दोहारीरहन्छ । यस ढोरफिर्दी क्षेत्रमा प्रचलित सालैजो गीतको नमुना तल उल्लेख गरिएको छ :

*ए हो हो हो सालैजो सेतीको तर ढोरको वर साँचीको देवता छ*

*ए हो हो हो सालैजो चारैमा दिसा घुमेर हेरे मनपर्ने एउटा छ*

*ए हो हो हो सालैजो मनपर्ने एउटा छ ॥*

*शिरैको टोपी उडाइलग्यो ए हो हो हो सालैजो गण्डकी हावैले*

*टाढाको माया नलाउनु रैछ सालैजो ज्यान खायो धावैले*

*ए हो हो हो सालैजो ज्यान खायो धावैले ॥*

*(सालैजो गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।*

### ३.२.५.५ ठाँडो भाका

ठाँडो भाका सालैज्यो गीतको एक भेद हो । यो गीत प्रायः गुरुङ, मगर समुदायमा प्रचलित छ । ढिलो-ढिलो गाइने यो गीत समूहमा एक जनाले निकाल्ने र अरुले छोप्ने गर्दछन् । खैजडी, मुजुरा, मादल वाद्य साधनको तालमा ठाँडो भाका गाउने गरिन्छ । ढोरफिर्दीमा पनि ठाँडो भाकाको गीत गाउने गरिन्छ । यस क्षेत्रमा गाइने ठाडो भाका ढिलो ढिलो र शान्त स्वरमा गाइन्छ । बीच बीचमा झ्याउरे भाका पनि आएको हुन्छ । जस्तै :

*हा हे घुमीलाई घुमी जाले आकाशै पुग्यो त्यो चरी बाजै हो*

*आ  है त्यो चरी बाजै हो हाइ हाइ सुनमायालाई हेमा चरी बाजै हो*

*आ है चरी बाजै हो आँधीखोले ताङगा जाले तपाइ मायासँग भेट भाको आजै हो*

*आ हो हाइ हाइ भेट भाको आजै हो ।*

*आ है भेट भाको आजै हो ॥*

*तिमी काँको म काँको काँको*

*दुई खोलीको पानी झैं भेट भाको ॥*

*(ठाडो भाकाको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।*

## ३.२.५.६ कौरा गीत

नृत्यमा गाइने गीतलाई कौरा गीत भनिन्छ । कौरा गीत मगर समुदायमा प्रचलित छ । यसलाई प्रायः माघे सङक्रान्ति वा श्रीपञ्चमीका दिन सुरु गरी असारको पूर्णिमाका दिन पूरा गरिने चलन छ । (पराजुली र गिरी २०६८ : ९० ) । कतै कतै यसको आयोजना बाह्रै महिना पनि हुन्छ । यो गीत मगर जातिले गाउने सामूहिक गीत हो । मगर जातिका युवाहरूले डम्फु र झुर्मा बजाउँदै गाउने र अविवाहित महिलाहरू नाच्ने त्यसै जातिको मनोरञ्जनप्रधान नृत्ययुक्त गीत कौरा गीत हो । (न्यौपाने २०७० : अङ्क १३ : ८) ढोरफिर्दीमा गाइने  कौरा गीतको नमुना तल उल्लेख गरिएको छ :

*हा हा हा हा नानी त रैछौ हाम्रै दवाली*

*काँहो नानी तिम्रो घर काँ हो नानी मावली*

*नानी त रैछौ हाम्रौ दवाली*

*हा हा हा नानी त रैछौ हाम्रै दवाली*

*हा हा हा नानी त रैछौ हाम्रै दवाली ॥*

*(यो कौरा गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ । )*

## ३.२.५.७ सुनिमयाँ गीत

सुनिमयाँ गीत पुरानो भाकाको लोकगीत हो । यो गीत पुरुष र स्त्री दुवै मिलेर समूहमा गाइन्छ । लामो सास तानेर गाउने गरिन्छ । यसमा पुरुषहरूले गीत झिक्ने र महिलाहरूले छोप्ने गर्दछन् । यो गीत गाउदा सुरूमा हा हा सुनिमयाँ भनेर सुरु गरिन्छ भने

बीच बीचमा पनि दोहोत्याइँ तेहत्याइँ लामो स्वरमा गाउने गरिन्छ । ढोरफिर्दी सुनिमयाँ गीत केही वर्ष अघि निकै प्रचलनमा रहेको पाइन्छ भने यसको अवस्था भने खस्कदो छ । यस क्षेत्रमा गाइने सुनिमयाँ गीतको नमुना तल प्रस्तुत गएिको छ :

हा हा हा सुनिमयाँ हा हा गण्डकीको यो निर तीर ठूलो रुख खयर

हा हा हा सुनिमया ठूलो रुख खयर,

हा हा हा सुनिमयाँ मादलुको तनी जसो भने पनि सोही कुरा तयार

हा हा हा सुनिमयाँ सोही कुरा तयार ॥

*(यो सुनिमयाँ गीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।)*

### ३.२.५.८ सिलोक

सिलोक लोकपद्यको एक भेद हो । सिलोक विशेषगरी ब्राह्मण, क्षेत्री समाजमा बढी प्रचलित छ । पिङ्गलासुत्रका नियममा आधारित विभिन्न शास्त्रीय छन्दमा रचिएका मध्यपूर्वी र पहाडी क्षेत्रका क्षेत्री बाहुनमा प्रचलित शास्त्रीय छन्दमा रचिएका फूटकर पद्यहरू नै सिलोक हुन् (बन्धु २०५८ : १९३) । सिलोकमा घरको, सामाजिक व्यवहारको, गाईभैंसीको पारिवारिक सदस्य आदिको वर्णन गरिएको हुन्छ । नेपालको पहाडी भूभागमा बसोबास गर्ने नेपाली भाषी समुदाका अपठित र अल्पपठित लोककविहृदयको स्वतःस्फूर्त शास्त्रीय छन्द तथा लोकछन्दको प्रभावमा परेको स्वछन्द रूपमा गाँइदै आएको लघु आकारको रचना सिलोक हो (गौतम २०७४ अङ्क १० : ५६) । समयको परिवर्तनले सिलोकलाई पछाडि पार्दै ल्याए पनि ग्रामीण समाजमा अझ यो जीवित नै छ । सिलोक वसिवियालोमा, काम गर्दा जुनसुकै समय बाह्रै महिना गाउन सकिन्छ । सिलोकमा दोहोरी खेल्न पनि सकिन्छ र एकोहोरी पनि गाउन सकिन्छ । यस ढोरफिर्दी क्षेत्रमा सिलोक हाल बुढापाकामा मात्र सिमित रहेको पाइन्छ । यस क्षेत्रमा प्रचलित सिलोकको नमुना तल प्रस्तुत गरिएको -

**(क)** *पढन भनेको बडो मुस्किल हुन्छ*

*पढन सके त भन ताके पुग्छ ।*

*पढन भनेको बडो मुस्किल हुन्छ*

*पढन सके त भन ताके पुग्छ ।*

**(ख)** *यो घर कसको को छ कुन्नी रहेको*

*हाम्रो घर परदेश जन हो बास दिन पर्ने भो।*

*सासू ज्यू पनि माइती गइजानु भयो सुसारे समेत लग्यो*
*म मात्रै छु अति जोवनकी जानुस पल्लै घर ॥*

**(ग)** *बाटुकीको के हो नि आमा रियालेको बेसार*
*रूदैँ घर रूदैँ माइत म बाँचेको के सार ।*
*बाटुकीको तातो दूध फुकी  फुकी खा भन्छेयौ*
*घरको दुःख देख्दिनौ आमा रूदैँ रूदैँ जा भन्छेयौ ॥*

*(सिलोकको  बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ । )*

### ३.२.५.९ बालगीत

बालबालीकाहरूले गाउने अथवा बालबालीकाको मनोरञ्जनका लागि अरूद्वारा गाइने लोकगीतलाई बालगीत भनिन्छ । यस्ता गीतहरूमा बालबालिकाहरूले देखे भोगेका विषयवस्तु एवम् हुर्केको समाजको चित्रण पाइन्छ । बालगीतमा केटाकेटीका उत्साह, जिज्ञासा, मनोरञ्जन मनाविज्ञान धेरै थोक गाँसिएर आँउछन् । बालकहरू हुर्केको समाज र उनीहरूलै नै देखेभोगेका विषवस्तुले बालगीतमा स्थान पाँउछन् (पराजुली, २०५७ : २३७ ) । बालगीत एकातर्फ आमाहरूले गाएर बच्चालाई सुनाऊछन् भने अर्कातिर स्वयम् बच्चाहरू आफ्नो वरपर जे-जस्ता वस्तु र घटनाहरू देख्छन् तिनैलाई गीत बनाएर समूहमा मिली गाउन थाल्छन् ।

बालगीतले बालकहरूलाई जिज्ञासु र खुशी बन्न प्रेरित गर्दछ । बालबालिकाहरू समूह मिली जे जस्तो वातावरण छ त्यस्तै प्रसङ्गका गीतहरू गाउँने गर्दछन् जस्ले गर्दा बालगीतहरू पनि विविध विषयवस्तुका हुन्छन् । वास्तवमा यी गीतमा बालबालिकाहरूका उत्साह, जिज्ञासा, मनोरञ्जन र धेर-थोर मात्रामा मनोविज्ञानसमेत गाँसिएर आएका हुन्छन् । ढोरफिर्दी क्षेत्रमा पनि विभिन्न विषयवस्तुलाई समेटी विभिन्न भाव, लय र भाकाका विभिन्न बालगीतहरू गाउने गरिन्छ । यस क्षेत्रमा  गाउने बालगीतका केही अंशहरू निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**(क)** *इन्टु पिन्टु लालपिन्टु, हाम्रा बाबा पल्टनमा, रातो झण्डा गाडेको*
*स्कुलको पाले दाइ, पहिलो घण्टी बजाइदेऊ*
*टिनिनिनिनिनिनि.. भ्याप्प ॥*

**(ख)** *कुखुरी काँ, बासी भात खाँ । खोइ बासि भात ? बिरालोले खायो*

*खोइ बिरालो ? मुसा मार्न गयो । खोइ मुसा ? दुलाभित्र पस्यो ।*

**(ग)** *तारा बाजी लै लै मामा आए घोडा*

*माइजु आइन डोली, पापा ल्याइन सोली, खान दिन्छिन भोलि ।*

**(घ)** *गुजी गुजी आयो, हाउगुजी आयो*

*नानीको माम बिरालोले खायो ॥*

*(बालगीतको बाँकी अंश परिशिष्टमा उल्लेख गरिएको छ ।*

## ३.३ निष्कर्ष

शुक्लागण्डकी नगरपालिका तनहुँ जिल्ला अन्तर्गत पर्ने नगरपालिका हो । यो नगरपालि पोखराबाट बगेर आएकी सेती गण्डकीको नामबाट शुक्लागण्डकी नामाङ्कृत गरिएका हो । यस नगरपालिकामा १२ वटा वडा सङ्ख्या रहेको छ । यहाँको ८ नं. वडालाई ढोरफिर्दी क्षेत्र भनेर चिनिन्छ । किंवदन्ति अनुसार यस वडाको नाम ढोर राज्यबाट रहन गएको हो । यस ढोरफिर्दी क्षेत्र अन्तर्गत गणपते, लालीम, डहरे, फिर्दी, लहरेपिपल, र पाटन पर्दछन् । विकास निर्माणमा पछाडि परेको यो ढोरफिर्दी क्षेत्र प्रायः गाउनै गाउँ भएको हुँदा अधिकांश मानिस खेतीपाती र वैदेशिक रोजगारीमा नै निर्भर छन् ।

यस क्षेत्रमा खेतीयोग्य र समथर राम्रो जग्गा रहेको छ । यहाँका मानिसहरूको आयआर्जनको मुख्य पेशा कृषि हो । ढोरफिर्दी क्षेत्रलाई आलु उत्पादनको क्षेत्र भनेर पनि चिन्ने गरिन्छ । यस क्षेत्रमा आयआर्जनका स्रोतहरूमा आलुलगायत अन्य तरकारी बाली बेमौसमी खेती र नगदे बालीहरू नै मुख्य रहेका छन् । यहाँका मानिसहरूमा विवाह, व्रतवन्धमा मागल र रत्यौली गीत गाउने प्रचलन रहेको छ । त्यसैगरी विभिन्न चाडपर्व, उत्सव, मेलापातमा काम गर्दा र पूजाआजाको अवसरमा भजन, चुड्का, गाउने प्रचलन सबै जातजातिमा रहेको पाइन्छ ।

ढोरफिर्दीमा प्रचलित लोकगीतका विषय र प्रकृतिलाई हेर्दा ती लोकगीतहरूलाई विशेष गरी संस्कार, पर्व, श्रम, धार्मिक र बाह्रमासे गीत गरी प्रमुख पाँच प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । संस्कार गीतको मुख्य अर्थ जीवनलाई सु-संस्कृत रूपमा सञ्चालन गर्न तथा सही आचरण सिकाउनु रहेको छ । पर्वगीतको उद्देश्य मनोरञ्जन गर्नु र सांस्कृतिक परम्पराको संरक्षण गर्नु देखिन्छ । खेतीपाती गर्दा मेलापात वा अन्य कुनै कामका बेला गाइने गीतले कर्मशील जीवनलाई अझ मिहिनेती बन्न र सहज तरिकाले कर्ममा

लागिरहन हौसला बढाउँछन् । धर्म कर्म गर्दा गाइने धार्मिक गीतको उद्देश्य नैतिक उपदेश दिनु र आध्यात्मिक चेतना फैलाउनु रहेको पाइन्छ । जुनसुकै व्यक्तिले जस्तोसुकै अवस्थामा गाउन मिल्ने गीत नै बाह्रमासे गीत हुन् । विशेष होस् वा सामान्य जुनसुकै गीतहरूले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाज सुधारको अपेक्षा पनि प्रकट गरेका हुन्छन् । ती गीतहरूले त्यहाँका लोकजीवनको समग्र, सांस्कृतिक वातावरण, सुख-दुःख र सम्पन्न-विपन्नताको प्रतिबिम्ब उतारेका हुन्छ । यसरी ढोरफिर्दीमा प्रचलित लोकगीतले त्यहाँको लोकजीवनका मूल्य, मान्यता, संस्कार र स्तरलाई झल्काएको पाइन्छ् ।

## परिच्छेद : चार

# ढोरफिर्दीमा प्रचलित लोकगीतको विश्लेषण

### ४.१ विश्लेषणको आधार

लोकगीत लोकमानसको सुख-दुःख, हर्ष-विष्मात्,आशा-निराशा, संयोग-वियोग, आदिको लयात्मक र कोमल अभिव्यक्ति हो । लोकगीतहरूमा लोक जीवनका विगत र वर्तमानका रहन-सहन, रीति-स्थिति, आचार-विचार, आस्था-विश्वास आदि प्रकट भएका हुन्छन् । साहित्यका अन्य विधामा जस्तै लोकगीतमा पनि शिल्प र भाव पक्षको महत्वपूर्ण स्थान रहेको हुन्छ । लोक जीवनको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाका प्रतिबिम्ब पाइन्छन् । त्यसैले त्यहाँका लोकगीतमा भेटिने खास-खास विषयवस्तु र लोकगीतका भाव, लय, भाषा जस्ता लोकगीतका तत्त्वलाई केलाउदै यसका अतिरिक्त आन्तरिक एवम बाहय रूपमा साहित्यिक सौन्दर्य प्रदान गर्ने रस, अलङ्कार र बिम्बको सङक्षिप्त परिचय प्रस्तुत गरेर विश्लेषणलाई अगाडि बढाइएको छ ।

### ४.२ विषयवस्तुका आधारमा ढोरफिदीका लोकगीको विश्लेषण

### ४.२.१ संस्कार गीतको विश्लेषण

ढोरफिर्दीमा विभिन्न संस्कारसँग आबद्ध गीतहरू प्रचलित छन् । जन्मदेखी मृत्युप्रयत्तका जीवनमा गरिने विभिन्न मानवीय संस्कारहरू छन् । यिनै संस्कारहरूसँग सम्वन्धित गीतहरू नै संस्कार गीत हुन् । ढोरफिर्दीमा व्रतबन्ध, विवाह संस्कारमा गाइने मागल गीत र रत्यौली गीत प्रचलित छन् ।

**(क) मागल गीत**

व्रतबन्ध र विवाहको अघिल्लो दिन कसार बटार्ने गरिन्छ । यसरी कसार बटार्न जम्मा भएका नारीहरूले गीत गाएर सङगीतमय वातावरणमा कसार बटार्ने गर्दछन् । ढोरफिर्दीमा विवाह र व्रतबन्धमा कसार बटार्दा गाइने मागल गीतको नमूना तल दिइएको छ :

*आकाशैकी दिदै पातालैकी बहिनी*
*काँमा होला हाम्रो भेट ।*
*जहिलेमा होला बाबाज्यूको आँगानीमा शुभकार्य*

*उहिलेमा होला हाम्रो भेट ॥*

पहिले-पहिले प्रायः दिदीबहिनी विवाह, व्रतबन्ध जस्ता माङ्लिक कार्यमा मात्र भेट हुने गर्दथे । प्रस्तुत मागल गीतमा टाढा-टाढा पुगेका दिदीबहिनीले फेरि कहिले भेट्न पाइएला भन्ने गुनासो गरिएको प्रश्नको उत्तरमा पुनः शुभ कार्य हुँदा जति टाढा भए पनि दिदीबहिनीको मिलन हुने भनिएको छ । यसमा बढी कल्पना गरेको पाइन्छ । वास्तविक जीवनभन्दा बाहिर आकाश र पातालकी दिदीबहिनीको कर्मथलोको काल्पना गरिएको छ । अन्य समयमा दिदीबहिनीको भेट नभएपनि बाबाको आँगनमा पुनः शुभकार्य विवाह, व्रतबन्ध हुँदा भने पक्का भेट हुने कुरालाई यँहा प्रस्तुत गरिएको छ । आकाश र पातालले टाढा-टाढा रहेका दिदीबहिनीको दुरीलाई संङ्केत गरेको छ । भाषिक दृष्टिले हेर्दा यस गीतमा सरल र कथ्य वा जनबोलीको भाषा रहेको पाइन्छ । यस गीतमा लामो लोक लय रहेको पाइन्छ । शुभकार्यले विवाह, व्रतबन्ध जस्ता संस्कारजन्य कार्यलाई जनाएको छ । शुभकार्यमा दिदीबहिनीको भेटघाट हुने प्रसङ्गले सामाजिक विषयवस्तुलाई पनि समेटेको पाइन्छ ।

### (ख) रत्यौली गीत

विवाहमा बेहुला घरमा आफन्त छर छिमेकका आमा दिदी बहिनी जम्मा भएर विवाहसँग सम्वन्धित गीत गाउनुलाई रत्यौली गीत भनिन्छ । ढोरफिर्दीमा प्रचलित रत्यौली गीतको नमूना र विश्लेषण यस प्रकार छ :

*हाम्रो बाबु के गर्दै होला*
*यति बेला झिके हो दोसल्ला ॥*

विवाहमा बेहुला बेहुली लिन हिँडेपछि घरमा आफन्त, छरछिमेकका आमा दिदीबहिनी जम्मा भएर विवाहसँग सम्वन्धित गीत गाएर नाँच्ने प्रचलन रहेको छ भने बेहुलीको घरमा विवाह सम्वन्धी संस्कारजन्य कार्य गरिन्छ । प्रस्तुत रत्यौली गीतमा यही संस्कारजन्य कार्य झल्किएको छ ।

*आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥*
*आमाले सारेको फूल*
*बाबुले कहिल्यै नभुल ।*
*आमाको पियारा छोरो अब माया बाँडियो दोहोरो ॥*

प्रस्तुत गीतले विवाह संस्कार र विवाहपछि छोराको माया अब दुईतिर बाँडिने जनाइएको छ । त्यसैगरी छोरालाई आमाबाट कहिल्यै टाढा नहुन पनि आग्रह गरिएको छ । यहाँ आमाछोरा बिचको माया, आत्मियता तथा सम्बन्धलाई देखाइएको छ ।

*नरोई-नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई*
*आँखाबाट नझार आँसु*
*आमाजस्तै शीतलु छन सासु ।*
*नरोई नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई ॥*
*दुई भाइ छोरा तीन बहिनी छोरी*
*मान आमा नमान बुहारी ।*
*नरोई नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई ॥*

हाम्रो समाजमा छोरीले आफू जन्मे हुर्केको घरलाई चटक्कै छाडेर पराइ घर जानुपर्ने विवाह संस्कार रहेको छ । छोरीलाई आफू जन्मे हुर्केको गाउँघर बाबुआमाको काख प्यारो नै लाग्छ त्यसैले विवाहमा जन्मघर छोडेर जानुपर्दा नरमाइलो मान्नु र रून स्वभाविक नै हो । त्यसैले रत्यौली गाउँदा महिलाहरूले नरोई-नरोई आउन आग्रह गर्दै यस्तो गीत गाउने गर्दछन् । यहाँ बुहारीलाई छुट्टै व्यवहार गर्ने हाम्रो समाजिक परम्परा पनि रहेको जनाइएको छ ।

*भइहाल्यो छ्याँइ छ्याँइ*
*गाउरी धन ल्याउने बेला भो ॥*

हाम्रो समाजमा दाइजो प्रथा अझैं पनि उतिकै महत्वका साथ रहेको छ । छोराको विवाहमा बुहारीको माइतीबाट दाइजो दिने चलन रहेको छ । छोरो विवाह गर्न घरबाट निस्केपछि कति दाइजो आउने होला भन्ने जिज्ञासा घर र वरपरका सबैमा हुने कुरा उक्त लोकगीतले बोलेको छ । धेरै दाइजो दिए राम्रो रैछ, इज्जतिलो रहेछ भन्ने चलन पनि रहेको छ ।

यसरी ढोरफिर्दीका संस्कार गीतमा सामाजिक र सांस्कृतिक विषयवस्तुका गीतहरू पाइन्छन् । यहाँका संस्कार गीतमा सामाजिक रहनसहन संस्कार, सामाजिक व्यवहारका झलकहरू पाइन्छन् । आमा छोरा, छोरा बुहारी, सासू बुहारी बिचको सम्बन्ध, दाइजो प्रथाको चलन, विवाह व्रतवन्धमा गरिने संस्कार कार्य, समाजमा छोरी र बुहारीप्रति गरिने व्यवहार आदि रहनसहन पाउन सकिन्छ ।

## ४.२.२ पर्वगीतको विश्लेषण

ढोरफिर्दीमा विभिन्न चाडपर्वसँग सम्बन्धित गीतहरू प्रचलित छन् । मानिसले आ-आफ्ना परम्पराअनुसार विभिन्न चाडपर्व मनाउने गर्दछन् । तीज, दसैं, तिहार, होली, आदि हाम्रा चाडपर्वहरू हुन् । यिनै पर्वहरूका अवसरमा गाइने गीतलाई नै पर्वगीत भनिन्छ । यस क्षेत्रमा तीजगीत, मालश्री गीत, देउसी, भैली, होली गीत प्रचलित छन् ।

### (क) तीज गीत

तीज विशेषगरी नारीहरूले मनाउले महान पर्व हो । यही पर्वको अवसरमा गाइने गीतलाई तीजगीत भनिन्छ । ढोरफिर्दीमा प्रचलित तीजगीतको नमूना र विश्लेषण यस प्रकार छ :

*उही कोखाको छोरालाई कापी कलम किन्दिनी ।*
*उही कोखाको छोरीलाई डोको बुन्दिनी ॥*
*छोरीले नि गरे हुन्छ आइ ए पास र बी.ए. पास ।*
*छोराले नि ल्याए हुन्छ वनका दाउरा घाँस ॥*

छोरालाई शिक्षादीक्षा दिनुपर्छ तर छोरीलाई नपढाए पनि हुन्छ भन्ने धारणा अझैं पनि ग्रामीण समाजमा मेटिन सकेको छैन । विवाह गरेर अर्केलाई दिनुपर्ने छोराको झैं कमाइ खान नपाइने यस किसिमको मनोवैज्ञानिक असरका कारण छोराछोरीमा विभेद गरिन्थ्यो । आजसम्म पनि हाम्रो समाजले छोराछोरीमा पक्षपातपूर्ण व्यवहार गर्न छोडेको छैन । छोराछोरीलाई समान व्यवहार गरिनुपर्छ । छोराले पनि छोरीले जस्तै घरको काम गर्नहुने र छोरीले नि पढन पाउनुपर्ने माग गरिएको छ । यहाँ लिङ्गकै आधारमा गरिएको छोराछोरीप्रतिको भेदभावको अन्त्य हुनुपर्छ भन्ने धारणा रहेको पाइन्छ । प्रस्तुत गीतमा हाम्रो समाजमा छोरा छोरीप्रति गरिने अन्यायपूर्ण व्यवहारको वर्णन गरिएको छ र न्यायको खोजी पनि गरिएको छ ।

*चौध जोर गर्दुवाले आँगन पिढी रहेन*
*अझैं पनि जेठाजु खुसी भएन ॥*
*गरिबकी छोरी रैछे भन्दै हिड्छन् ससुरा*
*त्यो घरमा गएर क्यारी बसुँला ।*

हाम्रो समाजमा दाइजो प्रथाको प्रचलन हालसम्म पनि जिवितै छ । गर्दुवा थोरै ल्याएको भनेर बुहारीलाई घरमा हेला गर्ने गरिन्छ । प्रस्तुत गीतमा एक चेलीले गर्दुवा धेरै नै ल्याएकी तर घरका जाहान भने खुसी नभएको पाइएको छ । धेरै नै गर्दुवा ल्याए पनि घरकाले थोरै नै मानेको र घरपरिवारले अझैँ गर्दुवाको आश राखेको यसमा जनाइएको छ । धनको आस गरेकोले यहाँ आर्थिक विषयवस्तु रहेको पाइन्छ । यसरी दाइजो प्रथाले छोरीले दुःख पाउने गरेको उक्त गीतले व्यक्त गरेको छ ।

*नमस्कार साहुजी भन्नुभयो बाबाले*
*के माग्नलाई आइस त गरीब जाबाले ।*
*साहुको आँटी लच्क्यो अन्न र पानीले*
*गरिबका छोराछोरी मरे खानाले ॥*

प्रस्तुत तीज गीतमा आर्थिक सामाजिक विषयवस्तु रहेको छ । हाम्रो समाजमा सम्पन्न र विपन्न दुई वर्गका मानिसहरू छन् । आर्थिक हिसाबले विपन्न वर्गलाई चाडपर्व कसरी मनाउने भन्ने चिन्ता हुन्छ । जसको घरमा बिहानबेलुका खान पुग्ने अन्न पनि हुँदैन त्यस्ता व्यक्तिहरूलाई चाडबाड मनाउन पनि गाह्रो पर्दछ । यहाँ हाम्रो समाजमा सम्पन्न वर्गले विपन्न वर्गलाई गरिने थिचोमिचो तथा हेलापूर्ण व्यवहारलाई देखाइएको छ ।

पढेका दाजुभाइ मोटर कारमा सरर
नपढेका हामी छोरी रुन्छौ धरर ॥
सम्पत्तिले नपुगे बेच बाबा गहना
छोरीले नी पढने आए जमना ।

प्रस्तुत तीज गीतमा शैक्षिक विषयबस्तुलाई उठान गरिएको छ । यहाँ शिक्षाको महत्व झल्किाइएको छ ।

फूलबारीमा बसौला फूलको माला गासौला
हामी चेलीगरौला देवतीको ध्यान ।
सतबरी फुल फुल्यो फलबारी मै रहिरह्यो
टीपौ क्यारे भगवान् सुनको भालीमा

प्रस्तुत गीतमा प्रकृतिको चित्रण गरेको पाइन्छ । यहाँ मौसम अनुशार विभिन्न किसिमका फूलहरू फूल्दछन् । यहाँका तीज गीतमा  फूलबारी र फूलको चित्रण गरिएका

प्रसस्त गीतहरू पाउन सकिन्छ । देवतीको ध्यानले धार्मिक विषयवस्तुलाई पनि समेटेको पाइन्छ ।

### (ख) मालश्री गीत

दसैँको घटस्थापनादेखि नवमीको रातिसम्म मालश्री गीत गाउने गरिन्छ । पहिले-पहिलेको तुलनामा हाल मालश्री गीत गाउने प्रचलनमा भने कमी आएको छ । कतै-कतै सीमित व्यक्तिले मात्र मालश्री गीत गाउने गर्दछन् । ढोरमा प्रचलित मालश्री गीतको नमूना र विश्लेषण यस प्रकार छ :

*जय देवी श्री गोरखनाथ*
*दर्शन दियौ माईले भवानी हो*
*प्रथमा देवी मै उत्पन्न भयौ*
*देवा देवी दर्शन दियौ रे ॥*

प्रस्तुत मालश्री गीतमा धार्मिक विषयवस्तु रहेको पाइन्छ । यस गीतमा नवर्दुगामा दुर्गा माईको स्तुति गर्दै देवी माई उत्पन्न भई दर्शन दिएकोमा खुसी भई देवीले हामी सबैको कल्याण गरुन् भन्ने कामना गरिएको छ ।

### (ग) भैली गीत

दसैंपछि तिहारमा महिलाहरूले भैली गीत गाँउछन् भने पुरुषहरूले देउसी गीत गाँउछन । तिहारमा लक्ष्मीपूजा गरिसकेपछि भाइटीकाको दिनसम्म भैली खेल्ने गरिन्छ । भैली गीतको नमूना र विश्लेषण तल उल्लेख गरिएको छ :

हरियो गोबरले लिपेको, लक्ष्मी पूजा गरेको
हे औंशी बार गाईतिहार भैली ।
आज औँशी के बार, लक्ष्मि गाईको तिहार
हे औंशी बार गाईतिहार भैली ।
हामी त्यसै आएनौ, बलि राजाले पठाएका
हे औंशी बार गाईतिहार भैली ॥

तिहारको अवसरमा घर सफा गर्ने क्रममा गाईको गोबरले लिपपोत गर्ने कुरा भैली गीतमा गुन्जिएको छ । गाईको गोबरले लिप्दा सफा पनि हुने र चोखो हुने मान्यता छ । यस

गीतमा घर सफा र चोखो बनाएर लक्ष्मी माताको आराधाना र लक्ष्मीको स्वरूप गाईको पूजा गर्ने धार्मिक परम्परालाई सङ्केत गरिएको छ ।

**(घ) देउसीरे गीत**

तिहारको अवसरमा भाइटीकाको दिन भाइटीका लगाइसकेपछि पुरुषहरू देउसीरे खेल्ने गर्दछन् । तर आजभोलि भने देउसी भैलो महिला पुरुष दुवै मिलेर समूह बनेर खेल्ने गरेको पाइन्छ देउसीरे गीतको नमूना र विश्लेषण तल दिइएको छ :

*ए छानामाथि घिरौला देउसीरे*
*के के दिन्छन् हेरौला देउसीरे*
*ए यो घरमा देउसीरे*
*ए लक्षिमिले देउसीरे*
*ए वासै गरुन् देउसीरे*
*ए दु:ख कष्ट देउसीरे*
*ए हटेरै जाउन् देउसीरे*
*ए धन सम्पति देउसीरे*
*ए वर्षी जाओस् देउसीरे*
*ए यसै घरका छोरा नाती देउसीरे*
*ए डाक्टर,पाइलट,इन्जिनियर देउसीरे*
*ए भइजाउन् देउसीरे*

प्रस्तुत देउसीरे गीतमा अर्थ र शिक्षा दुबै विषयवस्तुलाई छोएको छ । यसमा एकातिर गरिबीको दु:ख पोखिएको हुन्छ भने अर्कोतिर सम्पन्न आर्थिक अवस्थाको पनि कल्पना गरिएको हुन्छ । विशेषगरी तिहारमा खेलिने देउसी भैलीमा दिइने आसिकहरूमा यस्तो भाव अभिव्यक्त भएको पाइन्छ । तिहारमा भैली खेल्दा रुपियाँ पैसा लिने र आँसिक दिने गर्दछन् । प्रस्तुत गीत भैली खेल्ने टोलीले रुपियाँ पैंसा पाएपछि खुसी व्यक्त गर्दै दिइएको आसिक गीत हो । यहाँ धन सम्पति वर्षियोस् भनेर आर्थिक सम्पनताको आसिक दिइएको छ । यस क्षेत्रमा तिहारमा देउसी भैलीले दिएको आँसिक पुग्ने जनविश्वास पनि रहि आएको छ । यहाँ डाक्टर, पाइलट, इन्जिनियर जस्ता शैक्षिक उपलब्धीको पनि कल्पना गरिएको छ । सरल र जनबोलीको भाषा रहेको प्रस्तुत गीतमा डाक्टर, पाइलट, इन्जिनियर

जस्ता आगन्तुक शव्द रहेको पाइन्छ । गीतमा आएको 'ए' थेगोले लय निर्धारणमा सहयोग गरेको छ ।

## (ङ) होली गीत

होली गीत होली पर्वको दिन गाइने गीत हो । फागुपूर्णिमाको दिन होली पर्व मनाइन्छ सोही पर्वको अवसरमा गाइने गीतलाई होली गीत भनिन्छ । यस पर्वमा रङ खेल्ने माया साटासाट गर्ने नााच्ने गाउने गरिन्छ । ढोरफिर्दी क्षेत्रमा होली गीत केही सीमित व्यक्तिले मात्र गाउने गर्दछन् । होली गीतको नमूना र विश्लेषण यस प्रकार छ ।

*काँठ खायो धमिराले फलाम खायो खइले*
*भमरा रसै लिन आयो के भन्छु र मैले*
*होली खेलन, होली खेलन*
*चौंध अञ्चल नेपालमा होली खेलन ।*

यस गीतमा काँठमा धमिरा र फलाममा खइ लागे जस्तै फूलको रसमा भमरा लाग्छन् । माया गर्ने मानिसले मायालु खोज्नु प्राकृतिक गुण हो भन्ने जनाइएको छ । भने अर्को हरफमा मायाको प्रतिक मानिने रङको पर्व होली पर्व राष्ट्रिय पर्व हो । देशैभरि होली पर्व मनाउनुपर्छ भनिएको छ ।

यसरी ढोरफिर्दीका पर्वगीतमा सामाजिक, आर्थिक, धार्मिक, शैक्षिक, न्यायिक, विषयवस्तुका गीतहरू रहेको पाइन्छ । धनी र गरीब बिचको द्वन्द, छोराछोरी प्रतिको विभेद र समानताको खोजी, शिक्षाको महत्व, धार्मिक आस्था, माया प्रेम जस्ता विषय तथा भावहरू ढोरफिर्दीका लोकगीतमा पाउन सकिन्छ ।

## ४.२.३ कर्मगीतको विश्लेषण

खेतबारीमा खेतीपातीको काम गर्दा गाइने गीतलाई कर्मगीत भनिन्छ । ढोरफिर्दीमा जेठे गीत, असारे गीत, र दाइँ गीत प्रचलित छन् यिनै गीतको नमूना र विश्लेषण यहाँ गरिन्छ :

## (क) जेठे गीत

जेठ महिनामा खेतबारीमा काम गर्दा गाइने गीतलाई जेठे गीत भनिन्छ । जेठे गीत महिलाहरूले गाउने गीत हो । ढोरफिर्दी क्षेत्रमा गाइने जेठे गीतको नमूना र त्यसको विश्लेषण तल प्रस्तुत गरिएको छ :

*जेठे र मासको खरी लाग्दो चर्को घाम, एकलै जिरीया गोडछ्यौ है ॥*

*तिमरा स्वामी काँहा गँए नानी केहुँमा गर्छननी काम है*

*हामरा स्वामी सधैका परदेशी किन र आउथे र मेलामा है ॥*

प्रस्तुत गीतमा एक नारीले खेत बारीमा एक्लै काम गरिरहेको भाव झल्किएको छ । यसमा आर्थिक विषयवस्तु रहेको पाइन्छ । यहाँ बेरोजगारीको समस्याले प्रदेश लागेको प्रसङ्ग पाउन सकिन्छ । यसका अक्तिरिक्त समाजिक परम्परा र रहनसहन यस गीतले बोलेको छ । घरका जहान मालिक बनेर बस्ने काम नगर्ने नारीले एक्लै काम गर्ने गरेको अभिव्यक्ति पाइन्छ । प्रस्तुत गीतले एकातिर जेठको घाम तथा प्रकृतिको चित्रण, विदेसिनुपर्ने बाध्यता, र त्यतिबेलाको समाजमा नारीलाई गर्ने अन्यायपूर्ण व्यवहार झल्काइएको छ । नारीको बाध्यता दुःख र पीडाको यथार्थ भाव पाउन सकिन्छ ।

### (ख) असारे गीत

असारमा धान रोपिन्छ । धान रोपाइँमा गाइने गीतलाई असारे गीत भनिन्छ । रोपाइँमा गाइने गीत भएपनि विशेषगरी रोपाइँ असारमा पर्ने भएकाले यस गीतलाई असारे गीत भनिएको हो । ढोरफिर्दीमा गाइने असारे गीतको नमूना र विश्लेषण यस प्रकार छ :

*असार महिना दस पन्ध्र रोपाइँको चटारो*

*हलीले हान्यो खेतालीलाई बिऊको झटारो ॥*

प्रस्तुत असारे गीतमा कृषि व्यवस्थाको बारेमा चर्चा गरिएको छ । यहाँ असारको दस पन्ध्रमा किसानहरू रोपाइँ गर्न व्यस्त हुन्छन् भनिएको छ । असारमा महिलाहरू छपछपाउँदो हिलोमा एक हातले धानको बीउ समाउँछन् अर्का हातले बीउ रोप्दै गीत गाउँदै आ-आफ्नो काम गर्ने गर्दछन् । रोपाइँमा एकातिर गीत गाइन्छ भने अर्कोतिर हली बाउसे रोपारीबिच हिलो छेपाछेप पनि खेलिन्छ । असार महिनाको दश पन्ध्रमा किसानहरूलाई रोपाइँको धेरै नै माचो हुने गर्दछ । हतार-हतार रोपाइँ गरिरहँदा हलीले बीउको झटारो हानेर हिलोले छेप्ने गरेको रमणिय प्रसङ्ग गीतमा आएको छ । यहाँ रोपाइँ गर्ने किसानहरूका लागि असारको दश पन्ध्र रोपाइँमा लिप्त हुने दिन भन्ने जनाइएको छ ।

*छुपु र छुपु धानै र रोप्यौ असार मासमा*

*के कति बस्छेऊ रोपानी नानी परदेशी आसमा ॥*

हाम्रो देशमा बेरोजगारी समस्या हालसम्म पनि जीवितै छ । सामाजिक तथा आर्थिक समस्या प्रस्तुत गीतमा पाउन सकिन्छ । पुरुषहरू रोजगारको खोजीमा विदेशतिर जाने गर्दछन् । महिलाहरू खेती किसानी गरेर घर समालेर स्वामी फर्कने आस बटुलेर बसिरहेका हुन्छन् । समाजमा बेराजगारी समस्याले युवाहरू विदेशिन बाध्य छन् । विदेशिदाको पीडाबोध उक्त गीतले बोलेको छ ।

### ४.२.४ दाइँ गीत

असारमा लगाएको धान मंसिरमा काटिन्छ । धान काटिसकेपछि परालको दाइँ राख्ने गरिन्छ । किसानहरूले दाइँ राख्दा काम गर्ने वातावरण रमाइलो बनाउनका लागि सामूहिक गीत गाउँदछन् । यसरी दाइँ गर्दा गाइने गीतलाई नै दाइँ गीत भनिन्छ । ढोफिर्दीमा गाइने दाइँ गीतको नमूना र विश्लेषण तल उल्लेख गरिएको छ :

*हो.हो. तारे - हो.हो. - हो.हो. माले हो.हो.*
*मियो घुमि देऊ मुरी मुरी धान झारिदेऊ*
*हो.हो. तारे हो.हो. हो.हो. माले हो.हो.॥*
*माल मधेशको सह-ल्यादेऊ*
*लछिमीको वास गराइदेऊ*

दाइँ गर्दा किसानहरू असारमा रोपेको आफ्नो मेहनतको फल झर्ने र भकारीमा हाल्न पाइने भएकाले निकै उत्साहित हुन्छन् । यस गीतमा आर्थिक विषय पाउन सकिन्छ । दाइँमा गोरू धपाउँदै अन्नको सह आएमा धेरै धान भित्र्याउन पाइने हुँदा गीतमार्फत् धनकी लक्ष्मीले वास गरुन् धानको सह आओस् र भकारी भरियोस् भन्ने कामना गरिएको छ । यस गीतमार्फत् किसानले परालबाट सबै धान छुट्टियोस आफ्नो मेहनेतको फल धेरै नै आओस् भन्ने आस गरेका छ । यहाँ लक्ष्मीको वास गराइदेऊले धार्मिक आस्था झल्काएको छ ।

ढोरफिर्दीका कर्मगीतमा सामाजिक, धार्मिक, आर्थिक, न्यायिक कृषि व्यवस्था जस्ता विषयवस्तुका गीतहरू पाउन सकिन्छ । यहाँका गीतमा समाजमा रहेको बेरोजगारीको समस्या, कृषि कार्यको वर्णन, प्रकृतिको चित्रण, खेतबारीमा नारीले काम गर्दाको वेदना आदि विषयवस्तुहरू रहेका छन् ।

### ४.२.५ धार्मिक गीतको विश्लेषण

ढोरफिर्दीमा देवीदेवतालाई मान्ने, पूजा, आराधाना गर्ने धार्मिक महत्त्वका लोकगीत पनि प्रचलित छन् । देवीदेवता वा धर्मसँग सम्वन्धित भजन चुड्का नै धार्मिक गीत हुन् । ढोरफिर्दीमा पर्व उत्सव तथा धार्मिक कार्यमा भजन, चुड्का गाउने प्रचलन रहेको पाइन्छ । यस क्षेत्रमा प्रचलित धार्मिक गीतका केही नमूना र विश्लेषण तल उल्लेख गरिएको छ :

साँझको बेलामा प्रभु सञ्जे जगाऊ, राम आरती जगाऊ
साँझको बेला प्रभु सञ्जे जगाऊ ।

उक्त गीतमा साँझको बेलामा राम आरती गाउन प्रभुलाई अनुरोध गरिन्छ । हाम्रो समाजमा साँझको बेला आरती गर्ने परम्परा रहेको पाइन्छ । साँझको बेलामा राम आरती गाई सञ्जे जगाए राम्रो हुने, फल प्राप्त गर्ने बताइएको छ ।

धर्म करतालाई फूलको माला गंगालाई
धरिमा कमायौ धन्नकी रौछै करिता ॥
जाम्ला बैकुण्ठमा नाच्दैं गाउदै बजाउदै ।

प्रस्तुत भजन गीतमा धार्मिकसँगै सांस्कृतिक विषयवस्तु रहेको पाइन्छ । चौमासको व्रत समाप्तिमा तोरण तार्दा र श्रीस्वस्थानीको व्रत समाप्तिमा फूल सेलाउने संस्कारमा उक्त चुड्का भजन गाउने गरिन्छ । यसमा भजन मण्डलीले कर्तालाई धर्म कमाएको आसिक दिएका छन् । यहाँ एकातिर व्रत समाप्तिमा फूल सेलाउने संस्कार कार्य देखिन्छ भने अर्कोतिर धार्मिक आस्था झिल्किएको छ ।

हातमा काम मुखमा राम
गर काम नगर विराम ॥

प्रस्तुत भजन गीतले मानवलाई काम गर्दा होस् या जुनसुकै समय भगवान्लाई सम्झनुपर्ने जनाइएको छ । भगवान्लाई सम्झेर काम गर्नु राम्रो हुन्छ । भगवान्को नाम जप्दै काम गर्नुपर्ने तर गलत काम भने गर्न नहुने सुझाव दिइएको छ । यस गीतले मानिसलाई अनुशासनमा रहन सिकाएको छ ।

धार्मिक गीतमा धार्मिकसँगै सांस्कृतिक विषयवस्तु पनि रहेको पाउन सकिन्छ । भगवान्को ध्यान, जप गर्नाले मानव जीवन सफल हुन्छ भन्ने धार्मिक विश्वास र धर्मसम्वन्धीका केही संस्कार कार्यहरू धार्मिक गीतमा पाइन्छन् ।

### ४.२.६ बाह्रमासे गीतको विश्लेषण

ढोरफिर्दीमा प्रचलित लोकगीतमध्ये कतिपय लोकगीत बाह्रै महिना गाउन सकिने बाह्रमासे गीतहरू छन् । यस्ता गीतहरूमा सिलोक, भ्याउरे, सुनिमाया, सालैजो, ठाँडो भाका, रोइला, बालगीत आदि पर्दछन् । यस्ता गीतहरू जुनसुकै अवसर तथा पर्व उत्सवमा पनि गाउन सकिन्छ । यी मध्ये केही बाह्रमासे लोकगीतको नमूना र विश्लेषण तल उल्लेख गरिएको छ :

*ढोर माथि लाकुरिको बोट पीर चिन्ताले*
*हो निरमाया ज्यान सुकेर धागो झैँ*
*देख्न पाइन निष्ठुरीको मुख ।*

हाम्रो समाजको बेरोजगारीको समस्याले विदेशतिर लाग्ने चलन हालसम्म पनि रहेको पाइन्छ । परदेसीको सम्झना आउने र पीर लाग्ने स्वभाविक नै हो तसर्थ मायालुको विछोडमा आफू दुःखी भएको र उसकै तस्वीर सम्झेर रूने गरेको प्रस्तुत गीतमा उल्लेख गरिएको छ । प्रस्तुत गीतमा बेरोजगारी समस्या र परदेसिनुको पीडा व्यक्त भएको छ यसका साथै स्थानिय प्रकृतिको पनि वर्णन पाउन सकिन्छ ।

*फाट्यो गुनीयो फाट्यो धन छैन केले किन्नु*
*पाँच वर्षकी विवाह गरी जानुभयो स्वामी भनी क्या चिन्नु ॥*

पहिलेको समयमा अनमेल विवाह, बालविवाह गर्ने गरिन्थ्यो । प्रस्तुत गीतमा बाल विवाह र अनमेल विवाहलाई मान्यता दिएको सामाजिक परम्परा र संस्कार पाउन सकिन्छ । पुरुषको उमेर पुगेर विवाह गर्ने भए पनि नारीको बालकमै विवाह गरिदिइन्थ्यो । विवाह के हो नबुझ्ने अवस्थामै विवाह गरिदिइन्थ्यो । बुझने उमेर पुग्दा बालकैमा विवाह गरेका श्रीमान् श्रीमतीलाई घरमै छाडेर विदेशतिर लागेका हुन्छन् । यहाँ बालविवाह र अनमेल विवाहबाट महिलाले भोग्नुपर्ने समस्या र कष्टलाई देखाइएको छ ।

*माइतिघर बचनको डर*
*कर्मघर पाइएन अधार ॥*
*घरमा हेला माइतमा बसौंला*
*माइत हेला मुग्लानै पसौंला ॥*

दोस्रो विवाह र विधवा विवाहलाई स्वीकृति नदिने हाम्रो सामाजिक व्यवस्था रहेको छ । विवाहपछि घरमा राम्रो सुख र सन्तोष मिलेन भने दोस्रो विवाह वा विधवा विवाहलाई

स्वीकृत नभएको हाम्रो समाजमा विधवा जीवन बिताउन बाध्य र घरमा दुःख पाएका नारी माइतमा पुग्छन् तर त्यहाँ पनि सन्तोषजनक व्यवहार पाउँदैनन् । यसरी माइतमा पनि उपेक्षित भएमा माइतीघर पनि छाडेर मुग्लानतिर लागौंला वा आर्को बाटो खोज्नुपर्छ भनिएको छ । प्रस्तुत गीतमा हाम्रो समाजमा घरबारबिहिन तथा विधवा नारीले भोगेको पीडाको यथार्थ भाव पाउन सकिन्छ ।

*फिर्दी फाटैमा*

*मलाई सम्झी नरोऊ आमा मेला पातैमा ॥*

*आमा तिम्रो म छोरी हैन र*

*दाइलाई अंश मलाई केहि छैन र ॥*

पहिलेको समयमा पैतृक सम्पतिको हकमा मात्र नभइ अन्य खाने, लगाउने र पढाउने जस्ता विषयमा पनि छोरा र छोरीलाई समान व्यवहार गरिदैन्थ्यो । प्रस्तुत गीतले छोरा र छोरीप्रति गरिएको यही सामाजिक विभेदलाई देखाएको छ । साथसाथै प्रकृतिको पनि वर्णन गरेको पाइन्छ ।

पढ शास्त्र पाटीमा लेख्नु

नपढनी मानिस मुखै नदेख्नु

पढन भनेको बडो मुस्किल हुन्छ

पढन सके त भन ताके पुग्छ ॥

प्रस्तुत सिलोकमा शिक्षाको महत्व झल्किएको छ । पढ्न बडो गाह्रो हुन्छ, पाटीमा लेख्नु पढाइमा राम्रोसँग ध्यान दिनु नपढेको मानिससँग सँगत नै नगर्नु राम्रो पढन सकेमा मनले चिताएको पुग्नेछ । पहिलेका मानिसले पढ्ने अवसर कमैले मात्र पाउथे । तर पढेको मानिस समाजको श्रेष्ठ व्यक्ति बन्छ । पढाइको ठूलो महत्व छ, पढेको मानिसले समाजमा पण्डित काम राम्रो इज्जत, तथा सेवा सुविधा पाउछ भन्ने जनाइएको छ ।

जो आउछ साँझका घरी,

उसकाना मान्नु पर्दछ श्री हरी ॥

प्रस्तुत सिलोकमा सामाजिक संस्कारको विषय झल्किएको छ । यहाँ साँझमा आउने व्यक्तिलाई भगवान्को रूपमा हेरिएको छ । पहिले-पहिले साँझमा आउने व्यक्तिलाई सत्कार गर्ने गरिन्थ्यो । साँझमा आएका पाहुना वास बस्नु भनेको भगवान् वास बस्नु जस्तै

मानिन्थ्यो । यहाँ मानवले मानवलाई सेवा गर्नु, अप्ठेरो र दु:खमा परेकालाई सहयोग गर्नु नै मानवको धर्म हो भनिएको छ ।

*इन्टु पिन्टु लालपिन्टु,हाम्रा बाबा पल्टनमा, रातो झण्डा गाडेको*

*स्कुलको पाले दाइ,पहिलो घण्टी बजाइदेउ टिनिनिनिनिनिनि..॥*

बेरोजगारीको समस्याले हाम्रो समाजका युवाहरू विदेसिन बाध्य छन् । भोक र शोकमा रून्ने कराउने बालबालिकाहरू कहिलेकाँही गीत गाएर भुल्ने गर्दछन् । यसरी बालबालिकाले गाउने गीतमा आर्थिक र सामाजिक विषयवस्तु पाउन सकिन्छ । प्रस्तुत गीतमा बालबालीकाले आर्थिक समस्याले गर्दा विदेशिन बाध्य आफ्ना बाबा आमालाई सम्झिएका छन् । ढोरफिर्दीमा गाइने बाह्रमासे गीतमा सामाजिक, सांस्कृतिक, शैक्षिक र न्यायिक विषयवस्तुका गीत पाउन सकिन्छ ।

## ४.३ रसका आधारमा ढोरफिर्दीका लोकगीतको विश्लेषण

### ४.३.१ रस परिचय

साहित्य अध्ययन वा श्रवणबाट पाइने भावनात्मक प्रभाव वा आश्वादनलाई रस भनिन्छ । रस सिद्धान्त पूर्वीय साहित्य सिद्धान्तको महत्वपूर्ण सिद्धान्त हो । साहित्यमा रस भन्नाले कुनै पनि साहित्यिक रचनाविशेषबाट आस्वादित हुने आनन्दानुभूति भन्ने बुझिन्छ ( भण्डारी र पौडेल:२०६५:१७) । साहित्य सुन्दा, पढ्दा, पाठक वा दर्शकका हृदयभित्र वा मनभित्र हुने आनन्दको अनुभूतिलाई रस भनिन्छ । रसको भाव अनुशार आलम्वन विभाव, उद्दीपन विभाव, अनुभाव, र व्यभिचारी भाव छुट्टिन्छन् । सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरहने चित्तवृत्तिलाई स्थायी भाव भनिन्छ । जुन कारणले स्थायी भावको भावना जागृत हुन्छ त्यो तत्त्वलाई विभाव भनिन्छ । विभाव दुई प्रकारको हुन्छन्: आलम्बन र उद्दीपन । नायक नायिका ,कुनै विषयबस्तु वा घटनालाई आलम्वन विभाव र समय, स्थान, परिस्थिति रस उत्पादनको वातावरणलाई उद्दीपन विभाव भनिन्छ । मानव हृदयमा स्थायी भाव उद्दीप्त भएपछि देखापर्ने शारीरिक र मानसिक क्रिया प्रतिक्रियालाई अनुभाव भनिन्छ । भने स्थायी भाव प्रसारित भइसकेपछि बदलिने क्षणिक स्वभावलाई व्यभिचारी भाव भनिन्छ । यस्ता भावहरू अस्थायी भएकाले बीच बीचमा आउछन् र स्थायी भावलाई विकसित गराउछन् र हराउछन् । साहित्यमा रसहरू नौ प्रकारका छन्: ती क्रमश: शृङगार, हास्य, करुण, वीर, रौद्र, भयानक, विभत्स, अदभूत, र शान्त, हुन् । यी रसहरूको क्रमश: स्थायी भावहरू रति,

हाँसो, शोक, उत्साह, क्रोध, भय, घृणा, विस्मय, शान्ति हुन् । यिनै रसका आधारमा ढोरफिर्दीका गीतलाई विश्लेषण गरिँदैछ ।

## ४.३.२ श्रृङ्गार रस

श्रृङ्गार रसको स्थायी भावः रति वा प्रेम हो । परस्पर प्रेममा बाँधिएका नायक नायिकाको एक अर्काप्रतिका अनुरागको वर्णन भएमा शृङ्गार रस उत्पन्न हुन्छ (भण्डारी र पौडेलः२०६५:२१) । प्रेमको भाव झल्काउँदा उत्पन्न हुने रस शृङ्गार रस हो । यो रस दुई प्रकारको हुन्छ : (क) संयोग शृङ्गार रस (ख) वियोग शृङ्गार रस । संयोग शृङ्गार रसमा प्रेमीप्रेमिकाको प्रेमपूर्ण वर्णन वा मिलनको भावबाट आएको रस शृङ्गार रस हो भने प्रेमीप्रेमिकाको बिछोडको भावबाट उत्पन्न भएको भाव वियोग शृङ्गार रस हो ।
ढोरफिर्दीका लोकगीतमा संयोग शृङ्गार रस र वियोग शृङ्गार रसको अवस्था कस्तो छ ? भनेर यहाँ खोजी गर्दा पाइएका लोकगीतका उदाहरण राखी तिनको संक्षिप्त विश्लेषण गरिँदै छ ।

*ए माया तिमी र म त*
*जीवनसाथी भयौं नि अब त ॥*

यही अनुसन्धानपत्रमा समाविष्ट उक्त रत्यौली गीतको स्थायी भाव प्रेम हो । **तिमी** र **म** आलम्बन विभाव हुन् । **एकान्त स्थान** उद्दीपन विभाव हो । त्यसैगरी **प्रेमले हेर्नु, मुस्कुराउनु** अनुभाव हुन् । **लाज, मुस्कान, पीर** व्यभिचारी भाव हुन् । यिनै रससामग्री समावेश भएका कारण उक्त रत्यौली गीतमा श्रृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

*शुन्य भयो डाँडैको वर*
*आजभोली मायालु काँ छौ र ?*

सङ्कलित प्रस्तुत रत्यौली गीतमा 'रति' वा 'प्रेम' स्थायी भावका रूपमा आएको छ । यस गीतको स्थायी भाव रति वा प्रेम हो । **मायालु** र **गायक** आलम्बन विभाव हुन् । **शुन्य व्यक्त गर्नु** अनुभाव हो । त्यसै गरी यौवनलाई देखेर **छक्क पर्नु** उद्दीपन विभाव हो । **लज्जा, पीर** व्यभिचारी भाव हुन् । यिनै रससामग्री समावेश भएका कारण यस गीतमा वियोग शृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

*हासेर बोलीदेऊ माया*
*यसै गरी भेट कहिले हुन्छ र ?*

देउसिरे गीत गाउने क्रममा अचानक गाइएको प्रस्तुत झ्याउरे गीतको स्थायी भाव प्रेम हो । आलम्वन विभाव **माया** र **वक्ता** हुन् । उद्दीपन विभाव **सङ्गीत, एकान्त** स्थान हुन् । अनुभाव **मुस्कुराउनु, प्रेमले हेर्नु** आदि हुन् । **लाज, मुस्कान** र **पीर** व्यभिचारी भाव हुन् । यिनै रससामग्रीको संयोजन भएको कारण प्रस्तुत गीतमा श्रृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

*बिहानको झुल्के घाम सुरीलो* रूखैमा
*कलिलो बैंश सरिमा लाग्छ नहेर मुखैमा ॥*

प्रस्तुत असारे गीतको स्थायी भाव **प्रेम** हो । **वक्ता** आलम्वन विभाव हो । **कलिलो वैंस** उद्दीपन विभाव हो । **मुखमा हेरीरहनु, प्रेमभाव देखाउनु** अनुभाव हुन् । **मुस्कान र पीर** व्यभिचारी भाव हुन् । यिनै रस सामग्रीका आधारमा प्रस्तुत गीतमा श्रृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

*मायासँग दुईदिन भेट नहुँदा*
*डाँडाकाँडा रसायो म रूँदा ॥*

प्रस्तुत झ्याउरे गीतबाट श्रृगार रसको आश्वादन गर्न सकिन्छ । यहाँ ‘रति’ वा ‘प्रेम’ स्थायी भावको रूपमा आएको छ । **मायालु र गायक** आलम्बन विभाव हुन् । **शुन्य व्यक्त गर्नु** अनुभाव हो । त्यसै गरी यौवनलाई देखेर **छक्क पर्नु** उद्‌दीपन विभाव हो । **लज्जा, पीर** व्यभिचारी भाव हो । यिनै कारणले गर्दा यस गीतमा वियोग शृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

*ढोर माथि लाँकुरीको बोट*
*पिर चिन्ताले हो निर माया*
*ज्यान सुकेर धागो झैँ*
*देख्न पाइन निस्टुरीको मुख ॥*

प्रस्तुत झ्याउरे गीतबाट वियोग शृङ्गार रसको आश्वादन गर्न सकिन्छ । यहाँ ‘रति’ वा ‘प्रेम’ स्थायी भावको रूपमा आएको छ । यस गीतको स्थायी भाव प्रेम हो । **वक्ता** तथा **निस्टुरी** आलम्वन विभाव हुन् । **एकान्त** स्थान उद्दीपन विभाव हो । **प्रेमभाव देखाउनु, ज्यान सुक्नु** अनुभाव हुन् । **पीर, लाज** व्यभिचारी भाव हुन् । यिनै रससामग्री भएकाले यस गीतमा वियोग शृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

*लाली पाउडर लाउनी*
*हेर्दा हेर्दै पर गई*

*के रमाइलो छ र खै ॥*

प्रस्तुत खेली गीतमा **रति** वा **प्रेम** स्थायी भाव आएको छ।  **लाली पाउडर** लाउनी आलम्बन विभाव हो। **पर पर हेरीरहनु** अनुभाव हो। यौवनलाई देखेर **छक्क पर्नु** उद्‌दीपन विभाव हो। **लाज, पीर** व्यभिचारी भाव हुन्। यिनै रससामग्रका कारण यहाँ वियोग श्रृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

*मायासगँ भेट भाको दिन*

*रङग रस गरौ न एक छिन ॥*

प्रस्तुत दोहोरी गीतमा 'रति' वा 'प्रेम' स्थायी भावका रूपमा आएको छ। यस गीतको स्थायी भाव **प्रेम** हो। **वक्ता, माया** आलम्वन विभाव हुन्। **एकान्त स्थान** उद्दीपन विभाव हो। **प्रेमभाव देखाउनु, रङ्ग रस गर्नु** अनुभाव हुन्। **पीर, लाज** व्यभिचारी भाव हुन्। यिनै रससामग्रीका कारण  प्रस्तुत गीतमा संयोग श्रृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

*भात मीठो राम साइँलीको ए है सालैजो तिउन मीठो बोडी*

*माया मीठो लुकीचोरी ए है सालैजो हल मिलेको जोडी ॥*

प्रस्तुत सालैजो गीतको स्थायी भाव **रति वा प्रेम** हो। यहाँ माया मीठोले रति वा प्रेम भाव जागृत गराएको छ। **जोडी** आलम्बन विभाव हुन्। **लुकीचोरी** उद्दीपन विभाव हो भने यौवनलाई देखेर **छक्क पर्नु** अनुभाव हो। **लाज र मुस्कान** व्यभिचारी भाव हुन्। यिनै रस सामग्री भएकाले यहाँ संयोग श्रृङ्गार रसको रसको अभिव्यक्ति पाइन्छ ।

*चोली दिउँला मखमली*

*सारी दिउँला फाइबर*

*मै हो नानी रेलको डाइभर ॥*

प्रस्तुत कौरा गीतमा श्रृगार रसको अभिव्यक्ति पाइन्छ। यहाँ 'रति' वा 'प्रेम' स्थायी भावका रूपमा आएको छ। **नानी र डाइभर** आलम्बन विभाव हुन्। त्यसैगरी यौवनलाई देखेर **छक्क पर्नु** उद्‌दीपन विभाव हो। भने **आँखा झिम्काउनु र प्रेमले हेर्नु** अनुभाव हो। नानीमा देखिने **लज्जा** व्यभिचारी भाव हो। यिनै रस सामग्री भएका कारणले यहाँ संयोग श्रृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

*हा सुनिमयाँ हा हातैमा लिउँला कलमै मसी लेखौंलाँ भनेर*

*हा सुनिमयाँ हा चारैमा दिसा नजर लाए हा सुनिमयाँ हा देखौंलाँ भनेर ॥*

उल्लिखित सुनिमयाँ गीतमा वियोग श्रृङ्गार रसको अभिव्यक्ति पाइन्छ । यहाँ रति वा प्रेम स्थायी भावका रुपमा आएको छ । **नजर लगाउनु** आलम्बन विभाव हो । **एक्लोपन** उद्दीपन विभाव हो भने यौवनलाई देखेर **छक्क पर्नु** अनुभाव हो । त्यसैगरी **लाज, मुस्कान** व्यभिचारी भाव हुन् । यिनै रससामग्री फेला परेकाले यस गीतमा वियोग श्रृङ्गार रसको अभिव्यक्ति पाइन्छ ।

### ४.३.३ करुण रस

दुखदायी भाव झल्काउँदा करुण रसको उत्पत्ति हुन्छ । अनिष्ट व्यवहार आपतकालीन अवस्था, आफन्तको मृत्यु, चोटपटकको भय रहँदा, शोक परेको सुन्दा, देख्दा वा अनुभव गर्दा करुण रस उत्पन्न हुन्छ । पुत्र तथा प्रियजनसितको वियोग र तिनको विपत्ति वा तिनको मरण देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुण रसको उत्पत्ति हुन्छ (पौडेल २०६७:४६) । ढोरफिर्दीका लोकगीतमा करुण रसको अवस्था कस्तो छ ? भनेर यहाँ खोजी गर्दा पाइएका लोकगीतका उदाहरण राखी तिनको संक्षिप्त विश्लेषण गरिँदै छ ।

*कसरी आयौँ नि नानी*
*जन्मदिने बाउ आमा छोडेर ॥*

प्रस्तुत रत्यौली गीतमा स्थायी भाव **शोक** हो । यहाँ बाउ आमा छोडेर वाक्याशंले करुण रस जागृत गराएको छ । **नानी, बाउ र आमा** यसका आलम्बन विभाव हुन् । **पराइघर जानु** उद्दीपन विभाव हो । **रूनु, दुःख व्यक्त गर्नु** अनुभाव हो । त्यसैगरी **चिन्ता, सम्झना** व्यभिचारी भाव हुन् । यिनै रससामग्रीका कारण यस गीतमा करुण रसको अभिव्यक्ति भएको पाइन्छ ।

*दाजुभाइ नभएका दिदीबहिनी जति छन्*
*तीजको चाँड आउँदा पनि अति रून्छ मन ॥*

माथिका तीज गीतको अंशमा नारीको वेदना कहिएको छ । यस गीतमा **शोक** स्थायी भावको रूपमा देखिएको छ । **दिदीबहिनी** आलम्बन विभाव हुन् । **तिजको अवसर** उद्दीपन विभाव हो । छोरीमा आएको **रोदन** वा छोरीले गरेको **विलाप** अनुभाव हुन् । त्यस्तै छोरीको **चिन्ता** व्यभिचारी हो । यिनै कारणले गर्दा प्रस्तुत गीतमा करुण रसको अभिव्यक्ति भएको पाइन्छ ।

*बाबा र ससुरा खोज्न भनी जाँदा*

*दुई ढुङ्गाको अन्तरमा लास बरिलै ॥*

प्रस्तुत तीज गीतमा **छोरी** आलम्बन विभाव हो । छोरीको **लास देख्नु** उद्दीपन विभाव हो । बाबुले गरेको **विलाप** अनुभाव हो । **झस्केर रूनु, चिन्ता** अनि **ग्लानी** व्यभिचारी भाव हुन् । यिनै कारणले गर्दा यस गीतमा करुण रसको अभिव्यक्ति भएको पाइन्छ ।

*रूँदै हिड्छु मेरो बाबा गाई चराउँदै बनमा*

*खुशी अनि उज्यालो छैन मनमा ॥*

उल्लिखित तीज गीत एक नारीले आफ्नो वेदना पोखेकी छन् । प्रस्तुत गीतको स्थायीभाव **शोक** हो । **छोरी** आलम्बन विभाव हो । **गाई चराउनु** उद्दीपन विभाव हो । **रूनु अनुभाव र दुःख, चिन्ता ग्लानी** व्यभिचारी भाव हो । यिनै कारणले गर्दा प्रस्तुत गीतमा करुण रसको अभिव्यक्ति भएको पाइन्छ ।

*रून्छु सँधै बनैको न्याउली झैं*

*ज्यान सुकेर भैसक्यो प्याउली झैं ॥*

माथिका गीतको अंशमा नारीको वेदना व्यक्त भएको छ । प्रस्तुत गीतको स्थायी भाव **शोक** हो । **वक्ता** (म) आलम्बन विभाव हुन् । **दुःख, पीडा** उद्दीपन विभाव हुन् । **ज्यान सुक्नु** अनुभाव हो । **चिन्ता** र **ग्लानी** व्यभिचारी भाव हुन् । यिनै रससामग्रीका माध्यमबाट उक्त गीतमा करुण रसको अभिव्यक्ति भएको पाइन्छ ।

*केही पनि थिएन बिचरा र खुन*

*अब म कसो गरी बिर्सुँ पियारीको त्यो गुन ॥*

प्रस्तुत सिलोकबाट करुण रसको आस्वादन गर्न सकिन्छ । रस सामग्रीको आधारमा प्रस्तुत सिलोकलाई विश्लेषण गर्दा यसमा **शोक** स्थायी भाव बनेर आएको छ । **पियारी र म** आलम्बन विभाव हुन् । **पियारी नहुनु** उद्दीपन विभाव हो । **रूनु** अनुभाव हो । **दुःख, चिन्ता र ग्लानी** व्यभिचारी भावको रूपमा आएका छन् । तसर्थ यस गीतमा करुण रसको अभिव्यक्ति भएको पाइन्छ ।

### ४.३.४ हास्य रस

हाँसो उठ्दो वस्तु, चिज देख्दा र सुन्दा उत्पन्न हुने रस हास्य रस हो । अरु हाँसेको देखेर अथवा आफैमा हाँसो उत्पन्न भएर यस रसको सृजना हुन्छ । हाँसो स्थायी भाव हुने रसलाई हास्य रस भनिन्छ (शर्मा र लुइटेल २०६७ :५४) ।

ढोरफिर्दीका लोकगीतमा हास्य रसको अवस्था कस्तो छ ? यही प्रश्नको उत्तरको खोजीमा केन्द्रित भएर यहाँ प्राप्त भएका लोकगीतका उदाहरण राखी तिनको संक्षिप्त विश्लेषण गरिँदै छ ।

*पोखराको बजारमा राता मकै कौंडे*
*दुलहाँ गए दुलही लिन, जन्ति केलाई दौडे ?*

प्रस्तुत रत्यौली गीतमा हस्यौंली वा ठ्टयौली पाराले व्यंग्य गरिएको छ । गीत गाउँदा र सुन्दा वाचक र श्रोता दुवैमा हाँसो आउँछ । प्रस्तुत गीतको स्थायी भाव **हाँसो** हो । यहाँ **दुलहा-दुलही** आलम्वन विभाव हुन् । जन्ती **दौडनु** उद्दीपन विभाव हो । त्यसै गरी **हाँस्नु** अनुभाव हो । **हर्ष र उमङ्ग** व्यभिचारी भाव हुन् । यिनै रससामग्रीको संयोजनबाट प्रस्तुत गीतमा हास्य रसको अभिव्यक्ति पाइन्छ ।

*मियाको गोरु तिखे र ताखे*
*घर बस्ने बुढिले तिहुँन चाखे ॥*

प्रस्तुत गीतको स्थायी भाव हाँसो हो । यहाँ **मियाको गोरु र घरकी बुढी** आलम्वन विभाव हुन् । **तिहुँन चाख्नु** उद्दीपन विभाव हो । त्यसै गरी **हाँस्नु अनुभाव** हो । **हर्ष र उमङ्ग** व्यभिचारी भाव हुन् । यिनै रससामग्रीका आधारमा प्रस्तुत गीतमा हास्य रसको अभिव्यक्ति पाइन्छ ।

*हा हे कपालै काट्यो जाले यो दे बन्चरैले दाउरा चिर्‍यो कैंचीले*
*हा हा बाच्चालाई पार्‍यो जाले यो कुखुराइले, फूल पार्‍यो भैंसीले ॥*

माथिका ठाँडो भाका गीत गाउँदा र सुन्दा वाचक र श्रोता दुवैमा हाँसो आउँछ । त्यही कारण प्रस्तुत गीत हाँस्य रसको गीत हो । यस गीतको स्थायी भाव **हाँसो** हो । **दाउरा र कुखुरा** आलम्बन विभाव हुन् । **कैंचीले चिर्नु र बञ्चराले काट्नु,** उद्दीपन विभाव हुन् । त्यसैगरी **हाँस्नु** अनुभाव हो । **हर्ष** वा **विष्मय** व्यभिचारी भावको रूपमा देखापरेको छ । यिनै रस सामग्रीका आधारमा प्रस्तुत गीतमा हास्य रसको अभिव्यक्ति पाइन्छ ।

*घामपानी-घामपानी स्यालको बिहे*

*कुकर जन्ती बिरालो बाहुन*

*बिरालोले छोएको कसैले नखाऊन् ॥*

प्रस्तुत रत्यौली गीतमा हस्यौली ठट्यौली पाराले व्यग्य गरिएको छ । गीत गाउँदा र सुन्दा वाचक र श्रोता दुवैमा हाँसो आउँछ । प्रस्तुत गीतको स्थायी भाव **हाँसो** हो । यहाँ **दुलहा, दुलही** आलम्वन विभाव हुन् । **जन्ती दैड्नु** उद्दीपन विभाव हो । त्यसैगरी **हाँस्नु** अनुभाव हो । **हर्ष र उमङ्ग** व्यभिचारी भावको रूपमा देखापरेका छन् । यिनै कारणले प्रस्तुत गीतमा हास्य रसको अभिव्यक्ति पाइन्छ ।

### ४.३.५ रौद्र रस

मानहानी, बेइजती र शत्रुपक्षबाट मानव मनमा जुन किसिमको क्रोध पैदा हुन्छ त्यसलाई रौद्र रस भनिन्छ । शत्रुको अपमानपूर्ण व्यवहार, तथा घृणित कुराबाट रौद्र रसको उत्पति हुन्छ (भण्डारी र पौडेल, २०६५ : २१) । रौद्र रसको स्थायी भाव कोध तथा रीस हो ।

ढोरफिर्दीका लोकगीतमा रौद्र रसको अवस्था कस्तो छ ? भनेर यहाँ खोजी गर्दा फेला परेको एउटा गीत यस प्रकारको छ :

*कुन तेरो बाउले डलीमली पार्यो ? कुनले आङ खोल्यो ?*

*कुन तेरो बाउले रस लियो ? कुनसित सङ थियो ?*

प्रस्तुत गीतमा **कोध** स्थायी भावको रूपमा आएको छ । **दोषी देख्नु** आलम्वन विभाव हो । त्यस्तै **परपुरुषसगँ सङगत गर्नु अनि अपराध गर्नु** उद्दीपन विभाव हुन् । **आँखा रातो हुनु** अनि **दाँत किट्नु** अनुभाव हुन् । **आवेग, उग्रता** व्यभिचारी भाव हुन् । यिनै कारणले गर्दा प्रस्तुत गीतलाई रौद्र रसयुक्त गीत भनेर चिनिन्छ ।

### ४.३.६ शान्त रस

मनलाई सांसारिक मायामोहबाट एकाग्र तुल्याई आनन्दको अनुभूति गर्नुलाई शान्त रस भनिन्छ । संसारको अनित्यता र निःसारताको बोधबाट उत्पन्न हुने वैराग्यपूर्ण चित्तवृत्ति वा मनस्थितिबाट शान्त रसको उत्पत्ति हुन्छ (पौडेल २०६७:४६) । यस रसको स्थायी भाव शान्ति हो । आध्यात्मिक चिन्तन भएका भजन चुड्का बालन आदि लोकगीतहरूमा शान्त रस बढि मात्रमा पाइन्छ ।

ढोरफिर्दीका लोकगीतमा शान्त रसको अवस्था कस्तो छ ? यही प्रश्नको उत्तरको खोजीमा केन्द्रित भएर यहाँ प्राप्त भएका लोकगीतका उदाहरण राखी तिनको संक्षिप्त विश्लेषण गरिँदै छ :

*बल्ल बोल्यो लक्षिनको दियो*
*हाम्रो पनि चाहना यही थियो ॥*

प्रस्तुत गीतमा **शान्ति** स्थायी भावका रूपमा आएको छ । रस सामग्रीका आधारमा उक्त गीतको विश्लेषण गर्दा **लच्छिनको दियो** आलम्बन विभाव हो । **चाहना पुरा हुनु** उद्दीपन विभाव हो । **शान्ति महशुस हुनु** अनुभावको रूपमा आएको छ । त्यसैगरी **धैर्य, स्मृति** व्यभिचारी भाव हुन् । यिनै कारणले गर्दा प्रस्तुत गीतबाट शान्त रसको आस्वादन गर्न सकिन्छ ।

*फूलबारीमा बसौँला फूलको माला गासौँला*
*हामी चेली गरौँला देवतीको ध्यान ॥*

प्रस्तुत गीतको स्थायी भाव **शान्ति** हो । आलम्बन विभाव **हामी चेली** हो । **देवतीको ध्यान गर्नु** उद्दीपन विभाव हो । त्यस्तै **शान्ति महशुस हुनु** अनुभाव हो ।  **धैर्य, स्मृति र आनन्द** व्यभिचारी भाव हुन् । अतः यिनै रस सामग्रीका आधारमा प्रस्तुत गीतमा शान्त रसको अभिव्यक्ति पाइन्छ  ।

*कलियुगमा सबै छन् खोज्नी त*
*सम्झे शिव मनैमा छन् नि त ।*
*यति राम्रो मनुष्य चोला*
*राम्रो बोल नराम्रो नबोल ॥*

प्रस्तुत भक्तिपरक गीतमा **शान्ति** स्थायी भावका रूपमा आएको छ । यसमा देखिएका **शिव, मनुष्य** आलम्बन विभाव हुन् । **राम्रो बोल्नु, काम गर्नु** उद्दीपन विभाव हुन् । **शान्ति महशुस हुनु** अनुभाव हो । त्यसैगरी राम शिवलाई सम्झेर **धैर्य लिनु** व्यभिचारी भाव हो । यिनै रससामग्री भएका कारण प्रस्तुत गीतमा शान्त रस व्यक्त भएको छ ।

## ४.४ अलङ्कारका आधारमा ढोरफिर्दीका लोकगीतको विश्लेषण

### ४.४.१ अलङ्कार परिचय

साहित्यिक अभिव्यक्तिलाई सौन्दर्य प्रदान गर्ने वा शोभा बढाउने तत्त्वलाई अलङ्कार भनिन्छ । काव्यको गहना वा आभूषण अलङ्कार हो (शर्मा,लुईटेलः२०६७:५८) । अलङ्कारले काव्य वा साहित्यलाई सिगारेको हुन्छ । अलङ्कार त्यो तत्व हो जसले कुनै न कुनै प्रकारले रस ,ध्वनी वा व्यङग्यार्थलाई विभूषित गर्छ (उपाध्याय,२०५९:२०१) । अलङ्कार सम्वन्धी पूर्वीय साहित्यमा विस्तृत व्याख्या विश्लेषण गरिएको छ । अलङ्कारको आधिकारीक व्याख्या भामह, रुद्रट, दण्डी आदिले गरेका हुन् । साहित्यमा शव्द र अर्थको प्रयोगबाट अलङ्कारको निर्माण हुन पुग्दछ । अलङ्कार दुई प्रकारका छन् । दुवै थरीलाई क्रमशः शव्दाअलङ्कार र अर्थअलङ्कार भनिन्छ । शव्दाअलङ्कार शुद रूपसगँ सम्वन्धित छ भने अर्थअलङ्कार कथ्य वा भावसगँ पनि सम्वन्धित छ । । अनुप्रास, यमक र श्लेष शव्दालङ्कार अन्तर्गत पर्दछन् । त्यसैगरी उपमा, रूपक, दृष्टान्त उत्पेक्षा, अतिशयोक्ति, वक्रोक्ति, स्वभावोक्ति अर्थालङ्कार अन्तर्गत पर्दछन् ।

लोकगीतका सर्जकले अलङ्कार हेरेर गीत बनाउँदैनन् तापनि बोलाइ वा भनाइको प्रभावकारितामै सुटुक्क अलङ्कार घुसेको हुन्छ । साहित्यमा शब्द र अर्थ गरी दुई स्तरका अलङ्कारको प्रयोग हुन्छ । ढोरफिर्दीका लोकगीतमा पनि शव्दाअङ्कार र अर्थाअलङ्कार दुवै अलङ्कार पाउन सकिन्छ । शव्दबाट हुने अलङ्कार शव्दालङ्कार हो । शव्दालङ्कार अनुप्रास, यमक र श्लेष गरी तीन प्रकारका छन् । अनुप्रासको अर्थ कुनै वर्ण विशेषलाई बारम्बार दोहोप्याउने हो । यसरी वर्णहरुको एक पटक वा अनेक पटक विशेष अन्तरालका साथ दोहोरिएर शब्द सजावट मिल्दा अनुप्रास अलङ्कारको सिर्जना हुन्छ । (पौडेल २०६७:८१) अनुप्रास अलङ्कारः छेकानुप्रास, वृत्यानुप्रास, श्रृत्यानुप्रास, लाटानुप्रास र अन्यानुप्रास गरी पाँच प्रकारका छन् ।

### ४.४.२ अनुप्रास अलङ्कार

ढोरफिर्दीमा प्रचलित प्रायः सबै लोकगीतमा अनुप्रास अलङ्कार पाइन्छन् । तिनमा पनि अन्त्यानुप्रास अलङ्कारको बहुलता भेटिन्छ । जानकारीका निम्ति केही उदाहरणहरु यहाँ उल्लेख गरेर तिनको व्याख्या गरिँदै छ ।

*बाबा उठी जानुभयो केटो खोज्न गाउँमा,*

*भनेजस्तो पाइदैन कुनै ठाउँमा*

*संसारमा धेरै छोरी हुने व्यक्तिहरूलाई*

*त्यहाँ भन्दा ठूलो पिर छैन अरूलाई ॥*

प्रस्तुत तिजे गीतमा शव्दालङकार अन्तर्गत अन्यानुप्रास अलङ्कार रहेको पाइन्छ । यस गीतमा आएको **'गाउँमा'** र **'ठाउँमा'** दुवै शब्दको अन्त्यमा **'उमा'** र **'उमा'** स्वर र व्यञ्जन वर्णले अन्त्यानुप्रास अलङकार देखिएको छ । त्यसैगरी दोस्रो लोकगीतको अंशमा आएको **'लाई'** र **'लाई'** मा अन्त्यानुप्रास छ । यहाँ अन्त्यानुप्रास अलङ्कारको प्रयोगले गीतमा लयात्मक सौन्दर्य सिर्जना भएको छ । अन्त्यानुप्रास अलङ्कार प्राय सबै गीतमा पाइन्छन् ।

*आजलाई मैले अचम्मै देख्यो हा सुनिमयाँ रूखमाथि रूखै छ*

*जतामा जान्छु दुखीको छोरा हा सुनिमयाँ दुःखमाथि दुःखै छ ॥*

प्रस्तुत सुनिमयाँ लोकगीतमा शव्दालङ्कार अन्तर्गतको अनुप्रास अलङ्कार रहेको पाइन्छ । यहाँ **'दुःख'** र **'रूख'** शव्दको आवृत्तिले वृत्यानुप्रास अलङ्कार भएको छ । त्यस्तै रूखै छ र दुःखै छ शव्दको शव्दान्तमा आएको **'खै छ'**, **'खै छ'** वर्णले अन्यानुप्रास अलङ्कार झल्काएको छ ।

शव्दको अर्थमा हुने अलङ्कार अर्थालङ्कार हो । शव्दालङ्कार जस्तै अर्थालङ्कार पनि उपमा, रूपक, दृष्टान्त, उत्पेक्षा, अतिशयोक्ति, समासोक्ति, अर्थन्तरन्यास, वक्रोक्ति अपहनुति र अप्रस्तुत र प्रशंसा गरी  दस प्रकारका छन् (पौडेल २०६७:८३) ।

### ४.४.३ उपमा अलङ्कार

कुनै वस्तु वा चिजलाई अर्को वस्तुसगँ दाज्यो वा उदाहरण दिइयो भने उपमा अलङ्कार हुन्छ । उपमाको अर्थ नजिक वा छेउ हो । अतः कुनै वस्तुलाई अर्को वस्तुको नजिकमा राखेर समानता देखाई दाजियो भने उपमा अलङ्कारको सिर्जना हुन्छ । (पौडेल २०६७:८४) । ढोरफिर्दीका केहि गीतमा पनि उपमा अलङ्कार पाउन सकिन्छ । जस्तै :

*रून्छु सधैं वनैको न्याउली झैं,*

*ज्यान सुकेर भैसक्यो प्याउली झैं ।*

यहाँ एक नारी (आफू) र न्याउलीलाई तुलना गरिएकोले उपमा अलङ्कारको प्रयोग भएको छ । त्यसैगरी दोस्रो अशंमा प्याउलीसँग आफ्नो शरीरको तुलना गरिएको छ । यहाँ आफू उपमेय हो न्याउली उपमान हो भने **झैं** वाचक शव्द र रूनु धर्म हुन् । यी चार

तत्त्वको सहायताले आफूलाई न्याउलीसँग तुलना गरेको हुनाले उपमा अलङ्कारको प्रयोग भएको छ । त्यस्तै न्याउली **भैँ** र प्याउली भै शव्दान्तमा आएको **'उली भै'** समान स्वर तथा व्यञ्जन वर्णको आवृति भई यहाँ अन्त्यानुप्रास अलङ्कार पनि भएको ।

*सुन जस्तो फुल फुल्यो काँकरी भ्यालैमा*

*मोती जस्तो आँसु झर्‍यो छुट्ने बेलैमा ॥ (भट्टराई, २०५२ :१५३)*

यहाँ **फुल र आँसु** उपमेय हो र **सुन र मोती** उपमान हुन् । पँहेला काँकरीका फुललाई सुन र सेता दानाजस्ता आँशुका थोपालाई मोतीको उपमा दिइएको छ । यो गीत शव्दालङ्कार र अर्थालङ्कार दुवैको राम्रो उदाहरण हो । यस लोकटुक्कामा शव्दालङ्कार अन्तर्गत श्रुत्यानुप्रास, छेकानुप्रास र अन्त्यानुप्रास अलङ्कार समेत रहेको छ ।

### ४.४.४ दृष्टान्त अलङ्कार

कुनै कुरालाई उदाहरण सहित पुष्टि गर्नु नै दृष्टान्त हो । समान गुण नभए पनि अघिल्लो वाक्य वा वस्तुमा भनिएका कुरालाई पछिल्लो वाक्य वा वस्तुमा छाया प्रतिछाया या बिम्ब प्रतिबिम्ब पारेर पुस्टयाइ दिन खोज्दा दृष्टान्त अलङ्कार हुन्छ । (पौडेल २०६७:८७) ढोरफिर्दीका लोकगीतमा दृष्टान्त अलङ्कार :

*यो चाल गर्नु भनि केही नपर्ने*

*मनको हिसाब बुझि हरदम काम गर्ने ॥*

प्रस्तुत सिलोकमा माथिल्लो वाक्यमा भनिएको यो काम गर्नु भनी भन्न नपर्ने लाई तल्लो वाक्य मनको हिसाव बुझि हरदम काम गर्ने ले पुस्टाएको हुँदा यहाँ दृष्टान्त अलङ्कार भएको देखिन्छ ।

### ४.४.५ स्वभावोक्ति अलङ्कार

स्वभाविक रूपमा भएका गरेका वा हुने कुराहरू घट्ने घटनाहरू लोकगीतमा पाइन्छन् । त्यस्तो रूप आएमा स्वभावोक्ति अलङ्कार हुन्छ । जस्तैः

*दिए पनि हिरैको हार*

*काटिदैन् आमाको दुःधभारा ॥*

जन्माउने हुर्काउने र संसार देखाउने आमालाई हिराकै हार दिएँ पनि आमाको दु:धभारा तिर्न नसकिने स्वभाविक कुरा भएकाले प्रस्तुत रत्यौली गीतमा स्वभावोक्ति अलङ्कार भएको देखिन्छ ।

### ४.४.६ अतिशयोक्ति अलङ्कारः

हुन नसक्ने असम्भव कुराहरू वर्णन गरिदा अतिशयोक्ति अलङ्कार हुन्छ । कुनै कुरालाई बढाई चढाई वर्णन गर्नु वा उपमेयको उल्लेख नगरी उपमानको आरोपबाट मात्र विशिष्ट देखाउनुबाट अतिशयोक्ति अलङ्कारको सिर्जना हुन्छ (पौडेल २०६७:८६) । ढोरफिर्दीका लोकगीतमा पनि अतिशयोक्ति अलङ्कारको वर्णन पाइन्छ । जस्तै:

*आकाशैकी दिदै पातालैकी बहिनी*

*काँमा होला हाम्रो भेट ।*

प्रस्तुत मागल गीतमा टाढा-टाढा रहेका दिदीबहिनीलाई बढाइचढाइ गरी **आकाश र पाताल** भनी अतिशयोक्ति अलङ्कारको प्रयोग गरिएको छ । दिदीबहिनी आकाश र पातालमा छन् भन्ने कुरा असम्भव कुरा हो । यसले टाढा-टाढा छन भन्ने सङ्केत गरेको हो । तसर्थ यहाँ अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । अतिशयोक्ति अलङ्कारको प्रयोगले गीतमा अर्थगत सौन्दर्यता थपिएको छ ।

*अल्को डाँडा भत्केनी हुन्थ्योनी*

*म रोएको मायाले सुन्थ्योनी ।*

प्रस्तुत झ्याउरे गीतमा **अल्को डाँडो भत्केमा रोएको मायाले सुन्ने** जनाइएको छ । यहाँ अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । यसमा डाँडो भत्किदैन् वा भत्किए पनि टाढाको मान्छेले रोएको सुन्न सक्दैन् । तसर्थ यस गीतमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । यसैगरी केहि अतिशयोक्ति अलङ्कारको उदाहरण यस प्रकार छ :

*यो मायालाई देखौंला भनेर*

*अग्लो डाँडा सम्मै छ खनेर ॥*

प्रस्तुत गीतमा आँखाबाट आएका **आँशुले डाँडा काँडा रसाउनु** र **अग्लो डाँडो खनेर सम्मो पार्नु** असम्भव कुरा भएकोले यी गीतमा अतिशयोक्ति अलङ्कार रहेको देखिन्छ ।

## ४.५ बिम्बका आधारमा ढोरफिर्दीका लोकगीतको विश्लेषण

### ४.५.१ बिम्ब परिचय

घटनाक्रम सहितको दृष्यचित्रलाई बिम्ब भनिन्छ । कुनै दृष्यचित्र वा वस्तुको वर्णन गरिएको शब्दचित्रलाई बिम्ब भनिन्छ । बिम्ब भन्नाले सर्जकका मानसपटलमा रहेको मानसिक तस्बिरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो (गौतम २०६०:१) । थोरै शव्दले धेरै भाव बुझाउने क्षमता बिम्बमा रहेको हुन्छ । बिम्बले सङ्क्षिप्तता र परिमितता र अभिव्यक्तिको स्वतन्त्रताको चाहना गर्दै नवीन चेतनाको खोजी गर्दछ (आचार्य २०६२:१४१) । बिम्ब बाहय सौन्दर्यसगँ सम्विन्धित छ । लोकगीतमा रचनाकारले आफ्नो मनका भावना कुनै वस्तुहरूमा व्यक्त गरेको हुन्छ । त्यही वस्तुलाई बिम्ब भनिन्छ । बिम्बलाई संवेदनात्मक बिम्ब, समसामयिक र यर्थार्थ बिम्ब, यौनबिम्ब, ऐतिहासिक, पौराणिक, धार्मिक, प्राकृतिक, छाँयात्मक, प्रतिकात्मक ,मिथकिय, सांस्कृतिक र लोक बिम्ब आदि विभिन्न प्रकारमा वर्गीकरण गरेको पाइन्छ ।

बिम्बका यिनै प्रकारमध्ये यहाँ सांस्कृतिक बिम्ब, प्राकृतिक बिम्ब र पौराणिक बिम्बको बारेमा चर्चा गरिएको छ । यहाँ तिनै बिम्बका आधारमा ढोरफिर्दीका लोकगीतलाई केलाउने प्रयास गरिएको छ :

### ४.५.२ सांस्कृतिक बिम्ब :

नेपाल बहु विभिधताले युक्त छ । यहाँ विभिन्न जात जाति तथा विभिन्न धर्म सम्प्रदायका मानिसहरू वसोवास गर्दछन् । ती धर्म र जात जातिका आ-आफ्नै संस्कार तथा संस्कृति रहेका छन् । तीनै संस्कार संस्कृतिलाई बुझाउने बिम्बहरू सांस्कृतिक बिम्ब हुन् । ( गौतम २०६०:६) ढोरफिर्दीका लोकगीतमा पनि यस्ता बिम्ब पाइन्छन् । जस्तैः

*जहिलेमा होला*
*बाबाजीको आँगनीमा शुभकार्य*
*उहिलेमा होला हाम्रो भेट ॥*

प्रस्तुत मागल गीतमा सांस्कृतिक बिम्ब रहेको पाइन्छ । यहाँ **शुभकार्य** सांस्कृतिक बिम्बको रूपमा आएको छ । शुभकार्यले विवाह, व्रतवन्ध जस्ता संस्कारजन्य कार्यलाई जनाएको छ । विवाह व्रतवन्ध जस्ता संस्कारिक शुभकार्यमा आफन्त चेलीबेटीलाई बोलाउने

तथा भेटघाट हुने परम्परा रहेको छ । यस गीतमा बाबाजीको आँगनीमा शुभकार्य हुँदा भेटघाट हुने संस्कारजन्य कार्यलाई जनाएको हुँदा यहाँ सांस्कृतिक बिम्ब रहेको पाइन्छ ।

### ४.५.३ प्राकृतिक बिम्ब :

प्रकृतिमा रहेका हरेक विषयबस्तुहरूलाई बिम्बात्मक रूपमा चिनाउनु प्राकृतिक बिम्ब हुन् । प्रकृतिमा रहेका हरेक विषयबस्तुहरूलाई बिम्बात्मक रूपमा चिनाइएका हुन्छन् । खोला नाला पहाड, पर्वत, हिमाल, बेसी छाँगा, छहरा वा समग्रमा ठोस, ग्यास र तरलका रूपमा रहेका वस्तुहरू प्राकृतिक बिम्बका रूपमा आएका हुन्छन् । त्यसैगरी मानव पनि प्रकृतिकै देन हो तसर्थ मानवीय आवश्यकता र क्रियाकलाप सम्वन्धि बिम्बहरू प्राकृतिक बिम्ब हुन् (गौतम २०६०:८) । ढोरफिर्दीका लोकगीतमा प्राकृतिक बिम्बका केही गीतहरू :

*असारै मासको दबदबे हिलो छि मलाई घिन लाग्यो*
*पातली नानीलाई फरिया किन्दा छ बिस रिन लाग्यो ॥*

प्रस्तुत असारे लोकगीतमा **दबदबे हिलो** र **पातली नानी** प्राकृतिक बिम्बको रूपमा आएका छन् । असारको समयमा चारैतिर खुट्टा गड्ने दबदबे हिलो हुन्छ । यहाँ त्यो दबदबे हिलो घिन लाग्दो वस्तु जस्तो भएको छ । मान्छे पातली भए पनि त्यतिबेलाको १२० रूपैंयाको फरिया लगाएकी छ । किनकि उसलाई नक्कली बिम्बका रूपमा प्रस्तुत गरिएको छ । नक्कली केटीसँग घरजम गर्दा गाह्रो पर्ने परिवेशलाई बिम्बको रूपमा दर्शाइएको छ ।

*बाबा र ज्यूको गहिरी खेत राम्रसी हिलाईदेऊ*
*धन र पैसा चाहिदैन मलाई दौंतरी मिलाईदेऊ ॥*

प्रस्तुत गीतमा **दौंतरी मिलाइदेऊ** यौन बिम्बका रूपमा आएको छ । यहाँ प्रयुक्त भएको दौंतरी मानवको प्राकृतिक आवश्यकता हो । तसर्थ यहाँ प्राकृतिक बिम्ब रहेको पाइन्छ । यहाँ जवानीमा आवश्यक विषय दौंतरी हो । जसरी वर्षाको समय आएपछि गैरी खेत हिलाइन्छ त्यसरी नै जवानी आएपछि दौंतरी मिलाउन आवश्यक ठानिन्छ । यही विषयलाई यहाँ बिम्बका माध्यमबाट प्रस्तुत गरिएको छ । **खेत हिलाउनु र दौंतरी मिलाउनु** प्राकृतिक बिम्ब हुन् ।

*चैतको खडेरी साउने झरी*
*भो माया लाउँदिन विचारै नगरी ॥*

प्रस्तुत गीतमा **चैतको खडेरी र साउनको झरी** प्राकृतिक बिम्बका रूपमा आएका छन् । यहाँ खडेरी र झरी अप्ठेरो स्थितिको रूपमा आएको छ । विचार नपुऱ्याई माया लगाउदा अप्ठ्यारो स्थिति आइपर्न सक्छ भनिएको छ । माया खडेरी जस्तो रूखो पनि हुनसक्ला र झरी जस्तो रूझाउने भिजाउने पनि हुन सक्ला भनिएको छ ।

*करिम कस्तो*

*चैपारीको एकलो वर जस्तो ॥*

प्रस्तुत झ्याउरे गीतमा जोडी पाउन नसकेर एक्लिएको व्यक्तिलाई प्राकृतिक वस्तु वर जस्तो ठानिएको छ । त्यसैले यहाँ वर एक्लो व्यक्तिको प्राकृतिक बिम्बको रूपमा आएको छ ।

### ४.५.४ पौराणिक बिम्ब :

पुराण तथा धर्मग्रन्थमा वर्णित बिम्बहरू पौराणिक बिम्ब हुन् । पौराणिक विषयहरूमा वर्णन गरिएका पात्रहरू जस्तै अहिलेको आधुनिक जीवन भोगी रहेका मानिसको चरित्र वा जीवन भोगाई पनि उस्तै रहेको छ । यही चरित्रको प्रतिबिम्वनमा प्रयोग भएका बिम्बहरू पौराणिक बिम्ब हुन् । (गौ तम २०६०:५) ढोरफिर्दीका लोकगीतमा पौराणिक बिम्बको उदाहरण यस्तो छ :

*हो हो इन्द्रको झैँ घन दुर्यधनझैँ मान*

*विदुरको झैँ होस ज्ञान ।*

उक्त बालन गीतमा धर्मग्रन्थमा वर्णन भएको **इन्द्रजस्तै धनी हुनु, विदुरजस्तै ज्ञानी हुनु, दुर्यधनको झैँ मान** भनिएकोले यहाँ पौराणिक बिम्ब रहेको पाइन्छ ।

## ४.६ निष्कर्ष

यसरी ढोरफिर्दीमा प्रचलित लोकगीतहरूको विश्लेषण गर्दा ती लोकगीतहरूमा यहाँका लोकजीवनको सजीव चित्रण पाउन सकिन्छ । ती गीतहरूले यहाँको समाजमा भएका मेलमिलाप, सदभाव, परम्परा, रीतिरिवाज, धर्म, संस्कृतिका साथै विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण, दमन, सामाजिक, आर्थिक क्षेत्रका विभिन्न विभेदहरू पनि अभिव्यक्त गरेका छन् । यहाँका गीतले लोकजीवनको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक र धार्मिक पक्षको चित्रण गरेको पाउन सकिन्छ । कामको खोजीमा जन्म थलो र

आफन्त छाडेर हिँड्दाका पीडा, प्राकृतिक प्रकोप, सामाजिक संस्कार, मानविय व्यवहार, रहनसहन आदि विषयवस्तुलाई यहाँका गीतहरूले बोलेका छन् । यहाँको लोकजीवनले जस्तो भाषा बोल्छ, त्यस्तै भाषाको प्रयोग भएको पाउन सकिन्छ । त्यसैले गीतमा यहाँका भाषिका र व्यक्ति बोलीको प्रभाव पाइन्छ ।

ढोरफिर्दीमा सङ्कलित लोकगीतमा श्रृङ्गार रसको बाहुल्यता भेट्टिन्छ । त्यसैगरी श्रृङ्गार रस पछि यहाँका गीतमा करुण रस पनि उल्लेख्य मात्रामा भेटिएका छन् । श्रृङ्गार र करुण पछि यहाँका गीतमा शान्त र हास्य रस पाउन सकिन्छ । सबैभन्दा न्युन मात्रामा रौद्र र अद्भूत रस पाइन्छ । यस क्षेत्रमा प्रचलित तथा सङ्कलित लोकगीतमा वीर, भयानक र बीभत्स रसका गीत पाइएका छैनन् । यहाँका गीतमा अर्थालङ्कार र शव्दालङ्कार दुवै अलङ्कार पाउन सकिन्छ । शव्दालङ्कारमा अनुप्रास अन्तर्गत अन्त्यानुप्रास र वृत्यानुप्रास अलङ्कार पाउन सकिन्छ । प्रायः सबैजसो गीतमा अन्त्यानुप्रास अलङ्कार रहेको पाइन्छ । शव्दालङ्कारमा उपमा, दृष्टान्त, अतिशयोक्ति, स्वभावोक्ति अलङ्कार यहाँका गीतमा पाउन सकिन्छ । ढोरफिर्दीमा सङ्कलित गीतमा सांस्कृतिक बिम्ब, प्राकृतिक बिम्ब र पौराणिक बिम्ब गरी तीन प्रकारका बिम्बहरू रहेको पाइन्छ । यहाँका गीतमा प्राकृतिक बिम्बको बहुल्यता पाइन्छ । पौराणिक र सांस्कृतिक पनि केहि मात्रामा पाउन सकिन्छ ।

# परिच्छेद : पाँच
# सारांश तथा निष्कर्ष

## ५.१. सारांश

'ढोरफिर्दीमा प्रचलित लोकगीतको सर्वेक्षण, वर्गीकरण र विश्लेषण' शीर्षकको प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा सङ्गठित छ । पहिलो परिच्छेदमा विषय परिचय, शोधकार्यको प्रयोजन, समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि, र सम्भावित रूपरेखा शीर्षकहरूमा शोधपत्रको परिचय दिइएको छ ।

दोस्रो परिच्छेदमा लोकगीतको सौद्धान्तिक स्वरूपको चर्चा गरिएको छ । यस परिच्छेदमा लोकगीतको पृष्ठभूमि, परिचय र परिभाषा, लोकगीतका तत्त्व, विशेषता, र वर्गीकरण शीर्षक राखी तिनका बारेमा विवेचना गरिएको छ ।

तेस्रो परिच्छेदमा तनहूँ ढोरफिर्दीको भौगोलिक परिचय दिइएको छ साथै त्यस क्षेत्रमा प्रचलित लोकगीतहरुलाई वर्गीकरण गरिएको छ । सङ्कलित लोकगीतहरूलाई गायन अवसरका आधारमा संस्कार गीत, पर्वगीत, कर्मगीत, धार्मिक गीत र बाह्रमासे गीत गरी पाँच भागमा वर्गीकरण गरिएको छ । त्यस क्रममा ती गीतहरूको परिचय उल्लेख गरी तिनका नमुना प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेदमा ढोरफिर्दीमा प्रचलित लोकगीतको विश्लेषण गरिएको छ । यस परिच्छेदमा ढोरफिर्दीमा प्रचलित लोकगीतमा समाविष्ट भाव, अलङ्कार, रस तथा बिम्बलाई केलाउने क्रममा सोदाहरण विश्लेषण गरिएको छ ।

पाचौँ परिच्छेदमा निष्कर्ष शीर्षक राखी यसमा शोधपत्रको सारांश र निष्कर्ष र सुझाउ उल्लेख गरिएको छ । परिशिष्ट खण्डमा सङ्कलित लोकगीतलाई क्रमशः समावेश गरिएको छ । शोधपत्रको अन्त्यमा सन्दर्भ कृति सूची राखिएको छ ।

## ५.२ निष्कर्ष

ढोरफिर्दीमा प्रचलित लोकगीतको सर्वेक्षण, वर्गीकरण र विश्लेषण शीर्षकमा केन्द्रित भएर तयार पारिएको प्रस्तुत शोधपत्रबाट निस्केका निष्कर्षलाई यहाँ बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

**(क)** ढोरफिर्दीमा प्रचलित लोकगीतहरुलाई गायन अवसरका आधारमा संस्कार गीत, पर्वगीत, कर्मगीत, धार्मिक गीत र बाह्रमासे गीत गरी पाँच प्रकारका देखापरेका छन् ।

**(ख)** संस्कार गीत अन्तर्गत मागल र रत्यौली गीत भेटिएका छन् । पर्वगीतअन्तर्गत तिजे गीत, देउसी, भैली, मालश्री, र होली गीत भेटिएका छन् । कर्मगीतअन्तर्गत जेठे गीत, असारे गीत, दाइँगीत फेला परेका छन् । धार्मिक गीतअन्तर्गत आरती, भजन, चुड्का र बालन गीत भेटिएका छन् । बाह्रमासे गीतअन्तर्गत झ्याउरे गीत, दोहोरी गीत, सालैजो गीत, सुनीमायाँ गीत, ठाडो भाका, खेली गीत, कौरा गीत, दोहोरी गीत, सिलोक, बालगीत भेटिएका छन् ।

**(ग)** उक्त सबै प्रकारका गीतहरूको मुख्य उद्देश्य मनोरञ्जन भए पनि गीतका प्रकार अनुसार भिन्न-भिन्न अन्य उद्देश्य पनि रहेको पाइन्छ । संस्कार गीतको उद्देश्य जीवनलाई सभ्य र सु-संस्कृत रूपमा सञ्चालन गर्नु तथा सही आचरण सिकाउनु रहेको पाइन्छ । पर्वगीतको उद्देश्य मनोरञ्जन गर्नु र सांस्कृतिक परम्पराको संरक्षण गर्नु देखिन्छ । खेतीपाती गर्दा मेलापात वा अन्य कुनै कामका बेला गाइने गीतले कर्मशील जीवनलाई अझ मिहिनेती बन्न र सहज तरिकाले कर्ममा लागिरहन हौसला बढाउँछन् । धर्म कर्म गर्दा गाइने धार्मिक गीतको उद्देश्य नैतिक उपदेश दिनु र आध्यात्मिक चेतना फैलाउनु रहेको पाइन्छ । यहाँका जुनसुकै गीतहरूले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाज सुधारको अपेक्षा प्रकट गरेको पाइएको छ ।

**(घ)** पछिल्लो समयमा आएर यस क्षेत्रमा प्रचलित गीतहरूमध्ये मागल गीत, जेठे गीत परम्परागत तीज गीत, असारे गीत, सिलोक, होली गीत, मालश्री गीत, ठाँडो भाका र सालैज्यो, सुनिमयाँ गीत गाउने प्रचलन भने हराउँदै गएको छ । केही वृद्धा आमा बुबामा मात्र यी गीतहरू सीमित रहेकोले बुढा आमाबुबाको मृत्युसँगै यी गीतहरू स्वतः लोप हुने देखिन्छ । संस्कार गीतमा मागल गीत गाउने प्रचलन कमै मात्रामा पाइन्छ भने रत्यौली गीत भने अझ परिमार्जित र सभ्य भाषामा गाउने गरेको  पाइन्छ ।

**(ङ)** तिहारमा गाइने देउसी, भैली गीत भने गाउने तथा खेल्ने गरिन्छ तर पहिला-पहिला भन्दा फरक तरिकाले खेल्ने गरेको पाइन्छ । पहिले-पहिले देउसी पुरुषले र भैली महिलाहरूले खेल्ने गर्दथे भने आजभोलि देउसी, भैली महिला पुरुष दुवै समूह बनेर खेल्ने गर्दछन् ।

**(च)** कर्मगीतमा जेठे गीत, असारे गीत, र दाँइ गीत पनि गाउने प्रचलन भने हराउदै गएकोले निकट समयमा नै लोप हुने अवस्थामा पुगेका छन् । रत्यौली गीत, धार्मिक गीत र बाह्रमासे गीतमा खेली गीत, झ्याउरे, दोहोरी र बालगीत भने उत्तिकै मात्रामा प्रचलनमा रहेकोले यस्ता गीतहरू लोक समाजमा रहिरहनेछन् ।

**(छ)** ढोरफिर्दीका लोकगीतमा सामजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, न्यायीक, प्राकृतिक र कृषि व्यवस्थाका विषयवस्तु पाउन सकिन्छ । लैङ्गिक भेदभाव, दाइजो प्रथा, विदेसिनु बाध्यता, खेतीपातीमा एक्लै काम गर्नुपर्दाको पीडा, प्रेम वियोग र मिलनको अभिव्यक्ति, हर्ष उत्साह, देवीदेवताको भक्ति, दुःख, पीडा, विरह, वेदना आदि भाव यहाँका लोकगीतमा पाउन सकिन्छ । जसबाट धार्मिक, सांस्कृतिक, आर्थिक, शैक्षिक अवस्था, संस्कार, संस्कृति, रहनसहन तथा परम्पराको पहिचान हुन गएको छ ।

**(ज)** ढोरफिर्दीका लोकगीतमा बढी मात्रामा करुण रस र शृङ्गार रस पाइए पनि यसका अतिरिक्त श्रृङ्गार, करुण पछि शान्त र हास्य रस पाइन्छन् । रत्यौली, सुनिमयाँ गीत, कौरा गीत, खेली, सालैज्यो, दोहोरी, जेठे, असारे, झ्याउरे, आदि गीतमा शृङ्गार रस तीव्र रूपमा रहेको पाइन्छ । तीज गीतमा र सिलोकमा उल्लेख्य मात्रामा करुण रस पाइन्छ भने रत्यौली र खेली गीतमा केही मात्रामा करुण रस पाउन सकिन्छ । मालश्री र धार्मिक गीतमा उल्लेख्य मात्रामा शान्त रस पाइन्छ त्यस्तै दाइँ गीत र ठाँडो भाकामा हास्य रस पाउन सकिन्छ । रौद्र रस र अदभूत रसका गीत पनि केही मात्रामा भेट्न सकिन्छ तर वीर, भयानक र वीभत्स रसका गीत भने पाउन सकिदैन् ।

**(झ)** ढोरफिर्दीका लोकगीतमा शव्दालङ्कार र अर्थालङ्कार दुवै अलङकार पाइन्छन् । सबैजसो लोकगीतहरूमा शव्दालङ्कार पाइन्छन् भने धेरै लोकगीतमा अर्थालङकार पनि

पाइन्छन् । ढोरफिर्दीका लोकगीतमा अनुप्रास, उपमा, दृष्टान्त स्वभावोक्ति, अतिशयोक्ति, अलङकारहरू बढि मात्रामा पाइन्छन् ।

**(ञ)** त्यसैगरी यहाँका लोकगीतमा केहि मात्रामा विम्ब र प्रतिकको पनि प्रयोग भएको पाउन सकिन्छ । ढोरफिर्दीका लोकगीतमा सांस्कृतिक बिम्ब, प्राकृतिक बिम्ब र पौराणिक बिम्ब रहेको पाइन्छ । यहाँका गीतमा प्राकृतिक बिम्बको बहुल्यता रहेको पाइन्छ । पौराणिक, र सांस्कृतिक पनि केहि मात्रामा पाउन सकिन्छ ।

## ५.३ सुझाउ

प्रस्तुत शोधपत्रमा लोकगीतको मात्र अध्ययन गरिएको हुँदा लोकसाहित्यका अन्य विधाहरूलाई समेटिएको छैन तसर्थ अन्य विधाहरूमा अध्ययन गर्न सकिने प्रशस्त सम्भावनाहरू छन् । लोकगीतमा नै अध्ययन गर्न चाहने अध्यताहरूले पनि अन्य शीर्षकहरूमा अध्ययन गर्न सक्छन् । त्यसैले लोकसाहित्यको भावी अनुसन्धानका निम्ति निम्न लिखित शीर्षकहरू उपयोगी हुन सक्छन् ।

(क) ढोरफिर्दीमा प्रचलित लोकगीतमा विम्ब विधान ।

(ख) ढोरफिर्दीमा प्रचलित करुण रसप्रधान तीजगीतको विश्लेषण ।

(ग) तनहुँ जिल्लामा प्रचलित लोकगीतको अध्ययन ।

(घ) ढोरफिर्दीमा प्रचलित शृङगार रसप्रधान लोकगीतको विश्लेषण ।

# परिशिष्ट खण्ड

# ढोरफिर्दी क्षेत्रमा प्रचलित लोकगीत

## १. संस्कार गीत

### १.१ मागल गीत

२०७६ मंसिरको १८ गते ढोरफिर्दी ८ निवासी फणिन्द्रप्रसादको घरमा विवाहको लागि कसार बटान्ने क्रममा जम्मा हुनु भएका आमा दिदी बहिनी राधा भट्टराई वर्ष ४०, कलावती वाग्ले वर्ष ६६, राधा वाग्ले वर्ष ५३, पार्वती पौडेल वर्ष ३५, सीता अर्याल वर्ष ५०, माया कोइराला वर्ष ३९, कविता खरेल वर्ष ४१ ले मागल गीत गाउनुभएको थियो । जुन यसप्रकार छ :

**क**) आकाशैकी दिदै तातालैकी बहिनी
काँमा होला हाम्रो भेट ।
जहिलेमा होला बाबाज्यूको आँगानीमा शुभकार्य
उहिलेमा होला हाम्रो भेट ॥
सानो मन नगर्नु है आमा
फेरीमा फेरी हुदैन हाम्रो करिमा ॥



गणेशलाई झिक्दा झिक्दै हात मेरो गल्यो है
हात्ती हाम्लाई दिने छैनौ, घोडा हामलाई दिने छैनौ
धेरै देउला मेरा बाबा,पाँचै रूपियाँ
हात्ती पनि लैजाऊ चेली, घोडी पनि लैजाऊ
गाइदेउ चेली, गाइदेउ चेली, पूरै मंगलु ॥

*(स्रोत : कलावती वाग्ले, वर्ष ६६, गणपती)*

### १.२ रत्यौली गीत

ढोरफिर्दी ८ लालीम निवासी दीपेन्द्र पोखेलको घरमा २०७६ साल जेठ ७ गतेको दिन भएको विवाहमा लक्ष्मी पोखेल, वर्ष ४९, कमलादेवी वाग्ले वर्ष ६१, *जानकी पोखेल वर्ष*

६९, राधा भट्टराई वर्ष ४० लगायत नवीन महिला समूहका आमा दिदी बहिनीले रत्यौली गीत गाउनुभएको थियो जुन यसप्रकार छ :

**(क) आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥**

गयौं बाबु फूलमाला भिरेर
दुःधको भारा सारीले तिरेर
आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥
आमाले सारेको फूल
बाबुले कहिल्यै नभूल ।
आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥
दूधको भारा रगतको नाता
कहिल्यै टाढा नभऊ है म बाट ।
आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥
सम्झ बाबु आमाको आशिष
नबिर्से है श्रीमती पासित ।
आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥
भन्थौ आमा छोरो त मेरै हो
भरे देखी हेरेका हेरौँ हो ।
आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥
छोरो त मेरै हो खासगरी
बुहारीले राजी नाम पास गरी
आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥
आए पनि बचनको गोली
बसे आमा नबोली नबोली ।
आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥
बस आमा, झ्याल ढोका उघारी
भरे आउछे लछिनकी बुहारी ।
आमाको पियारो छोरो अब माया बाँडियो दोहोरो ॥



*(स्रोत : दिदीबहिनी समूह, हिमाली टोल, गणपती)*

लालीम डाङ्ग्रेपानीमा कमलादेवीको घरमा गीत सङ्कलनको लागि मिति २०७६ साल साउन १७ गतेका दिन गएकी थिए । उनै कमलादेवी वर्ष ६१ ले आफ्नो घरको कोठामा बसेर रत्यौली गीत गाइदिनुभएको थियो जुन यसप्रकार रहेको छ ।

**(ख) बाबुले ल्याएको झोला**

मैले खोल्न होला कि नहोला
छोराले ल्याएको झोला
खोले देखी देवघाटको वास होला
झोला खोले नटेरी नटेरी
पुलचोकमा बनाइदेऊ कटेरी
झोला खोल्यौ नटेरी नटेरी
छुट्टै बस बनाउ भो कटेरी ।
आफ्नो छोरो आफ्नै होला ।
जैरे झोला नछोए के होला ।
ठूलो झोला नानीलाई दिनी हो
आमालाई त एक किलो चिनी हो
कसैले नमान गलत
संसारमा चलेको चलती ॥



*(स्रोत: कमला देवी वाग्ले, वर्ष ६१, डाङग्रेपानी)*

२०७६ मंसिरको १९ गते ढोरफिर्दी ८ निवासी फणिन्द्र प्रसादको घरमा विवाहमा गीत गाउन जम्मा हुनु भएका आमा, दिदी, बहिनी, राधा भट्टराई वर्ष ४०, कलावती वाग्ले वर्ष ६६, राधा वाग्ले वर्ष ५३, पार्वती पौडेल वर्ष ३५, सीता अर्याल वर्ष ५०, माया कोइराला वर्ष ३९, कविता खरेल वर्ष ४१ क्मला पौडेल वर्ष ५६, प्रतिमा भट्टराई वर्ष ४०, लक्ष्मी भट्टराई वर्ष ४१ ल्यायतले रत्यौली गीत गाउनुभएको थियो । जुन यसप्रकार छ :

**(ग) भइहाल्यो छँयाइ छँयाइ**

गाउरी धन ल्याउनी बेला भो ।
अझैं पनि पुगेन धोका,
रातो डोली बाबुले त्यही रोक ।
बाटो छोड दाँया र बाँया,

जीवन साथी लिएर म आए ।
पोखरामा किनेको ऐना
रूँदै पछि आए हुन भाइ बैना ।
कसरी आयौ नी नानी
जन्म दिने बाउ आमा छोडेर ।
भाग्यमानि रैछौनी नानी
असल केटा भेट्टायौ जुगजानी ।
बल्ल बोल्यो लक्षिनको दियो
हाम्रो पनि  चाहना यहि थियो ।
बुहारीको मन पर्ने भए
छोरालाई केहि कुरा नलाए ।
सम्भ्क बाबु आमाको आशिष
नबिर्से है बुहारी पासित  ।



(स्रोतः दिदीबहिनी समूह, हिमाली टोल, गणपते)

२०७६ मंसिरको १९ गते ढोरफिर्दी ८ निवासी फणिन्द्र प्रसादको घरमा विवाहमा गीत गाउन जम्मा हुनु भएका आमा दिदी बहिनी राधा भट्टराई वर्ष ४०, कलावती वाग्ले वर्ष ६६, राधा वाग्ले वर्ष ५३, पार्वती पौडेल वर्ष ३५, सीता अर्याल वर्ष ५०, माया कोइराला वर्ष ३९, कविता खरेल वर्ष ४१ क्मला पौडेल वर्ष ५६, प्रतिमा भट्टराई वर्ष ४०, लक्ष्मी भट्टराई वर्ष ४१ ल्गायतले रत्यौली गीत गाउनुभएको थियो । जुन यसप्रकार छ :

**(घ) नरोई नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई**

भाग्यमानी रैछै नि नानी
असल केटा भेटायौ जुगजानी ।
नरोई नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई
आँखाबाट नभ्कार आँसु
आमाजस्तै शीतलु छन सासु ।
नरोई नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई ॥
दुई भाइ छोरा तीन बहिनी छोरी
मान आमा नमान बुहारी ।



नरोई नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई ॥
यहि हो नानी जुगजानी घर
राम्रो गर सबैको मन पर ।
नरोई नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई ॥
अलि छिटो सार न पाइलो
तिम्रो भन्दा हाम्रो घर रमाइलो ।
नरोई नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई ॥
के भनेर माग्यौ नि विदा
रातो घुम्टो ओडेर निस्कदाँ ।
नरोई नरोई आऊ है माया नरमाइलो लाग्छ हामीलाई ॥

(स्रोतः दिदीबहिनी समूह, हिमाली टोल, गणपते)

२०७६ फाल्गुन २७ गते गीत सङ्कलनको लागि फिर्दी निवासी कृष्णकुमारी बानियाँको घरमा पुग्दा उनै कृष्णकुमारी बानियाँ वर्ष ६९ ले गाइदिनुभएको अवस्थामा सङ्कलन गरिएको रत्यौली गीत जुन यस प्रकार रहेको छ ।

**(ङ) दिए पनि हिरैको हार, काटिदैन आमाको दूधभारा**

ए ए दिए पनि हिरैको हार, एकु हात रानी चुरा एकु हात रैया
दिए पनि हिरैको हार, बाबु तिमी लिन गयौ मनपरेकी मैंया
दिए पनि हिरैको हार, काटिदैन आमाको दूधभारा ॥



ए ए दिए पनि हिरैको हार, आकाशैभरि नैलाखे तारा एकुतारा जुनसित
दिए पनि हिरैको हार, पिरती लाउने सबैर सित जुगजाने कोसित
दिए पनि हिरैको हार, काटिदैन आमाको दूधभारा ॥

ए ए दिए पनि हिरैको हार, पोखराको बजारमा राता मकै कौडे
दिए पनि हिरैको हार, दुलहा गएँ दुलहि लिन जन्ति केलाई दौडे
दिए पनि हिरैको हार, काटिदैन आमाको दूधभारा ॥

ए ए दिए पनि हिरैको हार, आकाशैमा चरि उड्यो खुट्टी खसालेर

दिए पनि हिरैको हार, बाबु तिम्ले दुलै ल्याउछ पृर्थी बसालेर
दिए पनि हिरैको हार, काटिदैन आमाको दूधभारा ॥

ए ए दिए पनि हिरैको हार, रमाइलो बनाछ आजको दिनले
दिए पनि हिरैको हार, माया टाढा नबनाऊ बाबु तिमीले
दिए पनि हिरैको हार, काटिदैन आमाको दूधभारा ॥

*(स्रोत: कृष्णकुमारी बानियाँ, वर्ष ६३, पाटन)*

ढोरफिर्दी ८ लालीम निवासी दीपेन्द्र पोखेलको घरमा २०७६ साल जेठ ७ गतेको दिन भएको विवाहमा लक्ष्मी पोखेल, वर्ष ४९, कमलादेवी वाग्ले वर्ष ६१, *जानकी पोखेल वर्ष* ६९, राधा भट्टराई वर्ष ४० लगायत नवीन महिला समूहका आमा दिदी बहिनीले रत्यौली गीत गाउनुभएको थियो जुन यसप्रकार छ :

**(च) आमाको माया जहिले पनि गाँढा**

नभए बाबु कहिल्यै पनि टाँढा
सरर, पिपलुको पात झैं माया फरर ।
रमाइलो राम्दीमा
आउँ है माया म आउन पाउँदीन ।
छाता ओझेल पारी
बल्ल झरी पातली ।
छ्याप्प काँटे दूधै आउने
लहरे पिपलु पानी माथि ।
माइतीघर विरानो भयो
खाइयो पानी विर्सियो पँधेरो ।
खाएर नथुक माया
गहिरा बारीको दमौरो ।
बासैको जराको पानी
जानदेउ खेतलाई पचनी
अहिले त मरिन्छ क्यारे
ज्याग्दीमा पिपलु ओइलायो ।



यतिकै हुदैन मलाई
देउ मलाई तिम्रो त्यो कम्पनी
विजुली वलेकै होला
पुतली मै जाने रेलैना ।
छुट्टायौ स्कुल जान
दुई दिनका रैछौनी बाउ आमा ।
चौपारीमा वर खाँदा खादैं
जुनी वित्यो मायालाई पर्खदै ।
लेऊ डोरी लेऊ, काँइयो
कपालै कोरने तेल चाहियो ।
शुन्य भयो डाडैको वर
आजभोलि मायालु का छौ र ?
भ्याइ पाप्यो, मलाई
रत्यौलीको झिल्केले भ्याइ पाप्यो ।
जन्ता जान डाकेनौ
रत्यौलीमा आइथी नभने ।
रत्यौलीले जुलुमै पाप्यो
घर खबर पुगे त लौ मात्यो ।
जन्ता जान डाकेनौ
रोटी कसार खाइथी नभने ।
भ्याइ भ्याइ भ्याइबाजा
नयाँ जीवन सुरु भो त्यहीवाट ।
सलल पानी, यहि बस्यो बानी,
आँखैमा गाजलु काखैमा मादलु ।
चैतको खडेरी साउने झरी
भो माया लाउदिन विचारै नगरी ।
को ,आयो दाइ खोलीको बाटो,
रेशमे दाई रुमाल हल्लाउदै

सासूले बालेको दियो
बुहारीले तेल थपे हुनी हो ।
ए माया, तिम्रो र हाम्रो
कहिल्यै पनि नहोस् है नराम्रो ।
सिन्दुरले लाएको नाता
कहिल्यै टाढा हुदैन म बाट ।
ए माया सुन न सुन
मन लायो दुई मुटु एक हुन ।
हा-हा भनिदेउ न, धान खायो चरिले
हा हा भनिदेउ न त्यो जुरे चरीलाई ।
ठुङ्छ क्यारे मलाई त्यो जुरे चरीले
हा हा भनिदेउ न त्यो जुरे चरीलाई ।
चौतारीको डील मुनी मुनी
डीलमुनी बोलाए नै हुनी ।
उज्यालो भएकै छैन
झुक्यायो जुन पापी ताराले
बल्ल आयो सासूको पालो
आँगनीमा चलाईदेऊ भुँइचालो ।
दिदीले बुहारी पाउनी
हामीले खबरै नपाउनी ।
दाइ गयो म जान पाइन
फुल भरेको पुतली रेलैमा ।

*(स्रोतः नवीन महिला समूह, उत्तम टोल*

# २.पर्व गीत

## २.१ तीजका गीत

२०७६ भदौ ८ गते ढोरफिर्दी ८ गणपतीको मेरो आफ्नै घरमा तीज कार्यक्रममा जम्मा हुनुभएका दिदीबहिनीलाई सङ्कलनको उद्देश्यले पुराना तीज गीत गाउन लगाएकी थिए । त्यस दिन सीता गौतम, वर्ष ५२ ले मौलिक तीज गीत गाउनुभएको थियो जुन यसप्रकार रहेको छ ।

**(क) पहेलपुरे फाँटमा धान पाएन सुँगाले**



मलाई पढ्न नदिएको आमा बुवाले ।
बाबाले भन्नुभयो गाई फुकाएर लाऊ छोरी
आमाले भन्नुभयो धन्ना सँगाइदे ।
गाई फुकार जाऊ कि धन्ना सघाँइ लाउ कि
भविष्य सोचेर पढ्न जाउँ कि ?
उही कोखाको छोरालाई कापी कलम किन्दिनी
उही कोखाको छोरीलाई डोको बुन्दिनी ।
स्कुलबाट आयो छोरो खाजा भुजा ठिक्क भछ
मेलाबाट आइ छोरी गाउरी रित्तो छ ।
स्कुलबाट आयो छोरा खाजा भुजा थालामा
मेलाबाट आइ छोरी मकै डालामा ।
भरे बाबा आएर आज छोरी कता गई
भनिदिनु आमाले स्कुल पढ्न गई ।
कल्ले लाउन दिन्छ र बल्ले खान दिन्त र
अर्काघर जाने छोरी पढ्न पर्छ र ।
सम्पत्ति नपुगे बेच बाबा गहना
छोरीले नी पढने आए जमना ।
गहनाले नपुगे गौरिखेत बन्दकी
यतिले नि नपुगे हेर्छु गण्डकी ।
छोरीले नि लिए हुन्छ चाइनिज कलम हातमा
छोरा पनि बसे हुन्छ ढिकी जातामा ।

छोरीले नि गरे हुन्छ आइ ए पास र बिए पास
छोराले नि ल्याए हुन्छ वनका दाउरा घाँस ।
छोरीले नि गरे हुन्छ भैरवा र पोखरा
छोराले नि फाले हुन्छ गाईको भकार ।

*(स्रोतः सीता गौतम, वर्ष ५२सरस्वती वाग्ले, हिराकला पोखेल )*

२०७६ भदौ ८ गते ढोरफिर्दी ८ गणपतीको मेरो आफ्नै घरमा तीज कार्यक्रममा जम्मा हुनुभएका दिदीबदीनीलाई सङ्कलनको उद्देश्यले पुराना तीज गीत गाउन लगाएकी थिए । त्यस दिन सीता गौतम, वर्ष ५२ ले मौलिक तीज गीत गाइदिनुभएको थियो जुन यसप्रकार रहेको छ ।

**(ख) घ्यु सँघाली राखे आमा घोडा चढी आउनेलाई**
साह्रै दुःख देखियो छोरी हुनीलाई ।
चौध जोर गर्दुवा कन्नो फर्के ससुरा
त्यो घरमा गएर क्यारी बसुँला ।
चौध जोर गर्दुवाले आँगन पिढी रहेन
अझैं पनि जेठाजु खुसि भएन ।
पाँचै सय रूपया बाटो छेक्ने नन्नलाई
केहिमा बाँकी रहेन मलाई भन्नलाई ।
हजारको साडी बैज्यैलाई ट्काउदा
कति मन रोयो मैलाई फकाउदा ।
राम्रै थियो दोसल्ला जेठानीले साट्नी
दुई दिन आउने अमाज्यू कुरै काट्नी ।
मलाई देख्दा काला निला हुन लाए देवरनी
यती कुरा छोरीले रैछ बेहोरनी ॥

*(स्रोतः सीता गौतम, सरस्वती वाग्ले, हिराकला पोखेल,)*

मिति २०७६ साउन १८ गते गीत सङ्कलनको लागि म पाटनतिर जाने क्रममा साउनको गर्मीमा गणपती माथिल्लो बजारमा आफ्नै घर अगाडिको रुखमुनी शीतल बसेको बेला जानकी पोखेल, वर्ष ६९ ले तीज गीत गाउनुभएको थियो जुन यसप्रकार छ ।

(ग) **बाहिर आइ बाबा बस्दा रून्छ मन धर्केर**

दलानमा बज्यै बस्छिन कन्नो फर्केर ।
माइत जाने बेला भयो कुन साडी लाउनी हो
विदा दिनु वज्यैले कहिले आउनी हो ।
भरे छोरो आएर मलाई गाली गर्छकी
पञ्चमीको भोलीपल्ट आउन पर्छकी ।
भित्र बाहिर दिदी वहिनी श्रीमती कता गई
आफ्ना बाबा लिन आए आफ्नै माईत गई ।
आमरी श्रीमतीको हाम्रो थियो खटन
कल्ले भन्यो आमालाई माईत पठाउन ।
पोखरामा बाटो खन्यो चैनाले र गोराले
नराम्ररी भन्यो मलाई छोरो मोराले ।



*(स्रोत: जानकी पोखेल, वर्ष ६९, गणपते)*

मिति २०७६ साउन १८ गते गीत सङ्कलनको लागि म पाटनतिर जाने क्रममा साउनको गर्मीमा गणपते माथिल्लो बजारको रुखमुनी शीतल बसेको बेला लक्ष्मी भुजेल, वर्ष ३३ ले तीज गीत गाउनुभएको थियो जुनयसप्रकार छ ।

(घ) **बाबाजीको दैलामुनी ठूलो रूख बडर**

धेरै छोरी भए पनि हेला नगर ।
धेरै छोरी भएपनि आफ्नै कर्म खानी हो
रूदैं रूदैं आरिकाको घर जानी हो ।
रूदैं रूदैं गएर पिढी छेउमा बिस्ने हो
कस्को मुख हेरेर भित्र पस्ने हो ।
स्वामी मुख हेरौ भने खुन खाएको बाघ भैँ
सासू मुख हेरौ भने बोल्छीन आगो भैँ ।
जेठाज्युलाई हेरौ भने खुन खाएको बाँघ भै
जेठानीलाई हेरौ भने पोल्ने आगो भै ।
नन्द देवर हेरौ भने माकुरा र माकुरी
स्वामी मुख हेरौ भने पाक्छ खुकुरी

मिति २०७६ असार ७ गते  डाङ्ग्रेपानी कमलादेवी वर्ष ६१ को घरमा पुग्दा उहाँकै घरको कौशीमा बसेर तीज गीत गाइदिनुभयो जुन यसप्रकारको छ ।

**(ग)  पँधेरा माथी अम्बा पाक्यो**

डाली नुगाइ खाउला है आधा दिनैमा ।
हामरा बाबा लिन भनी आउछन्
ढल्की ढल्की जाउला है आधा दिनैमा ।
जहिले म आउछु बाबाको घर
पानी नै छैन है आधा दिनैमा ।
कलशै गाउरी नटकाऊ भाउज्यू
साने गाउरी लेउन है आधा दिनमै ।
छड छड ए दिदीबहिनी म पँधेरा
जान्छु है आधा दिनैमा ॥

२०७६ भदौ ८ गते ढोरफिर्दी ८ गणपतीको मेरो आफ्नै घरमा तीजको दरखाने कार्यक्रममा चित्रकुमारी गौतम, वर्ष ६९ तीज गीत गाउनुभएको थियो जुन यसप्रकार रहेको छ ।

**(ङ)  सिरफूल कमाएँ पैलो नम्बर सुनले**

किन दिन्थिन बज्यैले लाइन उनैले ।
सिरफुल कमाएँ पैलो नम्बर सुनले
किन दिन्थिन बज्यैले लाइन उनैले ।
नैगेडी कमाएँ पैलो नम्बर सुनले
किन दिन्थिन बज्यैले लाइन उनैले ।
हातै बाला कमाएँ पैलो नम्बर सुनले
के दिन्थिन बज्यैले लाइन उनैले ।
डुमरी कमाएँ पैलो नम्बर सुनले
के दिन्थिन बज्यैले लाइन उनैले ।
चन्द्रमा कमाएँ पैलो नम्बर सुनले

के दिन्थिन बज्यैले लाइन उनैले ।
मारबडी कमाएँ पैलो नम्बर सुनले
के दिन्थिन बज्यैले लाइन उनैले ।

२०७६ भदौ ८ गते ढोरफिर्दी ८ गणपतीको मेरो आफ्नै घरमा तीजको दरखाने कार्यक्रममा सीता गौतम, वर्ष ५२ तीज गीत गाउनुभएको थियो जुन यसप्रकार रहेको छ ।

**(च)** **आज मैले घाँस काटे बारीको शिर पुछार**
म मरे त हुने थियो सबलाई उछार ॥
ससुरालाई हुने थियो बुढो भैसी मरेझै
सासुलाई हुने थियो रोगले छोडेझैँ ॥
जेठाजुलाई हुने थियो गैरी खेत खाए झै
जेठानीलाई हुने थियो माइत हिडेझैँ
देवरलाई हुने थियो मोटो खसी खाएझै
देउरानीलाई हुने थियो मह पिएझैँ ।
नन्नज्यूलाई हुने थियो पानी खाने पँधेरो
स्वामीज्यूलाई हुने थियो मनै अँधेरो ।

२०७६ साल जेठ ९ गते स्थानीय मन्दिरमा धार्मिक कार्यक्रममा उपस्थित आमा बुबालाई गीत सङ्कलनको लागी भेट्न गएकी थिए । सोहि दिनमा हिमकुमारी अधिकारी, वर्ष ६१ गाउनुभएको तीज गीत यसप्रकार छ ।

**(छ)** **जति छोरी भए पनि आरीकैलाई सुःख हो**
जन्म दिने आमालाई कति दुःख हो ।
कति मन रोयो होला छोरी घर पठाउँदा
अझैँ मनि छोरीलाई दुःख कटाउदा ।
सासूले नि हुदैन बुहारीलाई सताउन
गाह्रो मान्न हुदैन छोरी पठाउन ।
छोरीलाई नी अर्ती दिनु घर जाजे बेलामा
घरको धन्दा सकेर गए मेलामा ।



*(हिमकुमारी अधिकारी, वर्ष ६१)*

मेलाबाट आएर घरको धन्दा समाए
सासूले अऱ्याएको गरे नमाने ।
चोरेर नखाए भागेर नआए
सासूले अऱ्याउदा वचन नलाए ।
घरका जहान रिझाउनु घरैमा रमाउनु
दशैं तिहार चाडवाड आउदा माइती सम्झनु ।

२०७६ साल जेठ ९ गते स्थानीय मन्दिरमा धार्मिक कार्यक्रममा उपस्थित आमा बुबालाई गीत सङ्कलनको लागी भेट्न गएकी थिए । सोहि दिनमा सावित्री ढुङ्गाना, वर्ष ६५ गाउनुभएको तीज गीत यसप्रकार छ ।

**(ज) (लेक जानी बाटोमा बारुलाको घर हो )२**

मलेवा चरीको वास बरिलै
मलेवा चरीको वास वरिलै ।
(आफ्नी आमालाई रूदै रूदै छोडियो)२
आरीकाको आमाको दास बरिलै
आरीकाकी आमाको दास बरिलै ।
(आदिमा जोवन माइतीघर बसियो )
आदिमा जोवन छुट्टै बरिलै
आदिमा जोवन छुट्टै बरिलै ।



(सावित्री ढुङ्गाना, वर्ष ६५)

**(झ) दाजुभाइ नभएका दिदीबहिनी जति छन्**

तीजको चाँड आउदा पनि अति रून्छ भने ।
बाबा आमा दाजु भाइ दिदीबहिनी पुरा छन्
सुन्नुहोला मेरो दाजी मनमा कुरा छन् ।
जेठी माइली साइली दिदी त्यही गाउँमा अटाउनी
मलाई भने ठुला ठुला नदी कटाउनी ।
दिदीहरू नजिकै छन् धेरै धेरै दुःख छ

तिमी टाढा भयौ कति सुख छ ।
देख्नलाई राम्रो दाजी कल्ले बुझ्छ मरिमा
दाजी मलाई दिनुभयो जाहन घरिमा ।
बहिनी तिम्लाई सुख होला भन्नी मैले सोचेर
धनी केटो असल मानी दिए रोजेर ।
काम गर्न पऱ्यो भने मैलाई अत्याउनी
सन्चो छैन भन्नै हुन्न सासु कराउनी ।
केहिदिन सहि बस बहिनी तिम्रो पालो आउनीछ
त्यो घरको ताला चाँपी तिम्ले पाउनीछ ।
दिदीबहिनी दाजु भाइ काँहा देख्यौ भइरहने
एक्लै आउन सक्दिन मन रोइरहने ।
म पनि त विदेशैमा कता कता गर्दैछु
१६ दिनको विदा मिलाई बल्ल आउदै छु ।
दाजी हजुर विदेश गको पाँचै वर्ष भैसक्यो
म माइत नआएको त्यती भैसक्यो ।

*(स्रोत: सीता गौतम, वर्ष ५२)*

२०७६ भदौ ८ गते ढोरफिर्दी ८ गणपतीको मेरो आफ्नै घरमा तीजको दरखाने कार्यक्रममा चित्रकुमारी गौतम, वर्ष ६९ तीज गीत गाउनुभएको थियो जुन यसप्रकार रहेको छ ।

**(ञ) तिम्रा दाजी गएर सिदुर पैरी ल्याएर**
रूदै रूँदै आउदाखेरी बाटो छेकेकी ।
थाप थाप नन्नज्यू मुठी भरि रूपैया
छोड छोड नन्नज्यू जान्छु भडार ।
आमा पनि मेरौ छन् बाबा पनि मेरौ छन्
आमा बाबा भइन्जेल दिन्न भडार ।
यो घरको सम्पत्ति सबै मेरौ हुनी छ
पछि पछि तिमी त कति रूनी छ ।
ढोका त मैले लाउनी छैन नन्नज्यू

नपारे तिमीले पोका बरिलै ।

पोका त मैले पार्ने छैन भाउज्यू

नलाए तिमीले ढोका बरिलै ॥

२०७६ साल जेठ ९ गते स्थानीय मन्दिरमा धार्मिक कार्यक्रममा उपस्थित आमा बुबालाई गीत सङ्कलनको लागी भेट्न गएकी थिए । सोहि दिनमा देवकी ढकाल, वर्ष ६१ *ले* गाउनुभएको तीज गीत यसप्रकार छ ।

**(ठ) संसारमा धेरै छोरी हुने व्यक्तिहरूलाई**

त्यहाँ भन्दा ठूलो पिर छैन अरूलाई ।

बाबा उठी जानुभयो केटो खोज्न गाउँमा

भनेजस्तो पाइदैन कुनै ठाउँमा ।

बल्ल बल्ल केटो आयो बाबाले भनेर

अझैँ पनि बोल्छ केटो ठूलो बनेर ।

हजुरकी छोरीको कति छनि पढाइ

नपढेकी छोरी त हुन्न मलाई ।

के छ तिम्रो जायजेथा धन सम्पति कति छ

छोरी दिदा कति दिन्छौ भन्ने रहेछ ।

छोरी लिन आउछु भन्यो बजाएर नौमती

छोरी भन्दा चाहिएको रैछ सम्पति ।



*(देवकी ढकाल, वर्ष ६१)*

सम्पतिले नपुगे लैजा भैसी तानेर

बसिदैन सामन्तिलाई पुरुष मानेर ।

पानसयको झिटी छैन लाखै खोज्ने सम्पति

मेरी छोरी मैले पाल्छु छैन आपत्ती ।

आइज पुलिस थानामा लैजा पुलिस थानामा

समातेर थुनिदे चर्पी खानामा ।

गीत सङ्कलनको लागि लालीम धना पोखेलको घरमा गएकी थिएँ । आफ्नो घरको बरण्डामा बसेर धना पोखेल, वर्ष ४६ ले तीज गीत गाउनुभएको थियो । जुन यसप्रकार छ ।

**(ड) एउटा बुलुज किनेर दमाइ दाइलाई सिलाउन**

गरीब जनताको सुन्नुस बिलौना ।
सबैका चेलीबेटी आए बाबु हरर
हाम्रा छोरी काँहा बसेर रोछन् धरर ।
खोजेर भएपनि एकै मानो खुवाउनी हो
जाउँ भो बाबु बैनी लिन कति रुवाउनी हो ।
भाइ गयो दिदी लिन आमा लाइन टोलाउन
बाबा त जानुभयो साहुजी बोलाउन ।
नमस्कार साहुजी भन्नुभयो बाबाले
के माग्नलाई आइस त गरीब जाबाले ।
चाडपर्व नी आयो साहुजी गाह्रो भयो धान्नलाई
दुवै पाथी धान दिनुस तीज मान्नलाई ।
लानी भए लैजा धान हातमा पैसा गनेर
हुदैन उधारो दिम्ला भनेर ।
दिएनन् साहुजीले भन्नुभयो बाबाले
सातै गाउँ डुलेर ल्याइन आमाले ।
दुवै पाथी धानले कति तीज मान्ने हो
पञ्चमीका भोलिपल्ट रूदै जने हो ।
साहुको आँटी लच्क्यो अन्न र पानीले
गरिबका छोराछोरी मरे खानाले ।
दशै आयो तीज आयो गरीबलाई थाछैन्
घनी गरीब बराबरी नभई भाछैन् ।

*(स्रोतः धना पोखेल, वर्ष ४६)*

२०७६ साल जेठ ९ गते स्थानीय मन्दिरमा धार्मिक कार्यक्रममा उपस्थित आमा बुबालाई गीत सङ्कलनको लागी भेट्न गएकी थिए । सोहि दिनमा देवकी ढकाल, वर्ष ६१ *हिमकुमारी अधिकारीले तीज* गाउनुभएको तीज गीत यसप्रकार छ ।

**(ढ) शिरै शिरफूल नलगाउ नानी**

लैजाला छट्टुले बङगालाको देश ।
लए  लगला लए नी जाम्ला



घुमेर  आउला नी बङगालाको देश ॥
शिरै शिरबन्दी नलगाउ नानी
लैजाला छट्टुले बङगालाको देश
लए  लग्ला लए नी जाम्ला
घुमेर आउला नी बङगालाको देश ॥
शिरै चन्दमा नलगाउ नानी
लैजाला छट्टु बङगालाको देश
लए  लग्ला लए नी जाम्ला
घुमेर आउला नी बङगालाको देश ॥

**ण) शिरफूल कमायौ पैला नम्बर सुनले**
बेलुकीमा उज्यालो तारा जुनैले ।
गोठैमा उज्यालो गाँजु भन्ने गाईले
माइतैमा उज्यालो दाजु भाइले ।
वनैमा उज्यालो वनका चरा चरीले
घरैमा उज्यालो छोराछोरीले ॥

*(स्रोतः देवकी ढकाल,वर्ष ५५)*

**त) टाढा छोरी दिनुभयो इज्जत र नामले**
अष्टमीमा आउन पाइन घरको कामले ।
अष्टमीमा नपठाउने कस्तो रैछ घरपनि
नरोई नरोई पकाउ आमा राती दरपनि ।
हररर रानी चरी ऐसैंलुको गाँजमा
मलाई सम्भी नरोऊ आमा भम्के साँभमा ॥
घ्यु संगाली राखे आमा फुलभरेको टिनमा
बाँचे भेट हौला आमा वर्ष दिनमा  ।

*(स्रोतः लक्ष्मी पौडेल, वर्ष ३९)*

**(थ) दाउरा काटने रानीवन, घाँस काट्ने भिरालो**
यौटा गीत गाउँछु मैले मनको पिरालो ।

सररर बतास चल्यो बेर्ना रूख ढाल्नलाई
कति गाह्रो मान्नुहुन्छ छोरी पाल्नलाई ।
हात खुट्टा चल्छ बाबा के लाई गाह्रो मानेको
देखिएन म छोरीले घर धानेको ।
अर्को लुगा फाट्यो बाबा सँधै घाँस काटेर
दुःख सम्झी  आउछ बाबा मन फाटेर ।
लानुभयो छोरालाई कलेजमा पढाउन
म छोरीलाई टुटेन दुःख गरन ।
रूँदै हिड्छु मेरो बाबा गाई चराउदै बनमा
खुशी अनी उज्यालो छैन मनका ।
रूँदा  रूदा चोली भिज्यो बलिन्धारा आँशुले
नपढेकी बुहारी भन्छिन सासुले ।
गरिबकी छोरी रैछे भन्दै हिड्छन् ससुरा
त्यो घरमा गएर क्यारी बसुँला ।
मेलो बाटो छैन घरमा  बाबाजीको धनले
म छोरी रूँदै हिड्छु छोरी हुनाले ।
आफु सङगका सँगी साथी रकेट चढी चन्द्रमा
हामी तल भुँईमा छौं मस्त निन्द्रामा ।
कति विकास गरी सके अरू देशका नारीले
हामी पछी परेको घाँसको भारीले ।


*(राधा ढकाल, वर्ष ६४)*

**द)  बाबाजीको आँगनी लिपे र लापे**

छिँणकरी माआरी नाचौला
छिँणकरी माआरी नाँचने चेलीको
शिरैमा छैइन शिरफूल
हुनी खानीलाई दिएथ्यौ र बाबा
अहिलेमा लाउछौ वचन
सर्ल्सनी साहुलाई दिए भन्थ्यौ बाबा

पुरानो रहेछ सिरफूल
मागेर ल्याएको रैछे बाबा शिरफूल
धुले पाइलो नफर्काउदै लए बरिलै ॥

*(स्रोतः भगवती सिग्देल, वर्ष ५५)*

**(ध) केलादीका देवता अँजुलीमारी बसेका**
को चेली गर्‌ला देवतीको ध्यान ।
फूलबारीमा बसौला फूलको माला गासौला
हामी चेलीगरौला देवतीको ध्यान ।
कुन बेला जाउली कुन केला आउली
कुन बेला गरौली देवतीको ध्यान ।
उदाए जाऊला अस्ताए आउला
मध्यानीमा गरौला देवतीको ध्यान ॥

*(स्रोतः जानकी पोखेल, वर्ष ६९, गणपते)*

**न)** दाजु र बहिनीले एउटै क्याम्पस पढेका
चार बजे छुट्टी भई घर फर्केका ।
सुकाएका धान छन् उठाएर राख्नु दाइ
दराजमा खाजा छ आउनु खानालाई ।
मलाई भोक लाछौन मैले खाजा खादिन्
खुकुरी नउदाइ मलाई भाछैन् ।
तिम्रा अक्षर कस्ता छन् लेख घोप्टि परेर
त्यो दाजुले बहिनी माप्यो हत्ते गरेर ।
सररर रानी चरी पाकेको बेल खान
बहिनीलाई मारेर दाजु झेलखाना ॥

*(स्रोतः कोपिला काफ्ले, वर्ष ५२)*

**(प) वर्ष दिनको तीजमा छोरी घर पठाए**
अँधेरी खोलाले लयो बरिलै ॥
बाबाले भन्नुभयो छोरी घर पठाए
ससूराले भन्नुभयो बहु माइतै छ ।



बाबा र ससूरा खोज्न भनी जाँदा
दुई डुङ्गाको अन्तरमा लास बरिलै ।
बाबाले भन्नुभयो मेरी छोरी यिनै हुन्
ससूराले भन्नुभयो मेरा गहना ।
बाबा त लाग्नुभयो झम्टेर रूउन्
ससूरा त लाग्नुभयो गहना धुन् ॥

*(स्रोतः राधा ढकाल, देवकी ढकाल, सावित्री ढुङ्गाना)*

**(फ) नल्याऊ भने दिदी बहिनी गाँउलेको भनैउरो**

ल्याम त भने दिदीबहिनी धनको खनैउरो ।
काली गङगा तर्दा तर्दै कोल्टे परो झलुङगो
कहिले जान्छन् दिदीबहिनी हुन्छ हलुङ्गो ।
हाम्ले पनि यहि घरमा कति दुःख गरेको
किन होला दाइ भाउज्यूले आँखा तरेको ॥

*(स्रोतः चित्रकुमारी गौतम, वर्ष ६९ )*

**(भ) सतबरी फुल फुल्यो फूलबारी मै रहिरह्यो**



टीपौ क्यारे भगवान् सुनको थालीमा
सके त भगवान् सेवा पुजन गरौंला
नसके भगवान् शरण परौला
भगवान्को सेवा गरे स्वर्ग जान पाइन्छ
नभुल जानुका माया जालैमा ॥
सयपत्री फुल फूल्यो फूलबारीमा रहिरह्यो
टिपौ क्यारे जानुका सुनको थालीमा
सके त भगवान् सेवा पुजन गरौला
नसके भगवान् शरण परौला
भगवान्को सेवा गरे स्वर्ग जान पाइन्छ
नभुल जनुका माया जालैमा ।

*(स्रोतः सावित्री ढुङगाना, देवकी ढकाल, राधा ढकाल)*

२०७६ असोज ६ गते मेरो आफ्नै घरमा गीत सङ्कलनको लागि सेते गन्धर्व वर्ष ५२ लाई बोलाएकी थिए । दसैँको नवदुर्गा सुरु हुन केहि दिन मात्र बाँकी थियो सो दिन उहाँले गाउनुभएको मालश्री गीत यसप्रकार रहेको छ ।

## २.२ मालश्री गीत


*(सेते गन्धर्व वर्ष ४२, गणपते)*

**जय देवी श्री गोरखनाथ**

दर्शन दियौ माईले भवानी हो ।
प्रथमा देवी मै उत्पन्न भयौं
देवा देवी दर्शन दियौ रे हो ।
श्री कैलाश सुन माईको जन्मेभूमी
ईश्वरे उनै माईको नाम रे ।
आयौं देवी माई नैदुर्गा भूमीमानी
यिनै त्रिलोककी धनी रे माई हो ॥
ए ए काँहो रे माईको जन्मभूमी
क्याहोरे माईको नाम रे हो ।
ज्योती हुन जगमग जमो दिसा
ज्योती हुन जगमग जमो दिसा ।
चौसट्ठी जोगीनी साथैमा
आयौं देवी माई नैदुर्गा भूमीमानी
यिनै त्रिलोककी धनी रे माई हो ॥
आ आ सुनको अइसन सुनको पैसान

सुनैको छत्रले छायौ रे हो ।
काँहो रे माईको जन्मेभूमी
क्याहोरे माईको नाम रे ।
आयौं देवी माई नैदुर्गा भूमीमानी
यिनै त्रिलोकको भनिने माई हो ॥
सप्तमी फूलपाती डोलीमाथी
नवमी दशमी आयौं रे हो ।
ए ए तामाको अइसन तामाको पैसान

तामाकै छत्रले छायौ रे हो ।
आयौं देवी माई दुर्गा दशमी
यिनै त्रिलोकको धनी रे माई हो ॥

## २.३ भैली गीत

**क)** हरियो गोबरले लिपेको, लक्ष्मी पूजा गरेको
हे औंशी बार गाईतिहार भैली ।
आज औंशी के बार, लक्ष्मि गाईको तिहार
हे औंशी बार गाईतिहार भैली ।
हामी त्यसै आएनौ, बलि राजाले पठाएका
हे औंशी बार गाईतिहार भैली ।
कस्ले दिन्छ मुरी, उसको सुनको धुरी
हे औंशी बार गाईतिहार भैली ।
टाढाबाट आका छौ, धेरै दुःख पाँका छौ
हे औंशी बार गाईतिहार भैली ।
घोडा माथि तवेला हामीलाई भयो अवेला
हे औंशी बार गाईतिहार भैली ।
दिने भए छिट्टै देऊ नदिने भए बिदा देऊ
हे औंशी बार गाईतिहार भैली ।


(आयुष्मा शर्मा,रञ्जिता श्रेष्ठ,सञ्चिताश्रेष्ठ)

## २.४ देउसीरे गीत

ए भनभन भाइ हो देउसीरे
ए देउसीरे भन देउसीरे
ए राम्ररी भन देउसीरे
ए अलिचर्को भन देउसीरे
ए स्वर मिलाइ कन देउसीरे
ए हामी त्यसै देउसीरे
ए आएका हौनौ देउसीरे
ए वली राजाले पठाएका देउसीरे
ए हाम्रो संस्कार देउसीरे

ए संस्कृतिलाई देउसीरे
*ए* बचाउन देउसीरे
ए आएका हौ देउसीरे
ए भनभन भाइ हो देउसीरे
ए देउसीरे भन देउसीरे
ए छानामाथि घिरौला देउसीर
ए के के दिन्छन् हेरौला देउसीरे
ए यो घरमा देउसीरे
ए लक्षिमीले देउसीरे
ए वासै गरुन् देउसीरे
ए दुःख कष्ट देउसीरे
ए हटेर जाउन् देउसीरे
ए धन सम्पति देउसीरे
ए वर्षी जाउन् देउसीरे
ए यसै घरका देउसीरे
ए छोरा नाती देउसीरे
ए डाक्टर, पाइलट देउसीरे
ए इन्जिनियर देउसीरे
ए भइजाउन् देउसीरे

*ढोरबराहीमा सनुको गजुर*
*देउसी खेल्दै आइपुग्यौ हजुर*
*अहिले आउदा खरको छानो आगुम आउदा सुनको छानो होस् ।*
*थालमा अक्षेता पाती*
*बिदावादी भएरजाँऊ साथी*
*नमरी बाचे दैवले साँचे - अर्को साल भेटौल*

*(स्रोत : गोपाल भट्टराई वर्ष ३२,अर्जुन शर्मा वर्ष १७)*

## २.५ होली गीत

होली खेलन होली खेलन
चौध अञ्चल नेपालमा होली खेलन ॥
ऊ चरी भमरा रसै लिन आयो
उड्दै चल्दै चरी रसै लिन आयो
वावरीको खरबारीमा फूलै फूल्यो बुँगा
यो देशैमा बस्दा बस्दै उम्रो मेरो लोखकेको जुँगा ॥

होली से होली खेलन होली खेलन
चौध अञ्चल नेपालमा होली खेलन ॥

काँठ खायो धमिराले फलाम खायो खइले
भमरा रसै लिन आयो के भन्छु र मैले
होली खेलन होली खेलन
चौध अञ्चल नेपालमा होली खेलन ॥

*(स्रोत: हिमबहादुर गुरुङ, वर्ष ६५,उत्तमटोल)*

# ३. कर्मगीत

## ३.१ जेठे गीत

२०७६ फागुन १६ गते गीत सङ्कलनको लागी लहरेपिपल गएकी थिए । लीला पौडेल, वर्ष ४५ ले आफ्नो घरको कोठामा बसेर जेठे गीत गाउनुभएको थियो जुन यसप्रकार छ ।

जेठ र मासको खरी लाग्दो घाम, जिरीया एकलै गोडछ्यौ है ।
तिमरा स्वामी काँहा गए नानी, एकलै जिरीया गोडछ्यौ है ।
हामरा स्वामी सधैका परदेशी, किन र आउथे मेलामा है ।




तिमरा सासू  कहाँ गइन् नानी, एक्लै जिरीया गोडछ्यौ है ।
हामरी सासू घरकी माल्लिक्नी, किन र आउथिन् मेलामा है ।

तिमरा ससुरा काँहा गए नानी, एक्लै जिरीया गोडछ्यौ है ।
हामरा ससुरा घरका मालिक, , किन र आउथे मेलामा है ।

तिमरा जेठाजु कहाँ गए नानी, एक्लै जिरीया गोडछ्यौ है ।
हामरा जेठाजु गाँवैका मुखिया  किन र आउथे मेलामा है ।

तिमरा जेठानी कहाँ गइन् नानी, एक्लै जिरीया गोडछ्यौ है ।
हामरी जेठानी सधैंको भान्से,किन र आउथिन्  मेलामा है ।

कस्तोमा रैछ बाटो हिड्ने बटुवा, अर्काको त्रियालाई बोलाउछ है ।
आज र म बासै र बस्न, तिमरा घर जानचु न है ।
घरकाले के भन्छन् मेरा पछि नलाग्नु है ॥

## ३.२ असारे गीत

मिति २०७६ असार ७ गते डाङ्ग्रेपानी कमलादेवी वर्ष ६१ को घरमा पुग्दा उहाँकै घरको कौशीमा बसेर असारे गीत गाइदिनुभयो जुन यसप्रकार छ ।

**(क)** असारै मासको चिजको कुरा गुलियो कसार
हा गुलियो कसार
पूर्वे र ढोका उधारी हेर्दा लाएछ असार हा, लाएछ असार हा ।

असारै मासको दबदबे हिलो छि मलाई धिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छ बिस रिन लाग्यो, हा छ बिस रिन लाग्यो ।

छुपुमा छुपु खेतै र रोपम हातमा बीउ छन्जेल
भालै र लाम्ला भलै र खाम्ला बाबैको जीउ छन्जेल, हा बाबैको जीउ छन्जेल ।

असारै रोपाइँ भलपानी छोपाइ मंसिरमा राख्ने दाइँ
हो भनि देउन मंसिरमा राख्ने दाँई, मंसिरमा राख्ने दाइँ ।

असार महिना दश पन्ध्र रोपाइँको चटारो
हलीले हान्यो खेतालालाई बीउ झटारो हा, बीउ झटारो ।

२०७६ असार १५ फिर्दी मेलामा मेला सकिएपछि साँझको समयमा हिलोले भिजेका कपडासँगै हिलोमै उभिएर कृष्ण कुमारी बानियाँ, वर्ष ६५ ले असारे गीत गाउनुभएको थियो जुन यसप्रकार छ ।

**(ख)** असार मासको चिजको कुरा (पाकेको आम्चुर)२
त्यो जाने को हो फर्केर हेर (म पनि आम्चुर)२
बेलाउती काँचो ख्याल होईन साँचो म पनि आम्चुर ॥

असारलाई भनी कुटेका चिउरा (म कति साँचुला)२
सौताको छोरो भुटुको किलो (म कति बाँचुला)२

बेलाउती काँचो ख्याल हैन साँचो म कति बाँचुला ॥

आउ खेलौ हिलो छ्यापीदेउ पनि (नलगाउ सिरैमा)२
ढोरफिर्दी वासी किसानको दासी (सधैँको पीरैमा)२
बेलाउती काँचो ख्याल होईन साँचो सधैँको पीरैमा ॥

हलो र जुवा काँधैमा राखी (हल गोरु धपाउँदै)२
हली राजा खेताल्नी रानी (आउनुभो रमाउँदै)२
बेलाउती काँचो ख्याल होईन साँचो आउनुभो रमाउँदै ॥

बिहानको झुल्के घाम (सुरीलो रुखैमा)२
कलिलो वैंश सरिमा लाग्छ (नहेर मुखैमा)२
बेलाउती काँचो ख्याल हैन साँचो नहेर मुखैमा ॥

बाबा र ज्यूको गहिरी खेत (राम्रसी हिलाइदेऊ)२
धन र पैसा चाहिदैन (मलाई दौतरी मिलाइदेऊ)२
बेलाउती काँचो ख्याल होईन साँचो दौंतरी मिलाइदेऊ ॥

चैत र मास कुटेको चामल (असारमा घुन लाग्यो)२
टाढाको पाई उकालो बाटो (मेलैमा जून लाग्यो)२
बेलाउती काँचो ख्याल हैन साँचो मेलैमा जून लाग्यो ॥

**ग)** केटा : छुपु र छुपु धानै र रोप्यौ असार मासमा
के कति बस्छेउ रोपानी नानी परदेशी आसमा ।
केटी : छुपु र छुपु धानै र रोपे दवदबे हिलोमा
के नुन चुक छप्दैछै हली दुःखेको पिलोमा ।
केटा : भेट भयो असारे मासमा
म त परे रोपार्नी आसमा ।
केटी : हली उस्तै म पनि उस्तै
भगवान्ले जुराए दुरुस्तै ।

केटा : असारको रोपाइँले हाम्रो भेट गरायो
मरेको बीउ हेर न हेर मायाले सरायो ॥
केटी : असारे मास रोपेको धान असौजमा पसाउँछ
एक चोटी आउछ अल्लारे वैंशदुनिया हसाउँछ ॥

*(स्रोतः सीता अर्याल, वर्ष ४५, गणपती)*

## ३. दाँइ गीत

**क**) हो हो माले हो हो
हो हो तारे हो हो ॥

हो हो माले हो हो
हो हो तारे हो हो ॥
मियो घुमी देऊ
मुरी मुरी धान झारीदेऊ
हो हो माले हो ...हो हो तारे हो हो ॥

माल मधेशको सह ल्याईदेउ
लक्ष्मीको बास गराइदेउ
हो हो तारे हो हो ...हो हो तारे हो हो ॥

पराल माडी देऊ
धान झारी देऊ
हो हो माले हो ...हो हो तारे हो हो ॥

(स्रोतःफणिन्द प्रसाद सिग्देल वर्ष ५८,गणपती)

## हाँस्य शैलीको दाइँ गीत


**ख)** हो हो भैया हो हो
मियाको टुप्पोमा बसिहाल्यो कोइली
आजका दयरालाई घिऊको चोइली ॥
ओ हो हो हो

मियाको गोरु तिखे र ताखे
घर बस्ने बुढिले तिहुन चाखे
ओ हो भैया ओ हो हो हो ॥

(स्रोतःमहेन्द्रलाल शर्मा, वर्ष ७७)

# ४. धार्मिक गीत

## ४.१ आरती



**(क)** पहिले आरती हो रामहोलाकी माला
पहिले हो रामहोलाकी माला
काली नाग नदी लेउकृष्ण र देउको बाला आरती
श्री जय राजा राम रामचन्द्रकी जय ॥

जय हर हर भक्तका राम राम
राम दरिशन दिदे सध्य की आरती
यो मन घट्ट लिई सध्यकी आरती
श्री जय राजा राम रामचन्द्रकी जय ॥

*(स्रोतः यमप्रसाद पौडेल, वर्ष ६४)*

**ख)** जय जय तिम्रो आरती, जपौ दिन राती
जय जय तिम्रो आरती हरि
सुवर्णैको थलीयामा सुवर्णैको थलीया
जनकपुर की बाली ज्योती जगमग
सधैको राती नी जयजय तिम्रो आरती
(जपौ दिन राती, जयजय तिम्रो आरती)[२]
जयजय तिम्रो आरती हरि ॥

*(स्रोतः यमप्रसाद पौडेल, वर्ष ६४,)*

**(ग)** साँझको बेला, प्रभु सन्ध्या जगाऊ,
राम आरती जगाऊ
साँझको बेला, प्रभु सन्ध्या जगाऊ ।
गउँन गाउ प्रभुज्यूको नाम
पृथिवीमा उबज्यो फूलको बिरुवा
सोहि फूल टिपेर प्रभुज्यूलाई चढाऊ ।
साँझको बेला, प्रभु सन्ध्या जगाऊ,

*(स्रोतः इन्द्रप्रसाद भट्टराई, वर्ष ७०, पाटन)*

## ४.२ भजन

**(क)** (जय गणेश) भक्त सबका प्यारा
शरण गर्छौं ध्यान गर्छौं, सिद्धि देऊ सारा ॥

वुक तुण्ड नाम तिम्रो एक दन्त धारी
स्मरण गर्ने भक्तजनको सब दुःख हारी ।
(जय गणेश) भक्त सबका प्यारा
शरण पर्छौं ध्यान गर्छौ सिद्धि देऊ सारा ॥

बिध्न हर्ता शान्ति दिने तिम्रै गर्छु ध्यान
ध्यान गर्ने भक्त जनको पूर्ण गर काम ।
(जय गणेश) भक्त सबका..............॥

पार्वतीका प्रिय पुत्र अग्र पूजा लिने
भक्त जनको इच्छाहरू पूर्ण गरिदिने ।
(जय गणेश) भक्त सबका..............॥

प्रार्थना छ प्रभु सित, मानव हित गर्न
मन लागोस् प्रभुजिको भजन भजन किर्तन गर्न ।
(जय गणेश) भक्त सबका..............॥

*(स्रोतः इन्द्रप्रसाद भट्टराई, वर्ष ७०, पाटन)*

**(ख)** **नारायण श्रीमन् नारायण नारायण**
नारायण यज नारायण नारायण
नारायण सम्झ नारायण नारायण
नारायण सुन नारायण नारायण
नारायण बोल नारायण नारायण
नारायण बोल नारायण नारायण

नारायण राम नारायण नारायण
नारायण कृष्ण नारायण नारायण
नारायण शिव नारायण नारायण
नारायण हरि नारायण नारायण
नारायण विष्णु नारायण नारायण
नारायण भक्त नारायण नारायण
नारायण श्रीमन् नारायण नारायण ॥



*(स्रोतः केशवराज अधिकारी, वर्ष ६१)*

**(ग)** **हरे राम हरे राम राम राम हरे**
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे
राधेश्याम राधेश्याम श्याम श्याम राधे
राधे कृष्ण राधे कृष्ण कृष्ण कृष्ण राधे ॥

*(स्रोतः ठाकुरप्रसाद वाग्ले, वर्ष ६८ )*

**(घ)** हे दुर्गे भवानी पर्छु शरणमा
यो मन रमाओस है तिम्रो चरणमा
त्रेता युगमा रामचन्द्रले तिम्रो भक्ति गरे
द्धापर युगमा कृष्ण चन्द्र तिम्रो चरण परे
हे दुर्गे.....................................॥

कलियुगमा भक्ति गरे सबै जनता तर्छन
तिम्रा भक्ति बिना प्राणी नरकमा पर्छन
हे दुर्गे.....................................॥
आदि शक्ति भवानीको पूजा गरौ भाई
हृदयमा दुर्गा राखौ युक्त हुनलाई
हे दुर्गे..............................॥

माकुराको जस्तै रैछ संसारको जालो
भक्तिभावलेपूजा गरे जान्छ मनको कालो

हे दुर्गे भवानी..........................॥

*(स्रोतः फणिन्द्रप्रसाद सिग्देल, वर्ष ५८ )*

**ङ)** कलियुगमा सबै छन खोज्नी त, सम्झे शिव मनैमा छन नी त ।
यति राम्रो मनुष्य जूनी,अजम्बरी कसैको नहुनी ।
यति राम्रो मनुष्य चोला, राम्रो बोल नराम्रो नबोल ।
हातमा काम मुखमा राम,बोल राम नगर विराम ।
कस्ले दियो मनुस्य चोला, फेरि जन्म होलकी नहोला ।
देवराजको यो कस्तो लिला,फेरी भेट होला कि नहोला ।
यो जीवनमा कसैको छैननी भर,जीवन वित्ला बेलैमा होस गर ।

*(स्रोतः यमप्रसाद पौडेल, वर्ष ६४,)*

**(च)** कृष्णा तिम्रो मोहनीरूप हृदयमा झलझली झल्किन्छ ।
कृष्ण तिम्रो मोहनी रूप सबको मनमा झलझली झल्किन्छ ।
हे कृष्ण जगतै भरि तिम्ले श्रृष्टि चलायौ के गरी ।
कलियुगमा हे कृष्ण के गर्ने होला,लोभ र पापले जाने भो यो चोला ।
संसारको हे कृष्ण मायाको जालो, पन्छाएर पारौ है उज्यालो ।
जपै कृष्णलाई जपै कृष्णलाई एकदिन होईन दुई दिन होइन सधैँ भरिलाई ॥

*(स्रोतः यमप्रसाद पौडेल, वर्ष ६४)*

**(छ)** राम लिला गाइरहनु होला फेरी पाइदैन यो चोला ।
सुन्नुहोला दिएर चित्र सीता अनि रामको चरित्र ।

दक्षिणको अति राम्रो दण्डक भन्ने वनमा
ऋषि मुनि बास गर्ने शान्ति लिई मनमा
हेर्न लिएर काम , जानुभयो वनमा श्री राम ।

लहराको घारी थिए, वृक्ष थिए राम्रा

त्यहि ठाउँमा घुम्दै गए रघुपति हाम्रा
फुल फुल खाएर वनमा, घुम्दै गए खुसिले मनमा

सवरीको सानो छाप्रो थियो जंगल भित्र
प्यारो राम घुम्दै गए , गरिबको भित्र
दुखीयाको साहायता मित्र , राम नाम सुन्दर पवित्र

राम आउनुहुन्छ भनि सधै बाटो हेर्थिन
रामजीको स्वगत गर्न आश्रममा बस्थिन
आखाँभरी राखेर रामलाई , मनभरी राखेर श्यामलाई ।

राम आउने बाटो भरि, सधै बत्ति बाल्थिन
राम पाउँ दुख्ला भनि फुल टिपी छर्थिन
बाटोभरि  फूलै फूलछरेर, आराधाना रामको गरेर ।

*(स्रोतः महेन्द्रलाल शर्मा, वर्ष ७८)*

**(ज)** सधै हाम्लाई हतार सधै हाम्लाई काम
मर्ने बेला भईसक्यो कहिले जप्नु राम
(कहिले जप्ने राम) विषयको चिन्ता आयो
मर्ने बेला आइसक्यो कहिले जप्ने राम

मेरो मेरो भन्छन सबै मेरो केहि छैन
नाङगै आयौ नाङगै जाने लानु केहि छैन
(नाङगै जानु छ) नाता गोता तोडी
परीवार छोडिनाङगै जानु छ ।

बाहिर हेर्नेआँखालाई छेक्यो जालैले
जान्न जान्न भन्दा भन्दै लान्छ कालैले

(लान्छा कालैले) राजा होस कि अरु होस
शङ्ख फुकि लान्छ कालैले ।

राम भनिन मैले कृष्ण भनिन ।
डुङ्गा पाए कुमारीले पार तरिन
(पार तरिन) दान पुण्य भएन
भजन छैन किर्तन छैन पार तरिन् ।

*(स्रोतः इन्द्रप्रसाद भट्टराई, वर्ष ७०, पाटन)*

### ४.३ चुड्का भजन

२०७६ माघ १७ गतेको दिन ढोरफिर्दी गणपतीको प्रतिमा *भट्टराईको घरमा* श्रीस्वस्थानी व्रत समाप्तीमा *गङगा भट्टराई, फणिन्द्रप्रसाद सिग्देल, विष्णु पौडेल, तारा गौतम, प्रतिमा भट्टराई, देवी भट्टराई, लक्ष्मी पोखेल लगायतले गाउनुभएका चुड्का गीत यसप्रकार रहेको छ ।*

जाम्ला बैकुण्ठमा
नाँच्दै गाउँदै बजाउँदै ।



सधैँ जमुनामा
के काम पर्‍यो राधिका ।

नजाऊ पारी पारी
वारी आउन राधिका ।

शिव तिम्रो नाउँमा
बत्ती बले ठाउँ ठाउँमा ।

शिव जटाधारी
कहिले होला सवारी ।

चले महादेव
सत्यदेवी बोकेर ।

बेलपत्रको घारी
शिवजीको फुलबारी ।

रामलाई फुलको माला
शिवजीलाई जलधारा ।

नाचँ केहि हुदैन
शिवजीको मन्दिरमा ।

घुमी नाँचनीलाई
मोहर दिऊँ कि पाँचनी ।

मलाई बगाउलाकी
फूल बगाउनी नदीले ।

कोटी नमस्कार
देवता जति सबैलाई ।

धरिमा कमायौँ
धन्न कि रैछौ करिता ।

रामलाई अघि लाउला
रामको पछि मै जाउला ।

रामलाई फुलको माला

लक्ष्मीलाई आरती ।

अवश्य मरिन्छ
धर्म गरे  तरिन्छ ।

रामलाई भनि पास
भरतलाई रजाई ।

धर्म आधा आधा
हुन्छ की हुन्न ए राधा ।

खोइत बाटो खनेको
स्वर्ग जाने भनेको ।

स्वर्ग जाने बाटो
खनि मैदान पारेको ।

स्वर्ग जाने बाटो
न ढुङगो न  माटो ।

ढोका खोल राम
भक्ति आए मन्दिरमा ।

भक्ति भावनाले
मुक्ति हुन पाइन्छ ।


जपिदैन हरि
मनमा पिर नपरी

स्वर्ग जाने बाटो
तल्लो हो की उपल्लो ॥

## ४.४ बालन

गीत सङ्कलनको लागि २०७६ माघ ११ गते फिर्दी रुद्रबहादुर  बानीयाँको घरमा गएकी थिएँ । सोहि उनै रुद्रकहादुर बानीयाँ वर्ष ८३ ले बालन गीत गाउनुदिनुभएको थियो जुन यसप्रकार रहेको छ ।

**गणेश आराधनाको बालन**



लम्बोदर गणेश सिद्धि बुद्धिदाता
मुण्डमाला गला लाउने कम्बरैमा छाला
गणेश भने कति राम्रा पार्वतीका बाला
ढकमक्क फूल फल्यो त्यसलाई रक्षा वार
नाँच्न आयौ आज हामी सबै विघ्न टार ।
हो हो उठ न उठ घरकी माई,
तघारो उघारी देऊ ।
हो हो उठ न उठ घरकी माई,
बाहिर के कृतिमा लाई ।
हो हो यो घरकी बुढीको
फरिकामा दैलो ।
हो हो यो घरभित्र कुकुर पसेर
खाइदियो पिठो ।
हो हो  क्यौन दिसाबाट आयौं नि
क्यौन दिसामा जान्छौ ॥
हो हो पूर्व दिसाबाट आयौ नी हामी
पश्चिम दिसामा जान्छौ ।
हो हो बसन् बस् बालन बर्मा
म केहि कुरा राख्छु ।

हो हो माँठो माँठो (सुस्त) नाँच बालने बर्मा
धरती कम्पन लाग्यो ।
हो हो माँठो नाच माँठो नाच घरकी माँउ
शितलो राखौला पाउँ ।
हो हो घोडा रथ काटेर सारथी काट्यो
बीरखे केटु (विशालु जन्तु) लाई मारनै आट्यो ।
हो हो घोडाको तथ्यो विजुली भेष
पुगेछ मणिपुरको देश ।
हो हो गौहाते घोडीले भै गोठाभरी
पूर्ण हुन सब छोराछोरी ।
हो हो आयु पूर्ण होस रोगले नछोहोस्
अन्न धन्न परिपूर्ण होस ।
हो हो इन्द्रको झैँ घन दुर्यधनझैँ मान
विदुरको झैँ होस ज्ञान ।
हो हो चन्द्रसम्म कान्ति दुःख सबै हटोस्
नै ग्रह होस शान्ति ।
हो हो सुन चाँदी ऐश्वर्य भोग गर्नुस् यहाँ
अन्त्य बाँस वैकुण्ठमा
हो हो हामीले दिएको आशिषको घेरा
कृष्णको हुनुहोस् प्यारा ।
हो हो हामी जान माग्छौ बिदा दिनुहोस
कृष्णको भक्ति लिनुहोस ।
हो हो हामीले दिएको आशिक घेरा
कृष्णको हुनुहोस प्यारा ।
हो हो घोडा गोठमा थियो
बिजुली भेषझैँ उठ्यो ॥

# ५.बाह्रमासे गीत

## ५.१ झ्याउरे गीत

२०७६ साउन १८ गतेका दिन गीत सङ्कलनको लागि म लालीम हिमबहादुरको घरमा गएकी थिए । *उनै हिमबहादुर गुरुङको घरको कोठामा हिमबहादुर गुरुङ वर्ष ६५, धनमाया भुजेल वर्ष ६२, कमलादेवी पौडेल वर्ष ६३ ईश्वरी पौडेल वर्ष ३८ ले गाउनुभएको* झ्याउरे गीत *यसप्रकार छ ।*



**(क)** मायालुलाई जाम भन्दा भन्दै
दुँनियाले चाल पाए नभन्दै ॥

जाम भने जाम त नी
दुई चार महिना घुमेर आम त नि ॥

तिम्रै झल्को तिम्रै छ सपनी
दिनको झल्को रातीको सपनी ॥

माया सँग दुई दिन भेट नहुँदा
डाँडा काँडा रसायो म रुँदा ॥

हितको माया साथमा नहुँदा
सिरानीको खोल भिज्यो म रुँदा ॥

जा गए नी मेरै छ कुरा
कति रैछन जोरी र सतुर ॥

पानी पर्‍यो सालघारी करायो
बर्खा लाग्यो भेट हुनै हरायो ॥

रून्छु सँधै वनको न्याउली झैं
ज्यान सुकेर भैसक्यो प्याउली झैं ॥

अल्को डाँडा भत्केनी हुन्थ्योनी
म रोएको मायाले सुन्थ्योनी ॥

माया तिम्रो बत्तिसै दन्त
दन्त छाडी जादैन मन अन्त ॥

गैराबारी ऐंसेलु घारी
आऊ न माया रूखैको छेल पारी ॥

करिम कस्तो,
चैपारीको एकलो वर जस्तो ।

तिमी माया के भाको भाको ।
मैले माया लाइसके जे भाको ॥

छम छम नाच्ने मायालाई ।
फूल टिपी लाइदिउँला पहेलै ॥

यो मायाको मोहनी बोली ।
कसो गरी बिर्सेर जाँउ भालि ॥

जाले रुमाल मायालाई दिन हो ।
दाल भात रूचेन किन हो ॥

मायासंग भेट भाको दिन ।

सङलो पानी धमिलो मन किन ॥

होनी साञ्चै फूल फुल्यो धुपको ।
न सम्पत्ति न केटो रूपको ॥

घुमाउने घरको झ्याल छैन ।
बेमानी मायाको भर छैन ॥

यो मायालाई देखौंला भनेर
अग्लो  डाँडो सम्मै छ खनेर ॥

मायासँग दुईदिन भेट नहुदा
डाँडा काँडा रसायो म रूदा ॥

मेरो माया काँ पुग्यो रूदै
दाई हालेको परालु झैँ हुदै ॥

बसबस सबैले भन्छन्
जूनी बित्यो कसैले भन्दैनन् ॥

आजभोलि के हुन्छ हुन्छ
वनको न्याउली कराउदा मन रून्छ ॥

कर्म न्युछराको
बोली पनि न्युछरो ॥

**(ख)** गैरी घर रेलीमै पैराको डर,
डाँडा घर सिरीरी बतास ॥

होनी साच्चै रेलीमै टुप्पैमा पितलु
काँ गएर रेलीमै होला मन शीतलु ।
गैरी घर रेलीमै पैराको डर, ....................॥

होनी साच्चैं रेलीमै यो मनको पीरको भारी
पाइन मैले रेलीमै बिसाउनी चौतारी ।
गैरी घर रेलीमै पैराको डर, ....................॥

होनी साँच्चै रेलीमै कर्म यस्तै भनेर बसौकी
दुँनियाको रेलीमै खेलैमा पसौकी ॥
गैरी घर रेलीमै पैराको डर, ....................॥

होनी साँच्चै रेलीमै बेल पाक्यो गलगली
म गएनी रेलीमै सम्झेउली झलझली
गैरी घर रेलीमै पैराको डर, ....................॥

*(स्रोत : हरियाली आमा समूह, फिर्दी)*

२०७६ माघ १५ गते गीत सङ्लनको लागि लीलादेवी भट्टाराईको घरमा गएकी थिए , उनै लीलादेवी भट्टाराई वर्ष ७४ ले आफ्नो घरको मन्दिरमा बसेर झ्याउरे गीत गाउनुभएको थियो जुन यसप्रकार रहेको छ ।

**(ग)** ढोर माथि लाकुरीको बोट, पिर चिन्ताले हो निर माया
ज्यान सुकेर धागो झै, देख्न पाईन निष्टुरीको मुख
मलाई छोडी (जानु भो शहर)[२]
सँगै जाने हो निर माया थियो नी रहर
ढोर माथि लाकुरीको बोट ................................॥
मलाई (छोडी सहर पसेनी) [२]
तिम्रै झल्को हो निर माया ज्यान टाढा बसेनी
ढोर माथि लाकुरीको बोट ................................॥

सधैंभरि (तिम्रै छ पिर)२

सम्भि रुन्छु हो निर माया तिम्रो नै तस्वीर

ढोर माथि लाकुरीको बोट ..................................॥

आँसुले मुख (धोएको धोयौ छु)२

सम्भी सम्भी हो निर माया  रोएको रोयौ छु

ढोर माथि लाकुरीको बोट ..................................॥

तिम्रै मुहार (हेर्न छ रहर) २

छिट्टै फर्की हो निर माया आउनुहोस घर

ढोर माथि लाकुरीको बोट ..................................॥

२०७६ फागुन २७ गते गीत सङ्कलनको लागि फिर्दी जाँदा हरियाली आमा समूह लक्ष्मी बानियाँ, गुमा महत, देवी महत, बिन्दु खत्री लगायत हरियाली आमा समूह ले बाह्रमासे भ्याउरे गीत गाउनुभएको थियो जुन यसप्रकार छ ।

**(घ)** फिर्दी फाटैमा

मलाई सम्भी नरोऊ आमा मेला पातैमा ॥



आमा तिम्रो म छोरी होइन र

दाइले खाने दुःध मैले खाइन र ?

फिर्दी फाटैमा..........................॥

आमा तिम्रो दूधको भाराले

पाइन बाटो आँशुको धाराले

फिर्दी फाटैमा..........................॥

आमा तिम्रो म छोरी हैन र

दाइलाई अंश मलाई केहि छैन र

फिर्दी फाटैमा..........................॥

दाजु तिमी अंशको धनी

म बहिनी त जीवनभर रोइरहनी
फिर्दी फाटैमा..........................॥

छ मकै भुटेको
मेरो कर्म सिसाझैँ फुटेको
फिर्दी फाटैमा..........................॥

मैलो लुगा खोलीमा धुनी हो
कर्मै खोटी कतिदिन रूनी हो
फिर्दी फाटैमा..........................॥

घर काँहो भनौला दाजुले
घर ठेगान लाउदैछन भावीले
फिर्दी फाटैमा..........................॥

(ङ) रातो पछ्यौरी
मायाले ढाटेर लायो मस्यौरी
पिपलु छायाँलाई
मरे पनि विर्सन्न मायालाई
रातो पछ्यौरी
मायाले ढाटेर लायो मस्यौरी ॥

माया तिम्लाई सम्झन्छु मैले
टोपी घेरो दिनैको नैफेरो
रातो पछ्यौरी .........................।

मेरो माया काँ गाथ्यौ एतिन्जेल
खोजे मैले परानले भेट्टिन्जेल

रातो पछ्यौरी .........................॥

माया तिम्लाई सम्झन्छु कहिलेकाँही
कागको फूल कोइलीले चोरेझै
रातो पछ्यौरी .........................॥

भेट हुन मन कति थियो
सम्झनाले कलिलो ज्यान खियो
रातो पछ्यौरी .........................॥

*(स्रोतः कृष्णकुमारी बानियाँ, वर्ष ६३, फिर्दी)*

*गीत सङ्कलनको लागि म फिर्दी निवासी* हरिकला थापा, वर्ष ४३ को घरमा पुगेकी थिए । उनले आफ्नो घरको आँगनमा बसेर झ्याउरे गीत गाउनुभएको थियो जुन यसप्रकार रहेको छ :

**(च)** छ, छ मनैमा
छ फुले लाइटर खस्यो वनैमा
लामपाते सुरती
लाम कि नलाम जुग जाने पिरती
छ, छ मनैमा .................................. ।



मनैमा थिएन
करिमाले केहि उछार दिएन
छ, छ मनैमा .................................. ।

भागु भन्दा तिमी नि मानेनौ
ठाउँमा गोली हान्ननी जानेनौ
छ, छ मनैमा ..................................॥

**(छ)** नीलो पाइजामा

मै छारी सम्झेर नरोउ है आमा
छ भाइ छोरा त्यही घर अटाउनी
एउटी छोरी नै डाँडा कटाउनी
नीलो पाइजामा ............................. ।

छोरालाई बराबर
म छोरीलाई गोठालो सरोवर
नीलो पाईजामा .............................।

छोरो भए मै हुन्थे जमन्दार
छोरी भए रूनको चम्धार
नीलो पाईजामा .............................।

फुल फुल्यो प्याउली झै
रून्छु आमा वनैको न्याउली झै
नीलो पाईजामा .............................।

माइतिघर बचनको डर
कर्मघर पाइएन अधार
नीलो पाईजामा .............................।

घर हेला माइतमा बसैंला
माइत हेला मुग्लानै पसैला
नीलो पाईजामा .............................।

*(स्रोतः ईश्वरी पौडेल, वर्ष ४२, उत्तम टोल)*

गीत सङ्कलनको उद्देश्यले म २०७६ फाल्गुन २३ गते ठल्ली पौडेल, वर्ष ५८ को घरमा गएकी थिए । सोही दिन *ठल्ली पौडेल, वर्ष ५८, देवी पौडेल, लीला पौडेल, चन्द्रकला रानाभाट* भ्याउरे गीत *गाइदिनुभएको थियो जुन यसप्रकार रहेको छ :*

**(ज)** भिरमा लर्को खर, जाँ लान्छ कर्मले उहि हो मेरो घर

दियौं बाबा दुखी घर छानेर, अल्को टौवा ढुङगे घर देखेर

भिरमा लर्को खर, जाँ लान्छ कर्मले उहि हो मेरो घर ॥



बाबा तिम्रो म छोरी हुनाले, कहिल्यै मलाई छोडेन रूनाले

भिरमा लर्को खर जाँ लान्छ कर्मले उहि हो मेरो घर ॥

मर्छु बाबा खोलीमा हाम फाली, नभन्नु है छोरी नाम फाली

भिरमा लर्को खर, जाँ लान्छ कर्मले उही हो मेरो घर ॥

मेरो भन्नु कोही छैन घरैमा, म बाँचेको इश्वरको भरैमा

भिरमा लर्को खर जाँ लान्छ कर्मले उहि हो मेरो घर ॥

के दिनमा जन्मेछु पापिनी, पिर माथि झन पीर थपिनी

भिरमा लर्को खर, जाँ लान्छ कर्मले उही हो मेरो घर ॥

किन दूध खुवाइ होलिन आमाले, किन जन्म दिएहुन रामले

भिरमा लर्को खर, जाँ लान्छ कर्मले उही हो मेरो घर ॥

बाबा तिम्ले घर हेरौं छानेर, थाप आँशु अँजुली गाँडेर

भिरमा लर्को खर जाँलान्छ कर्मले उही हो मेरो घर ॥

यो मुटुको घाउ सञ्चो भाछैन, फर्केरनी हेर्न मन लाछैन

भिरमा लर्को खर जाँ लान्छ कर्मले उही हो मेरो घर ॥

**झ)** सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छौकी जिन्दगानीमा

नहोऊ पर आउ वर वर
तिम्रो मैछु मेरो पो को छ र ?
सिमसिमे पानीमा ................................।

किन माया तर्कन्छौ तेसरी
तिम्रौ माया लाइरहन्छ वेसरी
सिमसिमे पानीमा ................................।

तिम्लाई छोडी जहाँ गए पनि
तिम्रौ झल्को तिम्रौ छ सपनी
सिमसिमे पानीमा ................................।

रैछौ तिमी पूर्णेको जून
तिमी जस्तो सक्दैन कोही हुन्
सिमसिमे पानीमा ................................।

मेरो मुटु भनेकै तिमी हौ
छाती भित्र तिमी नै तिमी छौ
सिमसिमे पानीमा ................................।

खोज्दै हिड्छु मै पागल हुन्छु
मैले मात्र मायालाई सम्झन्छु
सिमसिमे पानीमा ................................।

*(स्रोत: प्रेमराजा महत, वर्ष ४५, फिर्दी)*

## ५.२ खेली गीत

केटाः तिम्लाई लान भनी, आको मत रमाउँदै

खरको गाज समाउँदै

केटीः मलाई लाने भए, ल्याइदेऊ सारी हजारको

पोखराको बजारको ।

केटाः लान लाने थिए, बर्खे बाटो कच्चा छ

पेटमा तिम्रो बच्चा छ

केटीः त्यसो नभन न दाइ, दिल मेरो सञ्चा छ

तिम्रो भन्दा अच्छा छ ।

केटाः बोलौ भने पनि, बोली छैन लयालु

के बोलौ खै मायालु ।

केटीः बोल बोल मायालु, बोली तिम्रो राम्रो छ

सुन्ने इच्छा हाम्रो छ ।

केटाः भन्न पर्दा खेरि, बोल्न पर्छ भन्छौ र

कल्लाई मान्छे गन्छौ र ।

केटाः वनको न्याउली पनि, सोभ्रो छैन मसित

कर्म विग्रे पछि त ।

केटीः के भन्यौ र दाईले, के सुने र खै मैले

के सुने र खै मैले ।

केटाः माया लाउन आको, माया नलाई भाछैन

माया नलाई भाछैन ।

केटीः के माया लाउथ्यौ र, कालीसँग गोराले

धनी बाउको छोराले ।

केटाः तिम्लाई भन्दाखेरि, धाई-धाई बाटो आएको

धन्दै बाघले खाएको ।

केटाः आज एकादशी, हिजो पर्यो औँशीनी

नजान्ने नी तम्सनी ॥

केटीः लाली पाउडर लाउनी हेर्दा हेर्दा पर गई

के रमाइलो छ र खै ॥
केटा: ढाका टोपी मैलो, लेऊ दाइ मैले धोइदिउँला
सुकेपछि ल्याइदिउँला ॥
केटी: ढाका टोपी मैलो, धुनी बहिनी घर गई
के रमाइलो छ र खै ॥
केटा: गएकोनी आछैन, नगई पनि भाछैन
जाने काँहो थाछैन ॥
केटी: जाहान बच्चा भनेर, बस्छौ दिन गनेर
बस्छौ जहान गनेर ॥
केटा: बोलौ भने पनि,बोली छैन प्यारो
केलाई खोलौ हेयारो ॥

*(स्रोत:* लक्ष्मी बानियाँ, गुमा महत, देवी महत, फिर्दी*)*

## ५.३ दोहोरी गीत

२०७६ साउन १८ गतेका दिन गीत सङ्कलनको लागि म लालीम हिमबहादुरको घरमा गएकी थिए । *उनै हिमबहादुर गुरुङको घरको कोठामा हिमबहादुर गुरुङ वर्ष ६५, धनमाया भुजेल वर्ष ६२, कमलादेवी पौडेल वर्ष ६३ ईश्वरी पौडेल वर्ष ३८ ले दोहारी गीत गाउनुभएको थियो जुन यसप्रकार छ ।*



तिम्लाई टाढा मलाई नी टाढा
माछी काँडे डाँडैमा घर सार
केटा: तिउन खाने बारीको बोडी
खेल्ने भए आउ खेलौ दोहोरी
तिम्लाई टाढा ..............................................।
केटी: होनी साञ्चै खोलैको फोहोरी
कसो गरी खेल्ने हो दोहोरी
तिम्लाई टाढा .............................................।
केटा: गाउँ गीत रसैले
बोली टीपी लादैन कसैले

तिम्लाई टाढा ...........................................।

केटीः ओराली धाृउनी हो

दाजु बहिनी के गीत गाउनी हो

तिम्लाई टाढा ...........................................।

केटाः होनी साञ्चै तीन तले वार त

गाउँनु गीत के हुने छ र त

तिम्लाई टाढा ...........................................।

केटीः हजुर काँको म काँको काँको

दुई खोलीको पानी झैँ भेट भाको

तिम्लाई टाढा ...........................................।

केटाः बल्ल बल्ल भेट भाको आजै हो

भेट हुने दिन पनि राजै हो

तिम्लाई टाढा ...........................................।

केटीः मायासगँ भेट भाको दिन

रङग रस गरौन एक छिन

तिम्लाई टाढा ...........................................।

केटाः होनी साञ्चै फूल फुल्यो चिन्नेको

लिन्छु जोवन ढल्केर हिड्नेको

तिम्लाई टाढा ...........................................।

केटीः पहिला माया हाँसेर लाउला

पछि ठक्कर खाँदा चाल पाउँला

तिम्लाई टाढा ...........................................।

केटाः कस्तो हुन्छ माया रस थाछैन

माया नलाई म जान भाछैन

तिम्लाई टाढा ...........................................।

केटीः होनी साञ्चै फूल फूल्यो धुपको

न समपत्ति न केटो रूपको

तिम्लाई टाढा ...........................................।

केटाः होनी साञ्चै के गर्छ धनले
माया दिन्छु चाहिएको मनले
तिम्लाई टाढा .............................................।
केटीः फूल फूल्यो पँधेरा पारी
गयो जोवन नक्कलै नपारी
तिम्लाई टाढा .............................................।
केटाः होनी साञ्चै वेल पाक्यो गलगली
म गएनी सम्झेली झलझली
तिम्लाई टाढा .............................................।
केटीः होनी साञ्चै नियाली थुन्सेलाई
पीर पाऱ्यो नी बुहारी मान्छेलाई
तिम्लाई टाढा .............................................।
केटाः होनी साञ्चै पानीलाई तिर्सना
गाइयो गीत सम्झना विर्सना
तिम्लाई टाढा .............................................।

## ५.४ सालैजो गीत

सेतीको तर ढोरैको वर ए हो सालैज्यो
साँचीको देवता छ चारैमा दिशा घुमेर हेर....ए हो
सालैज्यो मन पर्ने एउटा छ।[२]

शिरैको टोपी उडाईलग्यो ए है सालैज्यो गण्डकी हावैले
टाढाको माया नलाउनु रैछ ए है सालैज्यो ज्यान खायो धावैले।[२]

हात्तिको चल्ला डुबन थाल्यो ए है सालैज्यो बेचली तालैमा
जुन फूला लाउँछु उही फूल सुक्छ ए है सालैज्यो नहुने पालैमा

बिहानी पख शङ्ख ध्वनी ए है सालैज्यो पखेरीमा फेरी

कानै बहिरो आँखै अन्धो ए है सालैज्यो वैंश छदा खेरी ।

देउरे पिपल दाइने वर ए है सालैज्यो दायाँ बायाँ
बुढेशकालमा तिर्थब्रत ए है सालैज्यो बैंश छन्जेल माया ।

खोलीको ढुङगो टपक्कै टिपी ए है सालैज्यो चौतारी चिनौला
गएको जोवन फर्की आउने भए ए है सालैज्यो पैसाले किनौला ।[२]

हातैमा बालो कानैमा सुन ए है सालैज्यो भोटेले लाउँदैन
पैसा हाली सबै चिज पाउँछ ए है सालैज्यो यो जोवन पाउँदैन ।[२]

भेटघाट राम्रो ज्वाई चेला ए है सालैज्यो सङ्गी राम्रो सालो
बैंश गयो अब किन चाइयो ए है सालैज्यो यो पिरतीको जालो २

भात मीठो राम साईलीको ए है सालैज्यो तिउन मीठो बोडी
माया मीठो लुकीचोरी ए है सालैज्यो हल मिलेको जोडी ॥

*(स्रोतः राम थापा, वर्ष ७०, लालीम)*

## ५.५ ठाँडो भाका

२०७६ साउन १९ गतेका दिन गीत सङ्कलनको लागि म लालीम हिमबहादुरको घरमा गएकी थिए । उनै हिमबहादुर गुरुङको घरको कोठामा हिमबहादुर गुरुङ वर्ष ६५, धनमाया भुजेल वर्ष ६२, ले ठाँडो भाका गाईदनुभएको थियो जुन यसप्रकार रहेको छ ।

हे घुमीलाई घुमी जाले आकाशै पुग्यो
त्यो चरी बाजै, हे है हेमा चरी बाजै हो
हाइहाइ सुनमायालाई हा हा हेमा चरी बाजै हो
हे हे चरी बाजै हो, हा हा आँधीखोले ताङ्गा जाले
तपाई माय सँग भेट भाको आजै हो हो हाई
भाको आजै हो हे है भेट भाको आजै हो



तिमी काँ को म काँ को काँ को
दुई खोलीको पानी झैँ भेट भाको ॥

हा हे नेपालै जाने जाले यो दे रस्ता बाटो
आँगु माथी साँगु छ, (खोलामाथि पुल) हे हे माथि साँगु छ
हाई हाई सुन मायालाई हा हा हे मा माथी साँगु छ
हे हे माथी साँगु छ, हाहा नलगाउनु फूल जाले माथी
दिल मेरो बस्यो हेरी मलाई साँखो छ ।
टलटल टल्कने सियो
नबोल्नेलाई बोलाउन मन थियो ॥

हा हे विसुटीलाई झुबी जाले कोमाताला मेरो
धरती धसौला हे हे धरती धसौला
हाई हाई सुन मायालाई धरती धसौला हा ह हे धरती धसौला ।
हा हा सङकटै कालमा जाले
तपाई माया सँग कति दिनै बसौला हे हे
दिनै बसौला हाइ हाइ सुन मायालाई हेमा दिनै बसौला ।
सललल बगेको खोला
अब भेट होला की नहोला ॥

हा हे कपालै काट्यो जाले यो दे बन्चरैले
दाउरा चिऱ्यो कैंचीले हे हे हेमा दाउरा चिऱ्यो कैंचीले
हाइ हाइ सुनमायालाई हा हा हेमा दाउरा चिऱ्यो कैंचीले
हे है चिऱ्यो कैंचीले, हा हा चिऱ्यो कैंचीले,
बाच्छैलाई पाऱ्यो जाले यो कुखुराले फूल पाऱ्यो भैंसीले
हे है पाऱ्यो भैंसिले हे हे पाऱ्यो भैंसीले ।
चौरी गाई काँहा चऱ्यो
धौला श्री वनैमा ॥

हा हे आज र भैंसी काँहा चर्‍यो कर्णालीको तीरमा
हे हे कर्णालीको तीरमा हाई हाई सुन मायालाई
हा हा कर्णालीको तीरमा हे हे कर्णालीको तीरमा ।
ह हे पाडो टिप्यो चिलले कुखुरा लड्यो भिरले
हे हाई लड्यो भिडले हे हे कुखुरा लड्यो भिरैले ।
खोला खोला नहिँड्नु होला
भ्यागुतोले छोड्देला बम गोला ॥

## ५.६ कौरा गीत

हा हा मगमग चल्यो वासना, यो नानीको शिरैमा इन्द्रकमल फूल फुल्यो
मगमग चल्यो वासना, हा हा मगमग चल्यो वासना ॥

हा हा त्यो फूल लाउन मलाई धोको छ, यो नानीको शिरको फूल जुठो छ चोखो छ
त्यो फूल लाउन मलाई धोको छ, हा हा त्यो फूल लाउन मलाई धोको छ ॥

हा हा घरकीलाई अन्तै पन्छाउँला, यो नानीलाई लैजाउला रातो भाले मन्साउँला
घरकीलई अन्तै पन्छाउँला, घरकीलाई हा हा घरकीलई अन्तै पन्छाउँला ॥

हा हा मै हो नानी रेलको डाइभर, चोलि दिउला मखमली सारी दिउला फाइबर
मै हो नानी रेलको डाइभर, हा हा मै हो नानी रेलको डाइभर ॥


हा हा नानी त रैछौ हाम्रौ दवाली, काँ हो नानी तिम्रो घर काँ हो तिम्रो मावली
नानी त रैछौ हाम्रौ दवाली, हा हा नानी त रैंछौ हाम्रौ दवाली ॥

हा हा त्यो जोबन लिन मलाई धोको छ, यो नानीको लर्के जोवन जुठो छ की चोखो छ
त्यो जोबन लिन मलाई धोको छ, हा हा त्यो जोबन लिन मलाई धोको छ ॥

हा हा  नानीको जोवन देउ न बन्दकी, घर त पर्यो तनहुँ जिल्ला अञ्चल पर्यो गण्डकी
नानीको जोवन देउ न बन्दकी, हा हा नानीको जोवन देउ न बन्दकी ॥

*(स्रोत:हिमबहादुर गुरुङ, वर्ष ६५, धनमाया भुजेल कमलादेवी पौडेल, ईश्वरी पौडेल लालीम)*

## ५.७ सुनिमयाँ गीत



हा....हा....हा.... सुनिमया हा....हा.. गण्डकीको यो निर तिर
ठूलो रुख खयर हा सुनिमया हा ठूलो रुख हा खयर
हा सुनिमया मादलुको तनि जसो भने पनि हा हा
सोहि कुरा तयार हा सुनिमया हा सोही कुरा तयार ॥

हा सुनिमया हा हातैमा लिउंला कलमै मसी लेखौला भनेर
हा सुनिमया हा लेखौला भनेर
हा सुनिमया हा चारैमा दिसा नजर लाए हा....
सुनिमया हा देखौला भनेर हा सुनिमया हा देखौला भनेर ॥

हा सुनिमया हा आजलाई मैले अचम्मै देख्यो
हा सुनिमयाँ रूखमाथि रूखै छ ।
हा सुनिमया हा जतामा जान्छु दुखीको छोरा
हा सुनिमयाँ दुःखमाथि दुःखै छ ॥

हा सुनिमया निधारमै लाउने सिम्रिक टिको
हा सुनिमया हा आँखैमा लाउनी गाजालु कोस
हा सुनिमया हा राम लक्ष्मणले भनेको मान्न हुन्न
भने हा हा सुनिमया हा रावणकै होस ॥

हा सुनिमया हा आज र मैले घाँसै र काट्यो
हा सुनिमया हा पातलो आँसीले हा सुनिमया पातलो आँसीले
हा सुनिमया हा दिनै र भरी म रुदै हिँड्छु हा सुनिमया

हा मायाको फाँसीले हा सुनिमया मायाको फाँसीले ॥

हा सुनिमयाँ हा घोकीमा साइला घोकीमा माहिला
हा सुनिमया हा म देशैको घोकी हा सुनिमया म देशैको घोकी
हा सुनिमया हा त्यो नाच्ने केटालेलाएको टोपी हा सुनिमया मैले देको हो की ॥

हा सुनिमया हा घुमाइ र घुमाइ बुनेको मैले
हा सुनिमया चारपाटे चकटी हा सुनिमया चारपाटे चकटी
हा सुनिमया हा हा ले मेरो बालो ला तेरो खालो गालपारा नटकी
हा सुनिमयाँ हा गालपारा नकटी ॥

*(स्रोत: टोपबहादुर महत, वर्ष ८६, फिर्दी)*

## ५.८ सिलोक

गीत सङ्कलनको लागि २०७६ साउन ९ गते लालीम, डाङ्केपानी कमलादेवी वर्ष ६३ को घरमा गएकी थिएँ । सोही दिन कमलादेवीले बरण्डामा बसेर सिलोक गाउनुभएको थियो जुन यसप्रकार रहेको छ ।



**(क)** यो घर कसको को छ कुन्नी रहेको
हाम्रो घर परदेश जन हो बास दिन पर्ने भो ।
सासु ज्यू पनि माइती गइजान भयो सुसारे समेत लग्यो
म मात्रै छु अति जोवनकी जानुस पल्लै घर ।
ससुरा पनि वृद्ध अवस्था भयो, के नजान्ने भयो
जेठाजु सित पनि एक घरको दुई घर हुन गयो ।
देवर पनि सधैको गोठमा कहिल्यै नआउने घर
स्वामी जी पनि सधैको विदेश कहिल्यै नआउने घर ।
जेठाजु सित पनि एक घरको दुई घर हुन  भयादुर हुन गयो ।
नुन तिउन भुटुन म ठिक्क पारुला जानुस पल्लै घर ।
डाडाँ काँडा पानी पर्यो छिर्का पर्यो टोपीमा
औंसा र फैसा नयन प्रिय भारी लैजाउ खोपीमा ।

फाट्यो गुनीयो फाट्यो धन छैन केले किन्नु
पाँच वर्षकी विहे गरी जानुभयो स्वामी भनि क्या चिनु ।
कुन तेरो बाउले डली पार्यो कुनले आङ खोल्यो
कुन तेरो बाउले रस लियो कुन सित सङ थियो ।
हरियालीले डलीमली पार्यो चोलीले आङ खोल्यो
सुपारीले मुख रस लियो खाटसित सङ् थियो ।

गीत सङ्कलनको लागि २०७६ साउन ९ गते लालीम, डाङ्केपानी गएकी थिएँ । सोही दिन लालीम ठाकुरप्रसाद वाग्ले, वर्ष ६८ ले आफ्नै बरण्डामा बसेर सिलोक गाइदिनुभएको थियो जुन यसप्रकार रहेको छ ।



**(ख)** पढ शास्त्र पाटीमा लेख्नु
नपढनी मानिसको मुखै नदेख्नु ।
पढन भनेको बडो मुस्किल हुन्छ
पढन सके त भन ताके पुग्छ ।
पढ पढ वर्मा पन्डित हौला
बुझिदेउ भनले बालक छैनौ ।
छ महिना वर्ष दिन घर छाडि हिनौ
बिना उपलब्धी दिन बितायौ ।
हुन्छन् पन्डित घुडाँ घसी घसी
हुन्छिन पन्डितीनी घरै बसी बसी ।

गीत सङ्कलनको लागि फिर्दी निवासी टोपबहादुर महतको घरमा गएकी थिएँ । सोही दिन उनै महतले घरको कौशीमा बसेर सिलोक गाइदिनुभएको थियो जुन यसप्रकार छ :



**(ग)** जो आउछ साँझका घरी,
उसकाना मान्न पर्दछ श्री हरी ।
बिहान देखि गईकन सकल वन चाहरी,
अझपनि आइनछन् किन ति पियारी ।
कसैको ताहाँ पाप्यो कि क्याहो
वनमै छन कि ठेगान नभएर ताँग ।

यो चाल गर्नु भनि केही नपर्ने
मनको हिसाब बुझि हरदम काम गर्ने ।
केही पनि थिएन बिचरा र खुन
अब म कसो गरी बिर्सू पियारीको त्यो गुन ।

गीत सङ्कलनको लागि २०७६ साउन ९ गते लालीम, डाङ्गेपानी कमलादेवी वर्ष ६३ को घरमा गएकी थिएँ । सोही दिन कमलादेवीले बरण्डामा बसेर सिलोक गाउनुभएको थियो जुन यसप्रकार रहेको छ ।

**(घ)** बटुकीको के हो नी आमा रियालेको बेसार
रुँदै घर रूदै माइत म बाँचेको के सार ।
बटुकीको तातो दूध फुकी  फुकी खा भन्छेयौ
छोरीको दुःख देख्दिनौ आमा रुँदै रुँदै जा भन्छेयौ ।
आज र मैले दाउरा र खोजे मड्केला र मडकेली
घर त जा भन्छौ नी बाबा झड्केली ।
सरमा सर कसेर लाए बाबीयौको कुचाले
हुनि र खानि भन्थैनी बाबा पाल्दैन की छुचाले ।
उभो र देशे गुभुने दाईले पानी बोक्यो टीनैमा
साह्रै न दुःख पर्यो नी बाबा खेली खानी दिनैमा ।
बाबाज्युको दैला र मुनी फर्सी फल्यो झाताझै
हामीमा उठी जान्छौ नी आमा तिमी बसे माता यही ।

## ५.९ बाल गीत

**(क)** तारा बाजी लै लै मामा आए घोडा
माइजु आइन डोली, पापा ल्याइन सोली, खान दिन्छीन भोली
बुबु माम सुपक्क, काफल गेडी कुटुक्क
बिरालो भन्छ म्याउ म्याउ, अगुल्टो भन्छ उछिट्याउ ॥

*(स्रोतः प्रकाश शर्मा, वर्ष ३५, गणपते)*

**(ख)** इन्टु पिन्टु लालपिन्टु
हाम्रो बाबा पल्टनमा

सेतो झन्डा गाडेको

स्कुलको पाले दाइ

पहिलो घण्टी बजाइदेउ

टिनि. नि. नि. ट्याप्प ॥

*(स्रोतः आयुष्मान शर्मा, वर्ष ६, गणपते)*

**(ग)** कुखुरी काँ

बासी भात खाँ ।

खोइ बासी भात ? बिरालोले खायो ।

खोइ बिरालो ? मुसा मार्न गयो ।

खोइ मुसा ? दुलाभित्र पस्यो ।

खोइ दुलो ? गाईले कुच्यो ।

खोइ गाई ? खोलाले बगायो ।

खोइ खोला सुक्यो ।

*(स्रोतः प्रकाश शर्मा, वर्ष ३५, गणपते)*

**(ग)** ची मुसी ची, मुसीले खायो धान काट मुसीको कान ॥

*(स्रोतः राधा भट्टराई, वर्ष ५६, उत्तमटोल)*

**(घ)** घामपानी-घामपानी स्यालको बिहे,कुकर जन्ती बिरालो बाहुन

बिरालोले छोएको कसैले नखाऊन् ॥

*(स्रोतः राधा भट्टराई, वर्ष ४०, उत्तमटोल)*

**(ङ)** दसैं आयो खाउँला पिउँला कहाँबाट ल्याउला ?

चोरी ल्याउला धत् पापी त चोर म त छुट्टै बसौला ॥

**(च)** गुजी गुजी आयो, हाउगुजी आयो ,नानीको माम बिरालोले खायो ॥

*(स्रोतः दीपा अर्याल, वर्ष ३४)*

# सन्दर्भ कृति सूची


अधिकारी, प्रमिला (२०६८), **'तनहुँ जिल्लाको बन्दीपुर क्षेत्रका लोकगीतका अध्ययन',** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, काठमाडौं ।

अधिकारी, रविलाल (२०६५), **नेपाली लोकसाहित्यको झलक,** पोखरा : साहित्य शृङ्खला ।

अधिकारी, विश्वप्रेम (२०५७), **आँधीखोले लोकसंस्कृति र लोकगीत**, स्याङ्जा : विजयकुमार अधिकारी ।

अधिकारी, विश्वप्रेम (२०५८), **पश्चिमाञ्चलका लोकगीत र परम्परा,** स्याङ्जा : विजयकुमार अधिकारी ।

आचार्य, गोविन्द (२०६२), **लोकगीतको विश्लेषण,** काठमाडौं : पैरवी प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५९), **साहित्य प्रकाश,** काठमाडौँ : साझा प्रकाशन ।

खनाल, हरिप्रसाद (२०६०), **'थप्रेक दुलेगौडा क्षेत्रमा प्रचलित लोकभजनको सङ्कलन, वर्गीकरण र विश्लेषण',** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन ।

गौतम, शोभाकान्त (२०७४), पृष्ट ५६ 'सिलोक : गणितीय अभिव्यक्तिका प्रभावकारकी माध्यम', **पृथ्वीवाङ्मय,** वर्ष १७ अङ्क १०, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

तामाङ, वेदबहादुर (२०७२), **लोरचन 'तनहुँ जिल्लाको रानीपोखरी क्षेत्रका मगर जातीमा प्रचलित सोरठी एक अध्ययन',** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

थापा, धर्मराज (२०३०), **गण्डकीका सुसेली,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं : त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५४), **मुनामदन,** काठमाडौं : साझा प्रकाशन ।

धमला, राधिका (२०७१), **दुलेगौंडा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

न्यौपाने, कुसुमाकर (२०७०), **नेपाली लोकगीत,** पोखरा : फिस्टेल पब्लिकेसन प्रा.लि. ।

न्यौपाने, कुसुमाकर (२०७०), **'कौरा गीत : परिचय र विश्लेषण'**, पृथ्वीवाङ्मय, वर्ष १३ अङ्क ८, पृष्ट १९, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

पराजुली, कृष्णप्रसाद (२०५४), **नेपाली लोकगीतको आलोक,** वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, मोतीलाल र जीवेन्द्रदेव गिरी (२०६८), **नेपाली लोकसाहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन ।

पौडेल, माधव प्रसाद (२०६७), **साहित्य शास्त्र, नेपाली समालोचना र शोधविधि,** काठमाडौं : विधार्थी पुस्तक भण्डार ।

पौडेल, लक्ष्मी (२०६१), **'तनहुँका महिला लोकगीतहरूको संकलन, वर्गीकरण र विश्लेषण'** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौं : एकता बुक्स ।

भट्टराई, अम्बिकाप्रसाद (२०५२), **तनहुँ ढोरका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, काठमाडौं : कीर्तिपुर ।

भण्डारी पारसमणि, पौडेल माधवप्रसाद (२०६५), **साहित्शास्त्र र नेपाली समालोचना,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

रानाभाट, दानबहादुर (२०७१), **तनहुँ जिल्ला भिरकोट गा.वि.स.मा प्रचलित मारुनी लोकगीतको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

लम्साल कृष्णप्रसाद (२०५२), **'तनहुँ जिल्लामा प्रचलित घाटु लोकनाटक'**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

शर्मा, मोहनराज, लुइटेल खगेन्द्रप्रसाद (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज, खगेन्द्रप्रसाद लुइटेल (२०६७), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, वसन्तकुमार 'नेपाल' (२०७०), **नेपाली शब्दसागर,** काठमाडौं : साझा प्रकाशन ।